# भवानी भिक्षुका कथामा सङ्केन्द्रण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय,
नेपाली केन्द्रीय विभागअन्तर्गत, नेपाली विषयको दर्शनाचार्य
तहको उपाधिका निम्ति तेस्रो सत्र पाठ्यांश
६०९ र ६१० को प्रयोजनका
लागि प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी
विजय पण्डित
दर्शनाचार्य तह
नेपाली केन्द्रीय विभाग,
त्रि.वि., कीर्तिपुर, काठमाडौँ
२०८१

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, दर्शनाचार्य तहका छात्र विजय पण्डितले *भवानीभिक्षुका कथामा सङ्केन्द्रण*शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले परिश्रमपूर्वक तयार पार्नुभएकोप्रस्तुत शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................

प्रा.डा.देवीप्रसाद गौतम

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर ।

मिति : २०८१/१२/१०

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**दर्शनाचार्य तह**

कीर्तिपुर, काठमाडौँ

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रनवौँ र दसौँ पत्रको प्रयोजनका लागि विजय पण्डितले प्रस्तुत गरेको *भवानी भिक्षुका कथामा सङ्केन्द्रण*शीर्षकको शोधप्रबन्ध स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

१. **प्रा.डा. कृष्णप्रसाद न्यौपाने** ....................................

(विभागीय प्रमुख)

२. **प्रा.डा. देवीप्रसाद गौतम** ....................................

(शोधनिर्देशक)

३. **सहप्रा.डा. गोविन्द्रप्रसाद शर्मा** ....................................

(आन्तरिक परीक्षक)

४. **प्रा.डा. षडानन्द पौड्याल** ....................................

(बाह्य परीक्षक)

मिति : २०८१/१२/२७

# कृतज्ञताज्ञापन


नेपाली विषय दर्शनाचार्य (एम.फिल.) तह तेस्रो सत्रको अध्ययन परिपूर्ति गर्नेप्रयोजनका लागि तयार गरिएको प्रस्तुत *भवानी भिक्षुका कथामा सङ्केन्द्रण*शीर्षकको शोधप्रबन्ध मैले श्रद्धेय गुरु प्रा.डा. *देवीप्रसाद गौतम*ज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँको प्राज्ञिक निर्देशन, अमूल्य परामर्श एवं सुझाउबाट नै मैले यस शोधकार्यलाई सम्पन्न गर्न सकेको हुँ । शोधप्रस्ताव लेखन, परिमार्जन तथा शोधप्रबन्धलाई अन्तिम स्वरूप प्रदान गर्ने कार्यसम्म उहाँले दिनुभएको प्राज्ञिक निर्देशन मेरा लागि चिरस्मरणीय तथा मूल्यवान्साबित भएको छ । तसर्थ प्रथमतः म शोधनिर्देशक श्रद्धेय गुरु प्रा.डा. *देवीप्रसाद गौतम*प्रति हार्दिकतापूर्वक कृतज्ञताज्ञापन गर्दछु । त्यस्तैशोधप्रबन्ध तयार गर्ने क्रममा महŒवपूर्ण मार्गदर्शन तथा सुझाउ दिनुहुने सङ्केन्द्रणका अध्येता आदरणीय गुरुहरू सहप्रा. डा. *गोविन्दप्रसाद शर्मा* र प्रा. डा. *षडान्द पौड्याल*प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तहमा संलग्न सम्पूर्ण गुरुवर्गप्रति महŒवपूर्ण सुझाउ र सल्लाहका लागि हार्दिक आभार व्यक्त गर्दछु ।अध्ययनका निम्तिविशेष सहयोग गर्ने नेपाली केन्द्रीय विभागका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन्छु ।

मेरो अध्ययनमा निरन्तर प्रोत्साहन र प्रेरणा प्रदान गर्नुहुने पूजनीय बाबाआमाका साथै निरन्तर सहयोग गर्ने श्रीमती लोचना अधिकारीलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।अन्तमा यसशोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तहको शोधप्रबन्ध मूल्याङ्कन समितिसमक्ष पेस गर्दछु ।

.................

विजय पण्डित

शैक्षिक सत्र : २०७४/७५ — दर्शनाचार्य तह,

मितिः २०८१/१२/१० — नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

# विषयसूची


पहिलो परिच्छेद : शोधपरिचय १–२१

१.१. विषयपरिचय १

१.२. समस्याकथन ७

१.३. शोधकार्यको उद्देश्य ८

१.४. पूर्वकार्यको समीक्षा ८

१.५. शोधको औचित्य र महŒव १८

१.६. शोधको सीमाङ्कन १८

१.७. शोधविधि १९

१.७.१. सामग्रीसङ्कलनविधि १९

१ं ७.२. सामग्री विश्लेषणविधि १९

१.८ शोधप्रबन्धको रूपरेखा २१

दोस्रो परिच्छेद : भवानी भिक्षुका कथामा सङ्केन्द्रणको पक्ष र आधार २२–५५

२.१. विषयपरिचय २२

२.२. भिक्षुका कथामा सङ्केन्द्रणको पक्ष २२

२.२.१. मनोवैज्ञानिक पक्ष २३

२.२.२.वैचारिक पक्ष २९

२.२.३.अन्तर्दृष्टिमूलक पक्ष ३४

२.३. भिक्षुका कथामा सङ्केन्द्रणको आधार ३९

२.३.१. विषयप्रस्तुतिको आधार ३९

२.३.२. पात्रको भूमिका/सक्रियताको आधार ४३

२.३.३. पात्रको वैचारिकताको आधार ४६

२.३.४. संज्ञानको आधार ४९

२.४. निष्कर्ष ५४

| | | |
|---|---|---|
| तेस्रो परिच्छेद : भवानी भिक्षुका कथामा सङ्केन्द्रणको तह र प्रकार | | ५६–७९ |
| ३.१. | विषयपरिचय | ५६ |
| ३.२. | सङ्केन्द्रणको तह | ५६ |
| ३.२.१. | बाह्य तह | ५७ |
| ३.२.२. | आन्तरिक तह | ६१ |
| ३.३. | सङ्केन्द्रणको प्रकार | ६४ |
| ३.३.१. | आन्तरिक सङ्केन्द्रण | ६४ |
| ३.३.२. | बाह्य सङ्केन्द्रण | ७१ |
| ३.३.३. | शून्य सङ्केन्द्रण | ७६ |
| ३.४. | निष्कर्ष | ७८ |
| चौथो परिच्छेद : भवानी भिक्षुका कथामा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध | | ८०–८८ |
| ४.१. | विषयपरिचय | ८० |
| ४.२. | सङ्केन्द्रकर सङ्केन्द्रित | ८० |
| ४.३. | आन्तरिक सङ्केन्द्रक | ८२ |
| ४.४. | बाह्य सङ्केन्द्रक | ८५ |
| ४.५ | निष्कर्ष | ८८ |
| पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष | | ८९–९३ |
| ५.१. | विषयपरिचय | ८९ |
| ५.२. | परिच्छेदगत सारांश | ८९ |
| ५.३. | मुख्य निष्कर्ष | ९० |
| | सन्दर्भग्रन्थसूची | ९४ |

## सङ्केत सूची

अ. प्र. =अप्रकाशित ।

अभिकर्ता = नेतृत्वकर्ता

आभिजात्य = कुलीनता, श्रेष्ठता ।

त्रि. वि. =  त्रिभुवन विश्वविद्यालय ।

फेबुल्ला = कथात्मक संरचना (फ्रेम) ।

फोकलाइजर = सङ्केन्द्रक ।

फोकलाइजेसन = सङ्केन्द्रण ।

र.का = रचनाकाल ।

विश्वधारणा = सर्वमान्य विचार, सर्वस्वीकृत धारणा ।

सङ्केन्द्रण = केन्द्रीकृत ।

सङ्केन्द्रक = एकत्रीकृत, केन्द्रित ।

सङ्केन्द्रीकृत = एकत्रीकृत विषय ।

सङ्केन्द्रीकरण = केन्द्रीकृत ।

सङ्केन्द्रित = केन्द्रित, परिचित ।

समाख्यान = सुस्पष्ट व्याख्यान ।

समाख्याता = व्याख्याता ।

सर्वहारा वर्ग = विपन्न वर्ग ।

सैन्य = सैनिक सम्बद्ध ।

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१. विषयपरिचय

भवानी भिक्षु (१९६६–२०३८) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यमा मूलतः विश्वेश्वरप्रसाद कोइरालाद्वारा प्रारम्भ गरेको मनोवैज्ञानिक धारालाई उचाइमा पुऱ्याउने कार्य गरेका छन् । भिक्षुले शारदाकालीन वातावरणबाट प्रेरित र प्रभावित भईनेपाली साहित्यमाछुट्टै पहिचान बनाएका छन् । उनका *गुनकेसरी*(२०१७), *मैयाँसाहेब*(२०१७), *आवर्त*(२०२४), *अवान्तर*(२०३४) गरी चार ओटा कथासङ्ग्रहहरू प्रकाशित छन् ।

भिक्षुका कथामा पात्रको मनोविश्लेषणात्मक पक्ष सबल रहेको देखिन्छ । मनोविज्ञानका विविध पक्षमध्ये शिष्ट यौनमनोविज्ञानलाई उनले कथाको मुख्य विषय बनाएको पाइन्छ । यसर्थ भिक्षु नेपाली साहित्यमा सफल मनोवैज्ञानिक कथाकारका रूपमा स्थापित छन् । यसबाहेक उनले राणाकालीन नेपाली समाजका निम्न वर्गीय जनताको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई पनि विषयवस्तु बनाई कथा सिर्जना गरेका छन् ।

*मैयाँसाहेब* कथासङ्ग्रहमा समावेश भएका 'मैयाँसाहेब, टाइपिष्ट, अब म त्यस पसलमा सिगरेट किन्दिनँ, स्वतन्त्रताको सिंहासन, हारजीत, गंगा, सैनिक, वन्दना, एउटा समस्या, माधुरी नानी, माऊजङ बाबुसाहेबको कोट'कथाहरू सामाजिक विषयवस्तुमा आधारित छन् । यहाँ समावेश भएको 'अब म त्यस पसलमा सिगरेट किन्दिन र एउटा समस्या'कथाका प्रमुख पात्र प्रथम पुरुष छन् भने बाँकी सबै कथाका पात्रहरू तृतीय पुरुष रहेकाछन् । यो सङ्ग्रहका छ ओटा कथाका प्रमुख पात्रहरू नारी  छन् भने बाँकी पाँचओटा कथाका प्रमुख पात्रहरू पुरुष रहेका छन् । यी कथाका पात्रहरूको कार्यव्यवहार, मनोवैज्ञानिक चिन्तन, सक्रियता, विषयप्रस्तुतिजस्ता पक्षहरूसङ्केन्द्रण भएका छन् ।

*गुनकेशरी* कथासङ्ग्रहमा समावेश भएका 'गुनकेसरी, प्रेमको एउटा कथा, अनि...?, त्यही सात दिन, रमा, व्यर्थता, स्वामी, तपस्या, मानव, रक्सीबाज, शैतानको शैतानी, उधारो सम्मान, साहूको सम्पति, मालिकको छोरो, त्यो फेरि फर्कला ?'कथाहरू सामाजिक विषयवस्तुमा आधारित छन् । यो सङ्ग्रहमा रहेको'प्रेमको एउटा कथा' कथाको प्रमुख पात्र प्रथम पुरुष छ भने बाँकी सबै

कथाका पात्रहरू तृतीय पुरुष रहेका छन् । यहाँ समावेश भएका छ ओटा कथामा नारी पात्र प्रमुखछन् भने बाँकीनौ ओटा कथामा पुरुष पात्र प्रमुख रहेको देखिन्छ । यी कथाभित्र पात्रका कार्यव्यवहार मनोवैज्ञानिक चिन्तन र सक्रियता जस्ता पक्षहरू सङ्केन्द्रण भएका छन् ।

*अवान्तर*कथासङ्ग्रहमा समावेश भएका 'एउटा छर्लंग प्रेम-कथा, एक पैसा, भ्रष्ट यज्ञ, ईश्वर, खुदा, गाँडका कान, पाइप, ज्ञात भएजति, भालूका बच्चा : मानिसका बच्चा र नयाँ इतिहासको प्रारम्भ' कथाहरू सामाजिक विषयवस्तुमा आधारित छन् । यस सङ्ग्रहको 'म, ज्ञात भएजति, भालुका बच्चा : मानिसका बच्चा'कथाका प्रमुख पात्रहरू प्रथम पुरुष छन् भने बाँकी सबै कथाका पात्रहरू तृतीय पुरुष रहेका छन् । यस सङ्ग्रहकोतीन ओटा कथामा नारी पात्रको प्रधानता छ भने बाँकी अन्य कथामा पुरुष पात्रको प्रधानता रहेको देखिन्छ । यहाँ समावेश गरिएका कथाका पात्रहरूको कार्यव्यवहार मनोवैज्ञानिक चिन्तन, सक्रियता, वैचारिक प्रस्तुति  जस्ता पक्षहरूकथामा सङ्केन्द्रित भएको छ ।

*आवर्त* कथासङ्ग्रहमा समावेश भएका 'साबित्रीको बाख्रो, बन्दोबस्त, मेरो सानू साथी, मीना, दुई अनुभूत सत्य, मिस्त्री, बाबू-साहेबचा, हीरा भाइ (स्केच), कूवा, रानी साहेब' कथाहरू सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । यहाँ समावेश भएको'सावित्रीको बाख्रो, बन्दोबस्त, मीना र रानी साहेब' कथाकाप्रमुख पात्र प्रथम पुरुष छन् भने बाँकी सबै कथाका पात्रहरू तृतीय पुरुष रहेका छन् । यो सङ्ग्रहभित्रका छ ओटा कथामा नारीको प्रधानता रहेकोदेखिन्छभने बाँकी चार ओटा कथामा पुरुष पात्रको प्रधानता रहेको देखिन्छ ।यी कथाका पात्रहरूको कार्यव्यवहार, मनोवैज्ञानिक चिन्तन, संवाद, कथात्मक सन्देश,विषयप्रस्तुतिप्रात्रको सक्रियता जस्ता पक्षहरूसङ्केन्द्रण भएको देखिन्छ ।

भिक्षुकाचार ओटा कथासङ्ग्रहमा समाहित भएकाचौवालिस ओटा कथामध्ये एक्काइस ओटा कथामा नारी पात्रको प्रधानतादेखिन्छ भने तेइस ओटा कथामा पुरुष पात्रको प्रधानता रहेको देखिन्छ । यस्तै दस ओटा कथामा प्रथम रचौंसित ओटा कथामा तृतीय पुरुष पात्रको उपस्थिति रहेको देखिन्छ । उनका सबै कथाका पात्रहरूको कार्यव्यवहार, सक्रियता, वैचारिक प्रस्तुति र पात्रलेप्रवाह गरेको सन्देशआदिविषयहरूसङ्केन्द्रण भएर आएको देखिन्छ ।

प्रस्तुत शोधकार्यमा भिक्षुका कथाभित्र आएकापात्रहरूको कार्यव्यवहार, सक्रियता, विषयप्रस्तुति, मनोवैज्ञानिक चिन्तन, विचारको प्रस्तुतिलाई सङ्केन्द्रण सम्बन्धी स्थापित सैद्धान्तिक मान्यताका आधारमाविश्लेषण गरिएको छ ।

सङ्केन्द्रण समाख्यानशास्त्रभित्र स्थापित सैद्धान्तिक मान्यता हो । आख्यानको वस्तुगत अध्ययन/विश्लेषणमा सङ्केन्द्रणसम्बन्धी मान्यतालाई आधार बनाइएको पाइन्छ । आख्यानमा समाख्याताको प्रमुख भूमिका रहेको हुन्छ भने आख्यानात्मक घटनाक्रमलाई अघिबढाउने काम पात्रका मार्फतबाट भएको हुन्छ । सङ्केन्द्रकको उपस्थिति आख्यानात्मक तथा गैर-आख्यानात्मक( नाटक, निबन्ध, आख्यानात्मक काव्य, अखबारका समाचार)पाठभित्र निश्चित दर्शन तथा दृष्टिकोणका आधारमा भएको हुन्छ । कुनै पनि आख्यानभित्र घटनालाई हेर्ने वास्तविक, ऐतिहासिक, काल्पनिक र तथ्यपरक दृष्टिकोण रहेको हुन्छ । आख्यानमा यिनै विषयक्षेत्रलाई आधार बनाएर कथाभित्रको उपकथा वा कथाकथन व्यक्तिपरक शैलीमा निर्माण भएको हुन्छ । यसरी कथामा आएको विषयवस्तुलाईसैद्धान्तिक पद्धतिबाट वस्तुनिष्ठ तरिकाले विश्लेषण गरिन्छ ।

कथाको समग्र संरचनाभित्र पात्रले गर्ने संज्ञानको स्तर र यसले पार्ने असरलाई आधार बनाएर आख्यानात्मक पाठमा सङ्केन्द्रणको अध्ययन गरिन्छ । यसमा समाख्याताले पात्रको सहायताबाट प्रस्तुत गरेको आख्यानात्मक घटनाक्रमलाई अघिबढाइएको हुन्छ । ‘सङ्केन्द्रणको अध्ययनमा कथानकप्रतिको धारणाले कथामाकारकतŒवको कार्य गर्छ । यसले कथावस्तुको सम्बन्धमा व्यक्तिको स्थिति, प्रकाशको दुरी, अघिल्लो ज्ञान र वस्तुप्रतिको मनोवैज्ञानिक दृष्टिकोण आदिलाई आधार बनाएको हुन्छ । यसलाई फ्याबुल्ला वा कथावस्तुको फ्रेम पनि भनिन्छ(बल, १९८५, पृ. १३२) ।’ आख्यानभित्र आएका हरेक पात्रले संज्ञान गर्ने क्षमता र विषयवस्तुको प्रस्तुतिका आधारमा रहेर सङ्केन्द्रणको अध्ययन गरिन्छ । ‘सङ्केन्द्रण सम्बन्धीसिद्धान्तलाई प्रस्तुत गर्ने क्रममा मिकि बलले मुसा बिरालो र बुद्धिमान् मानिसको उदाहरण दिदै बुद्धिमान् मानिसले गरेको कार्यलाई बिरालाले अनुसरण गरेको र मुसाले बिरालाले गरेको कार्यप्रति हाँसेर अनुरागपूर्वक अनुसरण गरेको घटनालाई प्रस्तुत गरेकी छिन् (बल, १९८५, पृ. १३४)।’ विषयवस्तुको संज्ञान आख्यानात्मक पात्रको उपस्थिति तथा कार्यशैलीका आधारमा आख्यानात्मक पाठमा सङ्केन्द्रणको अध्ययन गरिन्छ । ‘सङ्केन्द्रणले आख्यानको विशुद्ध दृश्यलाई संज्ञानात्मक, भावात्मक र वैचारिक अभिमुखीकरणमा समावेश गरेर अध्ययन गर्दछ (केनोन, १९७१, पृ. ७१) ।’ आख्यानात्मक घटनामा समाख्याताले पात्रका मार्फतबाट प्रस्तुत गरेको विचारलाई सङ्केन्द्रणभित्र  अध्ययन गरिन्छ ।

एकभन्दा धेरै पात्रहरूको सहभागिता र भूमिकाका आधारमा आख्यानभित्र सङ्केन्द्रणको अध्ययन गर्न सकिन्छ । ‘कथामा पात्र वा पात्रसमूहको ज्ञानका आधारमा एक वा अर्को सहभागीको दृष्टिकोण र बुझाइलाई केन्द्रमा राखी आख्यानात्मक विषयप्रतिको दृष्टिकोण, निश्चित घटना, हेराइ

र उद्देश्य आदि विषयहरू सङ्केन्द्रकका रूपमा आएको हुन्छ (जेनेट, १९८३, पृ.१६१) ।' कुन उद्देश्य र भूमिका निर्वहन गर्नका निम्ति आख्यानमा पात्रको उपस्थिति भएको हुन्छ भन्ने कुरालाई सङ्केन्द्रणमा विशेष ख्याल गरिन्छ । 'सङ्केन्द्रण सम्बन्धी पूर्वस्थापित मान्यता तथा सन्दर्भका आधारमायसलाई दृष्टि र दर्शनका बिचको सह सम्बन्धका रूपमा स्थापित गर्न सकिन्छ (बल, १९८५ पृ. १३३)।' अर्थात् कुनै विषयप्रतिको जिज्ञासापूर्ण हेराइ तथा अर्थपूर्ण चिन्तन नै सङ्केन्द्रण हो भन्ने मान्यतालाई बलले प्रस्तुत गरेकोदेखिन्छ । 'सङ्केन्द्रणमा चेतनाको केन्द्रीकरण र वर्णन गरिने विषय फरकहो । आख्यानमा सङ्केन्द्रण चेतनाको केन्द्र वा रिफ्लेक्टर बनेर प्रथम र तेस्रो व्यक्तिको सङ्केन्द्रक भईआएको हुन्छ। आख्यानभित्र आएको चेतनाको केन्द्रमा प्रथम व्यक्ति पूर्वव्यापी हुन्छ भने तेस्रो व्यक्ति केन्द्रीकृत बनेर आएको हुन्छ । यी दुबै पक्षको सञ्चालक आख्यानकार नै हुन्छ(केनोन, १९७१, पृ. ७३ ) ।' आख्यानमा चेतनाको केन्द्र भन्नाले आख्यानात्मक सन्देशको केन्द्रीय विषय हो । यसले नै आख्यानलाई मार्ग निर्देश गरेको हुन्छ ।

आख्यानभित्र पात्रको उद्देश्य, कार्यक्षमता, विषयप्रस्तुति आदिलाई सङ्केन्द्रणमा विशेष महŒव दिइएको हुन्छ । प्रकाशको बाटो *Im.Biesheuvel Faust* उपन्यासमा उपन्यासकारले स्वर्गको वर्णन गर्ने क्रममा त्यहाँका सम्पूर्ण महिला दूतहरूको लामबद्ध बसाइ, चम्किला पहिरन, लामो घुमाउरो कपाल, गोरो अनुहार, नीला आँखाहरू आदिको वर्णन गरेका छन् । यसमा एउटी सानी परीलाई महिलाका रूपमा चित्रण गरिएको छ । बालक परीको चम्किलो आँखा, प्रफुल्लित अनुहार, इच्छाले भरिएको खुशी आदिलाई मुख्य विषय बनाइएकाले उपन्यासभित्रको यो कलात्मक प्रस्तुतिलाई सङ्केन्द्रणका रूपमा चित्रण गर्न सकिन्छ (बल, १९८५, पृ. १३६) ।' यो उपन्यासको समग्र कथावस्तुलाई बालपरीको कार्यव्यवहारले निर्देशित गरेकाले प्रमुखपात्र बालपरीको भूमिका,कार्यव्यवहार, विषयप्रस्तुति आदि आख्यानात्मक घटनाहरू उपन्यासभित्र सङ्केन्द्रित भएर आएको देखिन्छ ।

सङ्केन्द्रणमा विभिन्न स्तर र तहहरू स्थापित भएको हुन्छ । यसलाई सङ्केन्द्रणको आधार रतहका फरक फरक मान्यताभित्र रहेर अध्ययन गरिएको पाइन्छ । सङ्केन्द्रणको स्तर/तह निर्धारण गर्दा आख्यानात्मक घटनाका केही आधारमा समानता र केही आधारमा भिन्नता पनि पाइन्छन् । सबै कथाकारका कथामा सामान्यतः बाह्य सङ्केन्द्रक र फेबुल्लामा समानता देखापरेको पाइन्छ । यस्तै सबै कथाकारका कथाभित्र पात्रले केन्द्रित गर्ने विषय र कार्यव्यवहारका आधारमा कथाको केन्द्रीय विषयवस्तुमा भिन्नता पाइन्छ ।

सङ्केन्द्रणभित्र दृष्टिविन्दुमा आधारित समाख्यानको वर्गीकरणलाई अस्वीकार गरिन्छ । यसले समाख्यानको पूर्णरूपमा व्याख्या गर्न र सबै पक्षलाई समेट्न सक्दैन भन्ने मत पनि पाइन्छ । 'कुनै पनि घटनाको वक्ता र द्रष्टा फरक फरक हुन्छन् । यसर्थ दृष्टिविन्दुको सट्टा समाख्यानमा सङ्केन्द्रणको प्रयोग गरिन्छ (जेनेट, १९८३, पृ.१६६) ।' आख्यानात्मक घटनालाई प्रस्तुत गर्ने, सुन्ने, भन्ने र संज्ञान गर्ने पात्रका आधारमा आख्यानमा सङ्केन्द्रणको तह निर्धारण भएको हुन्छ । 'सङ्केन्द्रणको अध्ययन गर्दा सङ्केन्द्रकका आधारमा पाठक र पात्रको ज्ञानलाई मध्यनजर गर्दै सङ्केन्द्रित विषयवस्तुको विश्लेषण गर्ने कार्य गरिन्छ । यसमा कसले किन कसरी र केकालागि कार्य गर्दै र गराइँदै छ भन्ने कुराका आधारमा अध्ययन गरिन्छ(बल, १९८५, पृ. १५०) ।' यसको अध्ययनमा विभिन्न प्रश्नका उत्तरहरू क्रमशः विभिन्न चरणमा आउँदछन् र सङ्केन्द्रकका भिन्न भिन्न तहमा पात्रका अनुभूतिहरू प्रस्तुत हुन्छन् । यसरी अध्ययनमार्फत आएका प्रश्नका उत्तरहरू नै सङ्केन्द्रण विश्लेषणको मुख्य आधार क्षेत्र हो ।

सङ्केन्द्रण आख्यान तथा गैर आख्यानको क्षेत्रमा समाजका हरेक पक्षभित्र समाविष्ट भएर आएको हुन्छ । 'सङ्केन्द्रणको सम्बन्ध अन्य पक्षका सन्दर्भहरूमा व्यापक ढङ्गले आएको हुन्छ । यसका अतिरिक्त सङ्केन्द्रण आख्यानात्मक घटनाको विश्लेषणमा सबैभन्दा महŒवपूर्ण, मर्मस्पर्शी र सूक्ष्म अध्ययनको विषय बनेर आएको हुन्छ । यसलेअखबारका पानादेखि आख्यानमा लुकेका सम्पूर्ण विषयलाई अध्ययन गर्ने क्षमता राख्दछ (बल, १९८५, पृ. १५०) ।' आख्यानको समाख्यानशास्त्रीय विश्लेषणमा सङ्केन्द्रणको आधार र भूमिका विशिष्ट एवं गहिरो रहेको देखिन्छ । 'सङ्केन्द्रण कथाको वर्णन/प्रस्तुति, घटनाक्रम जास्ता विषयसँग मात्र सम्बन्धित हुँदैन । यो चरित्र, विषयप्रस्तुति, तर्क/विचार, सुझाउ र चुनौती जस्ता विविध पक्षका आधारमा पनि आख्यानात्मक पाठमा आएको हुन्छ(केनोन, १९७१, पृ.८५) ।' यो आख्यानात्मक घटनाको विश्लेषणमा आख्यानका बाह्य पाक्षलाई मुख्य आधार बनाएर चरित्रको सक्रियता र संज्ञानका आधारमा पाठभित्र आएको हुन्छ । यसले आख्यानको दिशा र सङ्केतलाई आधार बनाई अध्ययन गर्दछ । 'सङ्केन्द्रणमा नायकबाहेक अन्य पात्रको मनोविज्ञानलाई खुल्ला रूपमा व्याख्या गर्नुपर्दछ । यसमा पात्रले कथाको कम वा क्रमिक रूपमा आउने चेतलाई प्रस्तुत गरेको हुन्छ (जेनेट, १९८३, पृ. २०२) ।' यसर्थ सङ्केन्द्रणलाई आख्यानको प्रमुख र अन्य पात्रहरूको मनोविश्लेषणलाई आधार बनाएर अध्ययन गरिन्छ ।

सङ्केन्द्रणका सन्दर्भमा जेनेट भन्छन् "मैले स्पष्ट विन्दु बनाएर यसका बारेमा चर्चा गरेको छु । फेबुल्लाको जानकारी कसरी पाठकलाई प्रस्तुत गरिन्छ ? समयका विभिन्न पक्षलाई यसभित्र राख्न सकिन्छ कि सकिदैंन ? आख्यानका चरित्र र स्थानहरू यसमा राख्न सकिन्छ वा सकिंदैन ? आदि प्रश्नहरू निर्दिष्ट हुन्छन्" । अर्थात् हामीले कस्तो प्रकारको जानकारी कसरी प्राप्त गर्दछौँ ? विभिन्न तŒव र पक्षहरूले एक अर्काको सम्बन्धमा कसरी कार्यगर्दछ भन्ने कुराको अध्ययनसँग यो विषय सम्बन्धित रहेको हुन्छ । 'सङ्केन्द्रण स्पष्ट रूपमा उपलब्धहुने विषयलाई मात्र नभएर कसले के देख्छ ? कसले के बोल्छ ?कसले के बुझ्केको हुन्छ भन्ने कुराको काल्पनिक घटनामा आधारित हुन्छ (जेनेट, १९८३, पृ. १६२) ।' यसर्थ सङ्केन्द्रण भनेको व्यवहारको बुझाइ हो । यो आख्यान संसारभित्र घटनाक्रमका रूपमा आएको हुन्छ । 'सङ्केन्द्रणको सम्बन्ध दृश्य र अप्टिकल फोटोग्राफीसँग निकटस्थ हुन्छ । यसमा दृश्य विन्दुजस्तै विशुद्ध संज्ञानात्मक भावात्मक वैचारिक र अभिमुखीकरण गर्ने कार्य आएको हुन्छ । यसमा एक व्यक्ति (पात्र)र एक कथाको एजेन्ट (कथाकार) दुबै बोल्न र देख्न सक्षम छन् । यी दुबैलाई यहाँ स्थानदिन सकिन्छ (केनोन, १९७१, पृ. ७२) ।' सङ्केन्द्रणमा विषयवस्तुसङ्केन्द्रक र सङ्केन्द्रित बनेर सबल रूपमा उपस्थित भएको हुन्छ । 'सङ्केन्द्रणमा अन्यपक्षको व्यापक स्थान छ । यसभित्र हेरफेरको महŒवपूर्ण, मर्मस्पर्शी र सूक्ष्म अवस्था रहेको हुन्छ । जसले अखबारका रिपोर्टमा लुकेका विचारलाई खुलासा गर्ने र रिपोटरका अनुसन्धानलाई केन्द्रीकृत गरेर आफ्नो विचार प्रस्तुत गर्ने लक्ष्य राखेको हुन्छ(बल, १९८५, पृ. १५०) ।' सङ्केन्द्रणभित्र आख्यान वा अन्य क्षेत्रमा रहेका घटना तथा विषयवस्तुलाई व्यापक रूपमा समावेश गर्ने लक्ष्य र सामर्थ्य रहेको हुन्छ । यसले आफूलाई आख्यानमा मात्र सीमित नगरी अन्य क्षेत्रमा सिर्जना भएको आख्यानात्मक घटनाको पनि अध्ययन विश्लेषण गर्ने कार्यमा संलग्न गराएको हुन्छ । 'कथाको क्रमबद्धनिरन्तरतामा हुने दृष्टिकोणको भिन्नता र परिवर्तनलाई सङ्केन्द्रणको अवस्थाका आधारमा विश्लेषण गर्न सकिन्छ । यस्तो अवस्थामा हामी आख्यानभित्र चर केन्द्रीकरणको कुरा गर्न सक्दछौँ जेनेट, १९८३, पृ. १९४)।' यसकारण सङ्केन्द्रणमा कथानकप्रतिको निरन्तरताको क्रमभङ्गतालाई मुख्य विषय बनाइएको हुन्छ ।

समग्रमा सङ्केन्द्रणभित्र समाख्याताले प्रस्तुत गरेको आख्यानात्मक घटनालाई पात्रको उपस्थिति, सक्रियता, विषयप्रस्तुति, संज्ञान, कार्यव्यवहार, पात्रले प्रवाह गर्ने सन्देश, आख्यानात्मक घटना,वैचारिक पक्ष, मनोवैज्ञानिक पक्ष, अन्तर्दृष्टिमूलक पक्ष, आन्तरिक सङ्केन्द्रण, बाह्य सङ्केन्द्रण, शून्य सङ्केन्द्रण, पात्र सङ्केन्द्रण, तथा सङ्केन्द्रित पात्र एवं समाख्याता आदिका आधारमा अध्ययन गरिन्छ । विषयवस्तुको समष्टिगत अध्ययन,सङ्केन्द्रणकापक्षसँग सम्बन्धित भएर सङ्केन्द्रण र

सङ्केन्द्रिकृत पक्षको अध्ययन, अन्तर्दृष्टिक पक्ष, मनोवैज्ञानिक पक्ष, वैचारिक पक्ष, विषयगत प्रस्तुतिको आधार, पात्रको भूमिका/सक्रियताको आधार, संज्ञानको आधार, सङ्केन्द्रणको तह र प्रकारकार, सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्धका आधारमा यहाँ निर्धारित कथाहरूको अनुसन्धान गरिएको छ ।

## १.२. समस्याकथन

समाख्यानशास्त्रअर्न्तगत सङ्केन्द्रणका दृष्टिले भवानी भिक्षुका कथा अध्ययनीय छन् । उनका कथाहरूको विभिन्न विधा, वाद, प्रणाली, दर्शन आदिका आधारमा अध्ययन अनुसन्धान भएका छन् । तथापि आख्यानको समाख्यानशास्त्रीय विश्लेषणको प्रमुख पद्धति सङ्केन्द्रण र यसका विभिन्न पक्षका आधारमा अध्ययन अनुसन्धान भने भएको छैन । यस शोधप्रबन्धमा भवानी भिक्षुका कथामा सङ्केन्द्रणलाई मूल समस्याका रूपमा लिइएको छ भने मूल समस्याका आधारमा अन्य समस्याभित्र रहेर शोधकार्य सम्पन्न गरिएको छ :

(क) भिक्षुका कथामा सङ्केन्द्रणका केकस्ता पक्ष र आधार रहेका छन् ?

(ख) भिक्षुका कथामा सङ्केन्द्रणका तह र प्रकार केकसरी प्रस्तुत गरिएको छ ?

(ग) भिक्षुका कथामा सङ्केन्द्रक र सङ्केन्द्रित बिच केकस्तो सम्बन्ध रहेको छ ?

## १.३.शोधकार्यको उद्देश्य

भवानी भिक्षुका कथामा पाइने सङ्केन्द्रणको अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्नु नै यस शोधको प्रमुख उद्देश्य हो । भवानी भिक्षुका कथामा सङ्केन्द्रण शीर्षकसँग सम्बन्धित उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) भिक्षुका कथामा सङ्केन्द्रणको पक्ष र आधार पहिचान गर्नु,

(ख) भिक्षुका कथामा सङ्केन्द्रणका तह तथा प्रकारको विश्लेषण गर्नु,

(ग) भिक्षुका कथामा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्धलाई प्रस्तुत गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

भवानी भिक्षु नेपाली साहित्यका विशिष्ट सर्जक हुन् । विशेष गरी कथा सिर्जनाका क्षेत्रमा उनको योगदान अतुलनीय छ । नेपाली साहित्यमा विशिष्ट स्थान प्राप्त गरेको भिक्षुका कथा प्राज्ञिक दृष्टिले अध्ययनीय छन् । उनका कथाहरूको यसअघि नै विभिन्न विषयमा अध्ययन अनुसन्धान भएका छन् । तथापि आख्यानको समाख्यानशास्त्रीय विश्लेषणको प्रमुख पद्धति सङ्केन्द्रणसँग सम्बन्धित भएर अध्ययन अनुसन्धान भने भएको छैन । यसकारण प्रस्तुत शोधप्रबन्धमा भिक्षुका कथासँग सम्बन्धित भएर गरिएका र सङ्केन्द्रणसँगको निकटतम सम्बन्ध भएर गरिएका विभिन्न अध्ययन विश्लेषणलाई आवश्यक समीक्षासहित कालक्रमिक आधारमा पूर्वाध्ययनका रूपमा तल प्रस्तुत गरिएको छ :

घनश्याम कँडेल (२०४९) ले *गुनकेसरी : नारीचरित्रका विविध पक्षको अभिव्यक्ति*शीर्षकको लेखमा गुनकेसरी कथाको बनौटगत कमजोरी र पात्रका कमजोरीलाई देखाउँदै कथा र चरित्रले सहज बाटो लिन नसकेको धारणा व्यक्त गरेका छन् । उनले यस कथाको पात्रहरूका बारेमा चर्चा गर्दा गुनकेसरीको चारित्रिक विशेषतालाई चिनाउँदै गुनकेसरीलाई सुन्दर सुशील र गुणवती पात्र भएको धारणा व्यक्त गरेका छन् भने सुभद्रालाई सामान्य र अल्पज्ञानी पात्रका रूपमा चिनाएका छन् । लेखमा दुबै पात्रको बाह्य तथा आन्तरिक पक्षकोसामान्य चर्चा गरिएको छ । उनलेगुनकेसरी र सुभद्राकोआन्तरिक पक्षको चर्चा गर्ने क्रममा गुनकेसरीलाई जेलिएको अस्पष्ट विचार भएको र शुभद्रालाई स्पष्ट विचार भएको सुल्झिएको पात्रका रूपमा चित्रण गरेका छन् । यस्तै गुनकेसरीलाई आडम्बरी, घमण्डी र शुभद्रालाई सरलसहज स्वभाव भएको पात्रका रूपमा चिनाएको देखिन्छ । कथामा पात्रको चयन, पात्रको क्रियाशीलता पात्रले दिएको सन्देशभन्दा पात्रका कमजोरी देखाउनेतर्फ उनको ध्यानगएको देखिन्छ । लेखमानितान्त पात्रको गतिविधि र पात्रले देखाएका कार्यव्यवहारका आधारलाई मात्र अध्ययन गरिएको हुँदा कँडेलको यो विश्लेषण सीमित प्रकृतिको छ ।उनको यो विश्लेषण कथाकापात्रको आन्तरिक पक्षमा केन्द्रित रहेको र पात्रको सम्बन्ध मनोवैज्ञानिक पक्ष, वैचारिक पक्ष, सक्रियता र संज्ञानात्मक आधारमा सङ्केन्द्रणको तह र प्रकारसँग हुने भएकोले यो लेखलाई प्रस्तुत शोधकार्यको यहाँ पूर्वकार्यका रूपमा समावेश गरिएको छ ।

सुधा त्रिपाठी (२०४९) ले *कथाकार भवानी भिक्षु र उनका नारीपात्र*शीर्षकको लेखमा भिक्षुका कथागत प्रवृत्तिका बारेमा चर्चा गर्दै उनका कथाहरू सामाजिक यथार्थ र मनोयथार्थका आधारमा सिर्जना भएको धारणा व्यक्त गरेकी छिन् । उनले यस लेखमा भिक्षुका कथालाई यौनेतर र यौनपरक

गरी दुई भागमा विभाजन गरेर अध्ययन गरेको देखिन्छ । यौनपरक (रतिरागकेन्द्रित) कथाभित्रमुख्य रूपमा नारीपात्र प्रधान भएको र ती नारीपात्रहरू कुमारी, विवाहित र विधवा गरी तीन प्रकारको भएको धारणा त्रिपाठीको छ । 'गुनकेसरी, प्रेमको एउटा कथा, अनि ... ? त्यही सात दिन, रमा, मैयाँसाहेब, एउटा समस्या, मीना' कथाहरूमा कुमारी केटीको प्रेम रहेको छ भने 'व्यर्थता, स्वामी, टाइपिष्ट' कथाहरूमा विवाहित नारीहरूका अन्य पुरुषपात्रप्रतिको आकर्षणका कथाहरू छन् । 'यस्तै तपस्या र गंगा' कथामा विधवा नारीपात्रका अन्य पुरुषपात्रमाथिको आशक्तिका कथा रहेकोदेखिन्छ भन्ने धारणा उनको छ । भिक्षुका रतिरागकेन्द्री कथाहरूमा नारीपात्र नै मुख्य भए तापनि ती केवल रतिरागका साधन मात्र भएको र तिनलाई सञ्चालन गर्ने चाहिँ अर्कैतिर बसेर रमिता हेरिरहेको अवस्थालाई चित्रण गर्दै प्रायः सम्पूर्ण नारीपात्रमाथि कथाकारले न्याय गर्न नसकेको निष्कर्ष त्रिपाठीको छ । उनको यो लेख भिक्षुका नारीपात्रमा केन्द्रित भईपात्रको मनोविज्ञानका विविध पक्षका आधारमा मात्र विश्लेषण गरिएको छ । पात्रको अध्ययन र मनोविज्ञानका विविध पक्ष तह र प्रकारसँग संङ्केन्द्रणमा पात्रको मनोविज्ञान, विचारप्रस्तुति आदिसँग सम्बन्ध रहने भएकोले यस लेखलाई प्रस्तुत शोधकार्यको पूर्वकार्यका रूपमा यहाँ समावेश गरिएको छ ।

गोपालप्रसाद भण्डारी (२०५१) ले *भवानी भिक्षुका कथामा मनोविज्ञान*शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा भिक्षुका कथाहरूलाई यौन मनोवैज्ञानिक र यौनेतर मनोवैज्ञानिक पक्षका आधारमा दुई भागमा वर्गीकरण गरेर अध्ययन गरेका छन् । जम्मा सात अध्याय र दुई भागमा विभाजन गरिएको यो शोधप्रबन्धमा मनोविज्ञानका विविध पक्षका आधारमा अध्ययन गरिएकोछ । उनलेयस शोधप्रबन्धमा यौन मनोवैज्ञानिक कथाअर्न्तगत अतृप्त यौनचाहना, मानसिक अन्तर्द्वन्द्व, अमुक्तकामेच्छा, जिजीविषा, प्रणय, असफलता, आत्मरति, कामात्मक क्रिया, हीनताग्रन्थि, आदि पात्रहरूमा पाइने कार्यव्यवहारहरूको उल्लेख गर्दै अध्ययन विश्लेषण गरेका छन् । यस्तैयौनेतर मनोवैज्ञानिक कथाअन्तर्गत आर्थिक विपन्नताका कारणले पात्रमा उत्पन्न मानसिक दुरवस्था, पारिवारिक कलह, नारीवेदना, बालमनोविज्ञान, भौतिकताप्रतिको प्रेम, राजनैतिक विद्रुपता जस्ता विविध पक्ष र यसबाट उत्पन्न भएका मानसिक क्रियाव्यापारहरूको अध्ययन गरिएको छ । मनोविज्ञानसम्बन्धी सिद्धान्त र फ्रायडीय यौनमनोवैज्ञानिक सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गरिएकोयस शोधकार्यमा कथाको शिल्पपक्ष र कथाको तŒवहरूको पनि अध्ययन गरिएको छ ।यस शोधप्रबन्धमा समावेश भएका विषयहरू अतृप्तयौनचाहना, मानसिक अन्तर्द्वन्द्व, अमुक्तकामेच्छा, जिजीविषा, प्रणय, असफलता, आत्मरति, कामात्मक क्रिया, हीनताग्रन्थि, आदि पात्रका मनोवैज्ञानिक

पक्षकोसम्बन्ध सङ्केन्द्रणको पक्ष, तह, प्रकार र आधारसँग रहने भएकाले उक्तशोधकार्यलाई यहाँपूर्वकार्यका रूपमा मावेश गरिएको छ ।

ध्रुवराज ज्ञवाली (२०५४) ले *गुनकेसरी कथासङ्ग्रहभित्रका कथाको अध्ययन* विश्लेषण र मूल्याङ्कन'शीर्षकको स्नातकोत्तर शोधपत्रमा कथासिद्धान्त र यौनमनोविज्ञानसम्बन्धी सिद्धान्तका आधारमा कथाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेका छन् । पाँच परिच्छेदमा सङ्गठित यस शोधपत्रमा भिक्षुका सामाजिक यथार्थवादी, यौनमनोवैज्ञानिक कथाहरूकोवैचारिक पक्ष, मनोवैज्ञानिक पक्ष र यौनमनोविज्ञानका आधारमा अध्ययन गरिएको छ । भिक्षुलाई यौनमनोवैज्ञानिक यथार्थवादी कथाकारका रूपमा परिचित गराउँदै उनका कथामा नारी यौनमनोविज्ञानलाई शिष्टरूपमा चित्रण गरिएको र पुरुषपात्रको तुलनामा नारीपात्रलाई बढी महŒव दिएकोले उनी नारी केन्द्री कथाकारका रूपमा स्थापित भएका छन् भन्ने धारणा ज्ञवालीको छ । उनले उक्त कथासङ्ग्रहभित्रका कथाको अध्ययन गर्ने क्रममा वैचारिक पक्ष, मनोवैज्ञानिक पक्ष र पात्रका यौनमनोविज्ञानलाई अध्ययनको मुख्य विषय बनाएको भए तापनि सम्पूर्ण कथाको वैचारिक पक्ष, व्यावहारिक पक्ष र मनोवैज्ञानिक पक्षको सतही मात्र अध्ययन गरेको देखिन्छ । कथाको वैचारिक पक्ष, मनोवैज्ञानिक पक्ष र यौनमनोविज्ञानसँग सङ्केन्द्रणकोआन्तरिक, बाह्य, संज्ञानात्मक र अन्तर्दृष्टिमूलक पक्षकोसम्बन्ध रहने भएकालेउक्त शोधकार्यलाई यहाँ पूर्वकार्यका रूपमा समावेश गरिएको छ ।

दुर्गाबहादुर घर्ती (२०६७) ले *भवानी भिक्षुको टाइपिष्ट कथामा मनोविश्लेषण* शीर्षकको लेखमा टाइपिष्ट कथाको पात्रका मनोविश्लेषण गर्ने क्रममा परम्परागत यान्त्रिक दाम्पत्य सम्बन्ध र आर्थिक दुर्बलताले शान्ति र मीनाको मस्तिष्कमा उत्पन्न परिस्थितिका बारेमा चर्चा परिचर्चा गरेका छन् । उनले यस कथाका प्रमुख पात्रहरू शान्ति र मीनाको व्यवहारलाई मनोविज्ञानसम्बन्धी सिद्धान्तका आधारमा विश्लेषण गर्दै कथाकारले पात्रका अन्तर्बाह्य पक्षको उत्घाटन गर्न सफल भएको धारणा व्यक्त गरेका छन् । नैसर्गिक इच्छा र परिस्थितिको द्वन्द्वमा पिल्सिएका पात्रहरूलाई उभ्याई तिनको मनोवृत्तिलाई देखाउनु यस कथाको उल्लेखनीय पक्ष हो भन्दै शान्ति र मीनाको मनको विश्लेषण गर्ने क्रममा उनीहरूका चेतन अचेतन र अवचेतन मनका व्यावहारलाई प्रष्ट्याउने कार्य घर्तीले गरेका छन् । भिक्षुको यो एउटा उत्कृष्ट रचना हो रयोकथाले मनोवैज्ञानिक कथा परम्परालाई समृद्ध तुल्याउन महŒवपूर्ण योगदान पुऱ्याएको छ भन्ने विचार उनको छ । कथाका अन्य पात्रहरूको पारिवारिक र सामाजिक स्थितिका बारेमा भने यहाँ केही पनि उल्लेख गरेकाछैनन्। घर्तीको यो लेखमा उक्तकथाका समवयस्कपात्रहरूको चेतन अचेतन र अवचेतन मनका

कार्यव्यवहारकोविश्लेषण गरिएको र यसको सम्बन्ध सङ्केन्द्रणको आन्तरिक, बाह्य, सक्रियता, भूमिका, संज्ञान जस्ता पक्ष र तहसँग हुने भएकाले यो लेखलाई प्रस्तुत शोधकार्यको पूर्वकार्यका रूपमा यहाँ समावेश गरिएको छ ।

सानुमाया महर्जन (२०६८) ले *मैयाँसाहेब कथासङ्ग्रहमा पात्रविधान* शीर्षकको स्नातकोत्तर शोधपत्रमा पात्रविधान सम्बन्धी सिद्धान्तका आधारमा उक्त कथासङ्ग्रहका एघार ओटै कथाका प्रमुख पात्रहरूको चरित्रचित्रण गरेकी छिन् । शोधमा कथाका प्रमुख पात्रहरूलाई कार्य, भूमिका, जीवनचेतना, स्वभाव आदि आधारहरूमा छुट्याएर अध्ययन विश्लेषण गरेको देखिन्छ । पाँच परिच्छेद र एघार परिशिष्टमा समाहित भएको यस शोधपत्रमा चरित्रचित्रणका विधि र पद्धतिलाई देखाउँदै भिक्षुका कथाको पात्रविधान र कथागत प्रवृत्तिका आधारमा सबै कथाका प्रमुख पात्रहरूको अध्ययन गरिएको छ । शोधमा कथाका अन्य पात्र र तिनका सक्रियताका बारेमा भने अध्ययन गरिएको छैन । तथापि पात्रविधान र पात्रको कार्य, भूमिका, जीवनचेतना, स्वभाव आदि पक्षसङ्केन्द्रणको आन्तरिक र बाह्य तह, प्रकार, सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्धसँगरहने भएकाले उक्त शोधकार्यलाई पूर्वकार्यका रूपमा यहाँ समावेश गरिएको छ ।

कोभा सुवेदी (२०६९) ले *गुनकेसरी कथासङ्ग्रहको पात्रविधान*शीर्षकको स्नातकोत्तर शोधपत्रमा पात्रविधानसम्बन्धी मान्यतालाई आधार बनाएर पात्रको परिचय, परिभाषा, वर्गीकरण र औचित्यका आधारमा अध्ययन विश्लेषण गरेकी छिन् । उनले पात्रहरूलाई लिङ्गका आधारमा, कार्यका आधारमा, वर्गका आधारमा, स्वभावका आधारमा, प्रवृत्तिका आधारमा, विचारकाआधारमा र आसन्नताका आधारमा वर्गीकरण गर्दै कथासङ्ग्रहभित्रका पन्ध्र ओटै कथाकापात्रहरूको अध्ययन गरेकी छन् । सुवेदीको यो अध्ययनउक्त कथासङ्ग्रहभित्रका कथाको पात्रविधानमा मात्र सीमित रहेको देखिन्छ । पात्रको लैङ्गिक आधारमा, कार्यका आधारमा, वर्गका आधारमा, स्वभावका आधारमा, प्रवृत्तिका आधारमा, विचारका आधारमा र आसन्नताका आधारमा सङ्केन्द्रणको वैचारिक पक्ष, आन्तरिक पक्ष, बाह्य पक्षसँग, सडेन्द्रक र सङ्केन्द्रित बिच सम्बन्ध रहने भएकोले उक्त शोधकार्यलाई यहाँ पूर्वकार्यका रूपमा समावेश गरिएको छ ।

पवित्रा भट्टराई (२०६९) ले *भवानी भिक्षुको मैयाँसाहेब कथासङ्ग्रहका नारीपात्र*शीर्षकको स्नातकोत्तर शोधपत्रमा भिक्षुलाई नारीकेन्द्री कथाकारका रूपमा परिचित गराउँदै कथामा नारीहरूको चरित्रलाई केलाउने कार्य गरेकी छिन् । उनले मैयाँसाहेब कथासङ्ग्रहभित्रका नारीपात्रहरू प्रायः विभिन्न मनोविकारबाट ग्रसित भएको, कुनै न कुनै मनोग्रन्थिबाट पीडित भएको र त्यसबाट मुक्ति

पाउने प्रयत्न गरे तापनि असफल भई लक्ष्यविमुख हुन पुगेकाले अधिकांश नारीपात्रहरू अन्तर्वेदनाबाट पीडित छन् भन्ने विषयलाई अध्ययनमार्फत प्रस्तुत गरेकी छिन् । उनले उक्त कथासङ्ग्रहभित्रका नारीपात्रहरूलाई पात्रविधान सम्बन्धी मान्यताका आधारमा वर्गीय दृष्टिले निम्न, मध्यम तथा आभिजात वर्गका रूपमा विभाजन गरी तिनै वर्गका नारीहरूको मानसिक र शारीरिक पीडालाई अध्ययन विश्लेषणमार्फत प्रस्तुत गरेकी छिन् ।शोधमा नारीपात्रलाई पात्रविधानका आधारमा र वर्गीय पहिचानका आधारमा मात्र विश्लेषण गरिएको हुँदा यो विश्लेषण सीमित प्रकृतिको रहेको देखिन्छ ।तथापि पात्रकोकार्यव्यावहार, संलग्नता,सिक्रयता, तह र प्रकार अन्तर्दृष्टिमूलक पक्ष आदि विषयसँगसङ्केन्द्रणको तह, प्रकार र आधारसँगसम्बन्ध रहने भएकाले उक्त शोधकार्यलाई यहाँ पूर्वकार्यका रूपमा समावेश गरिएको छ ।

लक्ष्मी अर्याल (२०७०) ले *भवानी भिक्षुका कथामा नारीपात्र*शीर्षकको स्नातकोत्तर शोधपत्रमा भवानी भिक्षुका कथाहरूमा नारीपात्रहरूको यौनजन्य अनुभूतिहरूलाई अध्ययनमार्फत खोतल्ने कार्य गरेकी छिन् ।पात्रविधान र यौनमनोविज्ञानसम्बन्धी मान्याताका आधारमा नारीपात्रहरूको अध्ययन गर्ने क्रममा यौनजन्य अनुभूतिहरू अचेतन र अवचेतन मनमा गुम्सिएर रहेको र ती अनुभूतिहरूलाई चेतन मनमा गुम्सिएर रहेको इच्छाले टेक्दा तिनीहरूले रन्थनिदै मानसिक द्वन्द्व भेल्नु परेको र यस्ता द्वन्द्वहरू अधिकांश नेपालीनारीहरूले भेलिरहेको कुरालाईउनले अध्ययनमार्फत प्रस्तुत गरेकी छिन् । सात परिच्छेदमा समाहित भएको यो शोधपत्रमा भिक्षुका *गुनकेसरी, मैयाँसाहेब, आवर्त* र *अवान्तर*कथासङ्ग्रहका कथाभित्रको नारीपात्रका यौनजन्य अनुभूतिलाई मात्र अध्ययनको मुख्य विषय बनाइएको छ । कथासिर्जनाको बारेमा चर्चा गर्दै हाम्रो अनुदार सामन्त सोचलाई नाङ्गेभार पार्नुभन्दा नारी हृदयका कोमल भावलाई अभिव्यक्ति दिनलाई भिक्षुले ज्यादै नै प्रयास गरेका छन् भन्ने दृष्टिकोणअर्यालले प्रस्तुत गरेकी छन् । उनले भिक्षुका नारीपात्रको मनोभाव यौनजन्य अनुभूति चेतन अवचेतन र अचेतन मनका अनुभूतिहरूलाई अध्ययनको मुख्य विषय बनाएको भए तापनि पात्रविधान र मनोविज्ञान सम्बन्धी मान्यताका आधारमा सतही रूपमा मात्रचर्चा गरिएको देखिन्छ । नारीपात्रको मनोवैज्ञानिक पक्षसँग सङ्केन्द्रणको आन्तरिक बाह्य र शून्य प्रकारका बिचमा अन्तरसम्बन्धहुने भएकाले उक्त शोधकार्यलाई यहाँ पूवकार्यका रूपमा समावेश गरिएकोछ ।

देवीप्राद गौतम (२०७१) ले *आख्यानमा समाख्याता* शीर्षकको लेखमा आख्यानमा प्रयुक्त समाख्याताको कार्यसम्बन्धी अवधारणाका साथै आख्यानमा निरूपित लेखक र पाठकको अवस्था र भूमिकाको विवेचना गरिएकाछन् । यस लेखमा समाख्याता र सम्बोधितका विभिन्न स्थितिहरूका सापेक्षतामा विभिन्न नेपाली कथाकारका कथामाथिचर्चा गरिएको छ

। यो लेखमा कथासम्बद्धता र पात्रसम्बद्धताका आधारमा कथात्मक आख्यानको समाख्याताका भिन्न भिन्न प्रकार्यको सैद्धान्तिक विमर्शका साथै विभिन्न नेपाली कथाको विश्लेषण गर्दै समाख्याताको कोणबाट नेपाली कथामा पाइने समाख्येय विषको प्रस्तुतिगत वैशिष्टयकाबारेमा चर्चा परिचर्चागरिएको छ । आख्यानको समाख्यानात्मक विश्लेषणमा कथासम्बद्धता, पात्रसम्बद्धता, समाख्यानात्मक दृष्टिकोण,निरूपित लेखक/लेखक समाख्याता, निरूपित पाठक संज्ञानकर्ता र पात्र समाख्याता समाख्यानशास्त्रअन्तर्गतसङ्केन्द्रणको पक्ष, आधार र तह सम्बन्धी मान्यतासाग सम्बन्धित हुने भएकाले गौतमको उक्त लेखलाई यहाा पूर्वकार्यका रूपमा समावेश गरिएको छ ।

श्रीकृष्णप्रसाद कोइराला (२०७३) ले*भवानी भिक्षुका कथामा सीमान्तीयता*(सवार्ल्टन) शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा सवार्ल्टनको विश्लेषण गर्दै भिक्षुका *गुनकेसरी, मैयाँसाहेब, आवर्त* र *अवान्तर*कथासङ्ग्रहभित्रका 'गुनकेसरी, अनि ...? त्यही सात दिन, रमा, हारजीत, वन्दना, एउटा समस्या, माधुरी नानी, बन्दोबस्त, एक पैसा, ज्ञात भएजति, नयाँ इतिहासको आरम्भ' कथाहरूमा सीमान्तीय (सवार्ल्टन) वर्गका पात्रहरूको बारेमा अध्ययन विश्लेषण गरेका छन् । शोधमा पात्रको ज्ञान, शक्ति, सवार्ल्टन वर्गसँगको सम्बन्ध, सवार्ल्टन वर्गको आवाज, प्रतिरोधी चेतना, लैङ्गिक सवार्ल्टन आदि विषयलाई लेखकीय दृष्टिकोणका आधारमा अध्ययन गरिएको छ । यहाँ विशेष गरी सांस्कृतिक अध्ययनसँग सम्बद्ध भएर सीमान्तीय(सवार्ल्टन) पात्रका बारेमा अध्ययन विश्लेषण गरेको भए तापनि उक्त कथाका अन्य पात्रका बारेमा सैद्धान्तिक रूपमा अध्ययन अनुसन्धान हुन बाँकी नै देखिन्छ । तथापि भिक्षुका कथामा रहेको सीमान्तीयता (सवार्ल्टन) वर्गको अध्ययनसँग सङ्केन्द्रणको पक्ष र आधारकोसम्बन्ध रहने भएकाले उक्त अनुसन्धानकार्यलाई यहाँ पूर्वकार्यका रूपमा समावेश गरिएको छ ।

अम्बिका अर्याल (२०७५क) ले*गीताकेशरीका उपन्यासमा नारीसङ्केन्द्रण*शीर्षकको अनुसन्धानप्रतिवेदमा नारीवादी समाख्यानशास्त्र र सङ्केन्द्रणको परिचय दिदै समाख्यानशास्त्रको विकासका बारेमा अध्ययन गरेका छन् । उनले नारीवादी समाख्यानशास्त्र, सङ्केन्द्रण, उपन्यासमा समाख्याता सङ्केन्द्रक, संलग्न समाख्याता सङ्केन्द्रक, असंलग्न समाख्याता सङ्केन्द्रक, चरित्र सङ्केन्द्रक आदि विषयलई मुख्य आधार बनाएर अध्ययन गरेकी छिन् । यहाँ लैङ्गिक विभेद र समानताप्रतिको चेतना, वर्गीय एवं जातीय विभेदप्रतिको चेतना, धार्मिक, सांस्कृतिक तथा सामाजिक विभेदप्रतिको चेतना, नारीअस्तित्व, नारीचेतना, नारीपहिचान र अस्तित्वको चेतना, नारीका वैयाक्तिक अधिकारप्रतिको चेतना, पितृसत्तात्मक दमन र महिला हिंसाबाट मुक्तिको चेतना, राजनीति र शक्तिसंरचनामा महिलाको भूमिकाको चेतना आदि विषयमा अध्ययन गरिएको छ । जम्मा पाँच

परिच्छेदमा समाहित भएको यो अनुसन्धान प्रतिवेदनमा समाख्यानशास्त्रका विविध पक्षको अध्ययन गरिएको भए तापनि अपेक्षकृत रूपमा प्रयोगात्मक पक्षलाई उपयोग गर्ने सम्बन्धमा भने केही शिथिलता देखिन्छ । सङ्केन्द्रणसँग सम्बन्धित भएर गरिएको यो अनुसन्धान प्रतिवेदनसँग सङ्केन्द्रणको तह, प्रकार तथा सङ्केन्द्रक र सङ्केन्द्रितका बिच निकटतम सम्बन्ध हुने भएकाले प्रस्तुत शोधकार्यको पूर्वकार्यका रूपमा यहाँ समावेश गरिएको छ ।

अम्बिका अर्याल (२०७५ख) ले*नारीस्रष्टाका उपन्यासमा नारीविभेद र अस्तित्वप्रतिको सचेतना*शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा (२०३६-२०७२) सम्ममा प्रकाशित भएका नारीस्रष्टाका उपन्यासहरूमध्ये नारीसमालोचनामा सशक्त भएका उपन्यासलाई अध्ययनको मुख्य आधार बनाई विश्लेषण गरेकी छिन् । पाँच परिच्छेदमा विभक्त भएको यो शोधप्रबन्धमाअध्ययनका निम्ति (३०३६–२०४६) सम्ममा प्रकाशित भएका उपन्यासलाई प्रथमचरण,(२०४७–२०६२) सम्ममा प्रकाशित भएका उपन्यासलाई दोस्रो चरण(२०६३–२०७२) सम्ममा प्रकाशित भएका उपन्यासलाई तेस्रो चरणमा विभाजन गरीअध्ययनगरिएको छ ।शोधप्रबन्धको चौथो र पाँचौं अध्ययमा समाख्यानशास्त्र र सङ्केन्द्रणका आधारमा नारीपात्रहरूको अध्ययन/विश्लेषण गरिएको भएतापनि अपेक्षाकृत रूपमा प्रयोगात्मक पक्षभन्दा सैद्धान्तिक पक्षलाई बढी स्थान दिएको देखिन्छ । यसमा नारीविभेदप्रतिको सचेतनालाई वर्गीय, जातीय, धार्मिक, साँस्कृतिक, राजनैतिक, सामाजिक व्यवस्थाएवं नारीअस्तित्व र पितृसत्ताजस्ता पक्षको नारीवादी समाख्यानशास्त्र रसङ्केन्द्रणसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिएको छ। सङ्केन्द्रण शीर्षकभित्र समाख्यानशास्त्र र सङ्केन्द्रणको सम्बन्ध स्थापित गर्दै नारीविभेदप्रतिको सचेतना, वर्गीय, जातीय, धार्मिक, साँस्कृतिक, राजनैतिक, सामाजिक व्यवस्था एवं नारीअस्तित्व र पितृसत्ता आदि विषयलाई सङ्केन्द्रणसम्बन्धी सिद्धान्तका आधारमा अध्ययन गरिएकाले अर्यालको यो शोधप्रबन्धलाई प्रस्तुत शोधकार्यकोपूर्वकार्यका रूपमा यहाँ समावेश गरिएको छ ।

गुरुप्रसाद पोखरेल (२०७५) ले *भवानी भिक्षुका कथाको संरचनात्मक विश्लेषण* शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा भवानी भिक्षुका मनोवैज्ञानिक यथार्थवादी कथाको संरचनात्मक पक्षलाई आधार बनाएर अध्ययन विश्लेषण गरेका छन् । उनले भिक्षुका चार ओटा कथासङ्ग्रहमा सङ्गृहीत जम्मा एक्काइस ओटा कथाहरूलाई मनोवैज्ञानिक कथाका रूपमा पहिचान गरी नारीयौनमनोवैज्ञानिक तथा समान्य मनोवैज्ञानिक कथा, पुरुष यौनमनोवैज्ञानिक तथा समान्य मनोवैज्ञानिक कथा र बाल मनोवैज्ञानिक कथाका आधारमाअध्ययनगरेका छन् ।पात्रको मनोवैज्ञानिक

पक्ष र कथासंरचनाका आधारमा गरिएको अध्ययनमा पात्रको भूमिका,मनोविज्ञान र यसबाट निर्माण हुने कथानकको स्थितिलाईअनुसन्धानको मुख्य विषय बनाइएको छ । पात्रको संरचनात्मक तथा मनोवैज्ञानिक पक्षसँग सङ्केन्द्रणको पक्ष, आधार, तह, प्रकार तथा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको निकटतम सम्बन्ध हुने भएकोले उनको शोधप्रबन्धलाई यहाँ पूर्वकार्यका रूपमा समावेश गरिएको छ ।

अम्बिका अर्याल (२०७६) ले *शारदा शर्माको ताप उपन्यासमा सङ्केन्द्रीकृत नारीवाद*शीर्षकको लेखमा समाख्यानशास्त्रसम्बन्धी सिद्धान्तका आधारमा नारीवादी सङ्केन्द्रीकरणको सैद्धान्तिक परिचय दिदै सङ्केन्द्रीकृत विषयको पहिचान गरी अध्ययन गरेकी छिन् । उनले लैङ्गिक विभेद र समानताप्रतिको चेतना, धार्मिक साँस्कृतिक एवं विभेदप्रतिको चेतना, पितृसत्तात्मक दमन र महिलाहिंसाबाट मुक्तिको चेतना, वर्गीय विभेदप्रतिको चेतना, नारी पहिचान र अस्तित्वप्रतिको चेतना आदिका आधारमा पात्रहरूलाई केन्द्रमा राखी समाख्यानशास्त्र तथा सङ्केन्द्रणसम्बन्धी सिद्धान्तमा केन्द्रित भएर अध्ययन गरेकीछिन् । लेखमा उपन्यासका अंशलाई सक्ष्य बनाएर सङ्केन्द्रक र सङ्केन्द्रित विषयको पहिचान र विश्लेषण गरिएको छ । यहाँ सङ्केन्द्रक र सङ्केन्द्रित पक्षको स्तर वा तहको भने निर्धारण गरिएको छैन । अर्यालको यो विश्लेषण समाख्यानशास्त्र तथा सङ्केन्द्रणसम्बन्धी सिद्धान्तका आधारमा सङ्केन्द्रक र सङ्केन्द्रीकृत विषयलाई केन्द्रमा राखेर अध्ययन गरिएको हुदा प्रस्तुत शोधकार्यको पूर्वकार्यका रूपमा यहाँ समावेश गरिएको छ ।

अम्बिका अर्याल (२०७९) ले *सङ्केन्द्रीकरणको सैद्धान्तिक पक्ष र कृतिविश्लेषणका आधार*शीर्षकको लेखमा सङ्केन्द्रीकरणको सैद्धान्तिक परिभाषा पृष्ठभूमि र स्वरूपको उल्लेख गर्दै आन्तरिक तथा बाह्य घटनाका आधारमाकृतिविश्लेषणको अवधारणा प्रस्तुत गरेकी छन् । यसमा सङ्केन्द्रित वस्तु, तह,बाह्य र भित्री सङ्केन्द्रणको तह, प्रत्यक्ष तथा अप्रत्यक्ष सङ्केन्द्रण, ( समाख्याता) सङ्केन्द्रक, आन्तरिक सङ्केन्द्रक (पात्र) सङ्केन्द्रक, सङ्केन्द्रित वस्तु, संलग्न सङ्केन्द्रित वस्तु, शून्य सङ्केन्द्रीकरण, आन्तरिक सङ्केन्द्रीकरण, बाह्य सङ्केन्द्रीकरणजस्ता तह र प्रकरलाई आधार बनाएरविश्लेषण गरिएको भए तापनि समाख्यानशास्त्रको विस्तृत सैद्धान्तिक मान्यतामासङ्केन्द्रणसम्बन्धी मान्यता भित्र भित्रै कतै रुमलिन पुगेको जस्तो देखिन्छ ।समाख्यानशास्त्रअन्तर्गत सङ्केन्द्रणको सीमाभित्र रहेर तयार पारिएको यो समालोचनात्मक लेखमासङ्केन्द्रीकरणको सैद्धान्तिक पक्ष र कृतिविश्लेषणका आधारलाई प्रस्तुत गरिएको छ । सङ्केन्द्रणसम्बन्धी मान्यताका आधारमा अध्ययन गरिएकोर यसको सम्बन्ध सङ्केन्द्रणको पक्ष,

आधार, तह र प्रकारसँग रहने भएकाले यो लेखलाई प्रस्तुत शोधकार्यको पूर्वकार्यका रूपमा यहाँ समावेश गरिएको छ ।

चर्चागरिएका पूर्वकार्यअन्तर्गतका सोह्र ओटा समालोचनात्मक सामग्री मध्येछ ओटा लेखमा पात्रको सक्रियताको अध्ययन गरिएको छ भने एउटा शोधप्रबन्धमा भिक्षुका कथामा सवार्ल्टन सम्बन्धी अध्ययन गरिएको छ । यस्तै तीन ओटा शोधपत्रमा पात्रको मनोविज्ञानका बारेमा अध्ययन गरिएको देखिन्छ । एउटा शोधप्रबन्धमा पात्रको संरचनात्मक पक्षको अध्ययन गरिएको छ भनेएउटा शोधप्रबन्धमा समाख्यानशास्त्रको विविध पक्षहरूको अध्ययन गरिएको छ। यस्तै एउटा अनुसन्धान प्रतिवेदनमा सङ्केन्द्रणसँगसम्बन्धी सिद्धान्तलाई आधार बनाएर अध्ययन गरिएको छ । यसका अतिरिक्त तीन ओटा अनुसन्धानात्मक लेखमा सङ्केन्द्रण सम्बन्धी सिद्धान्तलाई आधार बनाएर आधुनिक नेपाली उपन्यासको विवेचना गरिएको छ । उल्लिखित अधिकांश समालोचनामा पात्रका गतिविधिहरूको मात्र चर्चा गरिएको छ भने समाख्यानशास्त्र र सङ्केन्द्रणसँग सम्बन्धित भएर गरिएको अध्ययनमाआधुनिक नेपाली उपन्यासको पूर्णरूपमा अध्ययन गरिएको छ । तथापि भिक्षुका कथाको सङ्केन्द्रणका आधारमा अध्ययन हुन भने बाँकी रहेको देखिन्छ । माथि चर्चा गरिएका सबै समालोचनात्मक अध्ययनको सम्बन्ध भिक्षुका कथाको पात्रसँग भएको र पात्रको सम्बन्ध सङ्केन्द्रणसँग हुने भएकाले ती अध्ययनलाई प्रस्तुत शोधकार्यको पूर्वाध्ययनका रूपमासमावेश गरिएको छ।

भवानी भिक्षुका कथाको पात्रहरूलाई आधार बनाएर अध्ययन गरिएका, समाख्यानशास्त्रका आधारमा अध्ययन गरिएका र सङ्केन्द्रण सम्बन्धी विविध मान्यताकाआधारमा अध्ययन गरिएका उल्लिखित समालोचनात्मक सामग्रीहरूमा पात्रको भूमिका, सक्रियता, तह, प्रकार, विविध पक्ष र आधारहरूको प्रत्यक्ष सम्बन्ध भएकालेसम्पूर्ण पूर्वाध्ययनका सामग्रीलाई यस शोधकार्यकोपूर्वकार्यका रूपमामाथि समावेश गरिएको हो ।

## १.५. शोधको औचित्य र महŒव

'भवानी भिक्षुका कथामा सङ्केन्द्रण'सम्बन्धी प्रस्तुत शोधकार्य प्राज्ञिक ज्ञानको विषय हो । नेपाली साहित्य तथा समालोचनाका क्षेत्रमा सङ्केन्द्रणसम्बन्धी अध्ययन अनुसन्धान भएका छैनन् । भिक्षुका कथालाई सङ्केन्द्रणका आधारमा अध्ययन गरिने हुनाले यो शोधकार्य प्राज्ञिक दृष्टिलेऔचित्यपूर्ण भएको छ । भिक्षुका कथाहरूलाई सङ्केन्द्रण (समाख्यान) सम्बन्धी स्थापित

सिद्धान्तका आधारमा निगमनात्मक विधिको उपयोग गरी सङ्केन्द्रणको तह, प्रकार, आधार, पक्ष, सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध आदिका आधारमाअनुसन्धान गरिएकाले नवीन ज्ञानको उन्मेष भएको छ । यसकारण यो शोधकार्यको औचित्य पुष्टि भएको छ ।

भिक्षुका कथालाईमिकि बल, जेरार्ड जेनेट र रिमोन केनोनकासङ्केन्द्रणसम्बन्धी स्थापित सैद्धान्तिक मान्यता अनुरूपयसका पक्ष, आधार, तह, प्रकारतथा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्धका आधारमा सैद्धान्तिक पद्धतिबाट कथाको अध्ययन विश्लेषण गरिएको हुदा शोधकार्यको महŒव  सिद्ध भएको छ ।

## १.६. शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य'भवानी भिक्षुका कथामा सङ्केन्द्रण' शीर्षकमा केन्द्रित भई समाख्यानशास्त्रअर्न्तगतको सङ्केन्द्रणसम्बन्धी स्थापित सिद्धान्तकाआधारमा निगमनात्मक विधिका माध्यमबाट कथांशलाई साक्ष्यका रूपमा उपयोग गरी अध्ययन अनुसन्धान गरिएको छ । यसका अतिरिक्त अन्य कुनै सैद्धान्तिक मान्यताको उपयोग शोधकार्यमा गरिएको छैन ।

शोधकार्य सम्पन्न गर्नका निम्ति भिक्षुका चार ओटा कथासङ्ग्रहमा समावेश गएका चौवालिस ओटा कथाहरू मध्ये बत्तिस ओटा कथाका उनन्चालिस ओटा कथांशलाई साक्ष्यका रूपमा उपयोग गरी विश्लेषण गरिएको छ । यसअन्तर्गत *गुनकेसरी*कथासङ्ग्रहबाट त्यो फेरि फर्कला ?, मालिकको छोरो, प्रेमको एउटा कथा, रक्सीबाज, तपस्या, शैतानको शैतानी, मानव, रमा, गुनकेसरी, व्यर्थता कथाहरू समावेश गरिएको छ । यस्तै *मैयाँसाहेब* कथासङ्ग्रहबाट हारजीत, मैयाँसाहेब, एउटा समस्या, माऊजडबाबुसाहेबको कोट, अब म त्यस पसलमा सिगरेट किन्दिनँ, वन्दना कथाहरू समावशे गरिएको छ । यसै गरी *आवर्त*कथासङ्ग्रहबाट मेरो सानु साथी, कूवा, एक पैसा, दुई अनुभूत सत्य, रानीसाहेब, बन्दोबस्त, मीना कथाहरू समावेश गरिएको छ ।यस्तै *अवान्तर*कथासङ्ग्रहबाट भालुका बच्चा मानिसका बच्चा, एउटा छर्लङ्ग प्रेम कथा, ज्ञात भएजति, ईश्वर खुदा गाँडका कान, नयाँ इतिहासको प्रारम्भ, पाइप, भ्रष्ट यज्ञ कथाहरूलाईसङ्केन्द्रणको पक्ष, आधार, ता, प्रकार, सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध जस्ता सैद्धान्तिक मान्यताअनुरूप अध्ययनक्षेत्रका आधारमा समावशे गरिएको छ ।यसका अतिरिक्त अन्य कुनैपनि कथांशलाई यहाँ अध्ययनका निम्ति समावेश गरिएको छैन । यही नै यस शोधकार्यको मुख्य सीमा रहेको छ ।

## १.७. शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलनविधि र विश्लेषण विधि पर्दछन् । यी दुवै पक्षका बारेमा क्रमशः तलका उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

### १.७.१. सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्य सुसम्पन्न गर्नका निम्ति प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । यसका लागि पुस्तकालयलाई सामग्रीसङ्कलनको प्रमुख आधार बनाइएको छ भने कथाकार भवानी भिक्षुका *गुनकेसरी, मैयाँसाहेब, आवर्तर अवान्तर* कथासङ्ग्रहलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा र सङ्कलित सामग्रीको विश्लेषणका लागि जेरार्ड जेनेट, मिकि बल र रिमोन केनोनका सङ्केन्द्रणसम्बन्धी स्थापित सैद्धान्तिक मान्यता तथा पूर्वाध्ययनमा केन्द्रित सामग्रीहरूलाई द्वितीयक स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२. सामग्री विश्लेषणविधि

प्रस्तुत शोधकार्यमा उठाइएका समस्याको प्राज्ञिक सामाधानका लागि भवानी भिक्षुका कथालाई मुख्य आधार बनाइएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि जेरार्ड जेनेट, मिकि बल र रिमोन केनोनद्वारा स्थापित सङ्केन्द्रणसम्बन्धी सिद्धान्तलाई आधार बनाएर अध्ययन अनुसन्धान गरिएको छ । यस सिद्धान्तले आख्यानको विश्लेषण सङ्केन्द्रणसम्बन्धी शास्त्रीय मान्यताअनुरूप गरिनु पर्दछ भन्ने मत राख्दछ । प्रस्तुत शोधप्रबन्धमा उक्त सिद्धान्तलाई आधार बनाएर शोधकार्य सम्पन्न गर्नका निम्तिवैज्ञानिक र व्यवस्थित रूपमा अध्ययन अनुसन्धानगरिएको छ ।

समाख्यानशास्त्रअन्तर्गत सङ्केन्द्रणसम्बन्धी मान्यतामा आधारित भई सामग्रीको विश्लेषण गरिने हुनाले यस शोधकार्यमा ज्ञानको प्रतिपादन निगमनात्मक विधिका माध्यमबाट निर्दिष्ट रहको छ । शोधकार्य सम्पन्न गर्ने क्रममा नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य नराखी स्थापित सिद्धान्तको प्रयोगद्वारा सामग्रीको विश्लेषण गरिएको छ ।

शोधकार्यमा भिक्षुका कथाहरूलाई सङ्केन्द्रणसम्बन्धी मान्यताका आधारमायसको पक्ष, तह, प्रकार, सङ्केन्द्रक र सङ्केन्द्रितबिचको सम्बन्धलाईविश्लेषणत्मक विधिको उपयोग गरीनिष्कर्षमा पुगिएको छ । विभिन्न विद्वान्द्वारा प्रतिपादित सिद्धान्तका आधारमा विश्लेषण गरिएकाले यो शोधकार्य

गुणात्मक प्रकृतिको भएको छ । समस्याकथनमा उठाइएका शोध समस्याहरूको समाधानका निम्ति निम्नानुसार सङ्केन्द्रण विश्लेषणको ढाँचाको उपयोग गरिएको छ :

पहिलो समस्यासङ्केन्द्रणको पक्षर आधारहरूको विश्लेषण निम्न आधारमा गरिएको छ :

(क) सङ्केन्द्रणकोमनोवैज्ञानिक पक्ष,

(ख) सङ्केन्द्रणकोवैचारिक पक्ष,

(ग) सङ्केन्द्रणकोअन्तर्दृष्टिमूलक पक्ष,

(घ) कथाको विषयवस्तु प्रस्तुतिको आधार,

(ङ) कथाका पात्रको भूमिका/सक्रियताको आधार,

(च) कथाका पात्रको वैचारिकताको आधार,

(छ) कथाका पात्रको संज्ञानको आधार ।

दोस्रो समस्यासङ्केन्द्रणको तह र प्रकारको विश्लेषण निम्न आधारमा गरिएको छ :

(क) सङ्केन्द्रणको बाह्य तह,

(ख) सङ्केन्द्रणकोआन्तरिक तह,

(ग) आग्रहको तह,

(घ)आन्तरिक सङ्केन्द्रण, बाह्य सङ्केन्द्रण, र शून्य सङ्केन्द्रणको स्थिति ।

तेस्रोसङ्केन्द्रक र सङ्केन्द्रितका बिचको सम्बन्धको विश्लेषण निम्नआधारमा गरिएको छ :

(क)आन्तरिक सङ्केन्द्रक/फोकलाइजरको उपस्थिति,

(ख)बाह्य सङ्केन्द्रक/फोकलाइजरको उपस्थिति,

(ग) सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्धका आधारहरू ।

## १.८. शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र सु-सङ्गठित रूपमा सम्पन्न गर्नका निम्ति निम्न आधारमा शोधप्रबन्धको परिच्छेदहरू विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : भवानी भिक्षुका कथामा सङ्केन्द्रणको पक्ष र आधार

तेस्रो परिच्छेद : भवानी भिक्षुका कथामा सङ्केन्द्रणको तह र प्रकार

चौथो परिच्छेद : भवानी भिक्षुका कथामा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध

पाँचौं परिच्छेद : शोधसार तथा निष्कर्ष

सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद

## भवानी भिक्षुका कथामा सङ्केन्द्रणको पक्ष र आधार

### २.१. विषयपरिचय

भवानी भिक्षु नेपाली साहित्यकाशमा सुपरिचित व्यक्तित्व हुन् । विशेषतः कथा सिर्जनामा उनको अतुलनीय योगदान छ । उनका कथामा समाजका सबै वर्गका पात्रको सक्रिय उपस्थिति देखिन्छ ।भिक्षुका कथाभित्रपात्रले देखेको वा भोगेको कार्यव्यवहारलाई आधार बनाएर आख्यानात्मक घटनाक्रम अघिबढेकोहुन्छ । कथामा आएको आख्यानात्मक घटनाक्रमका आधारमा सङ्केन्द्रणको पक्ष र आधार निर्धारण भएको हुन्छ ।कथामा आख्यानात्मक घटना क्रमलाई अघिबढाउनका लागि पात्रहरूलेमनोवैज्ञानिक पक्ष, वैचारिक पक्ष र अन्तर्दृष्टिमूलक पक्षको अनुसरण गरेको देखिन्छ । यी पक्षभित्र पात्रको सिक्रयता, संज्ञानात्मक चेतना, आख्यानका विचारपक्षको प्रस्तुति आदि विषयहरू केन्द्रमा रहेको हुन्छ । यिनै पक्षका आधारमा भिक्षुका कथाहरूको अध्ययन विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

आख्यानमा सङ्केन्द्रकका मार्फतबाट समाख्याताले प्रस्तुत गरेको विचार, हेराइ, अभिव्यक्तिको शैली, विषयप्रस्तुति आदि अवस्थालाई आधार बनाइएको हुन्छ । यसमा समाख्याताको दृष्टि र अभिव्यक्ति आएको हुन्छ । सङ्केन्द्रणमा आएको विषयले यसको आन्तरिक सम्बन्धलाई स्पष्ट पारेको हुन्छ । यसभित्र विषयप्रस्तुतिको आधार, पात्रको सक्रियताको आधार, वैचारिक आधार र संज्ञानका आधारमा पात्रको चेतना, परिस्थिति, वस्तुनिष्ठ विषयप्रस्तुति र पूर्वस्मृतिका घटनाहरू सङ्केन्द्रित भएर आएको हुन्छ । यिनै पक्ष र आधारभित्र रहेर यो परिच्छेदमा अध्ययन विश्लेषण गरिएको छ ।

### २.२. भिक्षुका कथामा सङ्केन्द्रणको पक्ष

आख्यानात्मक संसारमा पात्रको कार्यव्यवहार, सक्रियता, पात्रले निर्वाह गर्ने भूमिका आदिका आधारमा सङ्केन्द्रणका विभिन्न पक्ष निर्माण भएको हुन्छ । आख्यानमा आएका मनोवैज्ञानिक पक्ष, वैचारिक पक्ष र अन्तर्दृष्टिमूलक पक्षभित्र पात्रका मस्तिष्कको संवेग, आवेग, वैचारिकता, संज्ञान जस्ता विविध विषय,परिस्थिति,घटनाक्रम आदिलाई सङ्केन्द्रकका रूपमा अघि बढाएको हुन्छ

।भिक्षुका कथामा आएका यिनै पक्षलाई आधार बनाएर सैद्धान्तिक मान्यताअनुरूप यहाँ अध्ययनविश्लेषण गरिएको छ ।

## २.२.१. मनोवैज्ञानिक पक्ष

मानव मनको विज्ञान नै मनोविज्ञान हो । यसमा मानवमन र मस्तिष्कले संज्ञान गरेको विषय मनोवैज्ञानिक पक्ष बनेर आएको हुन्छ । मनोवैज्ञानिक पक्षमा पात्रले संज्ञान गरेको विषयलाई पात्रले नै केन्द्रीकरणको भूमिका निर्वाह गर्न सक्दछ । यसको सैद्धान्तिक आधार सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर, कार्ल गुस्ताभ युङग, जाक लकँ जस्ता मनोवैज्ञानिक चिन्तकहरूले स्थापन गरेको सैद्धान्तिक मान्यता र अनुसन्धानात्मक पद्धति हो । सङ्केन्द्रणमा सङ्केन्द्रकद्वारा मनोवैज्ञानिक पक्षलाई घटनाको विषयका आधारमा प्रशोधन गर्ने र पात्रको मनोविज्ञानलाई आधार मानेर उचित ढङ्गले विश्लेषण गर्ने जस्ता कार्य गरिन्छ ।

मनोवैज्ञानिक पक्षभित्र पात्रको मनोविज्ञान वा संवेग प्रस्तुत भएको हुन्छ । यसमा आख्यान संसारभित्र पात्रले संज्ञान गरेका विषयवस्तु आएको हुन्छ । 'पात्रको संवेदनाका दायरामा उसको मनोवैज्ञानिक अवधारणालाई सङ्केन्द्रण गरेको हुन्छ । यसभित्र पात्रको मनोविज्ञान र भावनालाई समावेश गरिएको हुन्छ ।यसमा मनोविज्ञानका ज्ञान, अनुमान, धारणा, विश्वास, स्मृति संज्ञान जस्ता पक्षसमावेश गरिएको हुन्छ (केनोन, १९७१,पृ.७९) ।' मनोवैज्ञानिक पक्षभित्र समाख्याताले प्रकृति तथा निर्जीव वस्तुलाई मानवीकृत गरेर आफ्नो मनोविज्ञानलाई सोही पदार्थका मार्फतबाट प्रकट गरिएको हुन्छ । यसका अतिरिक्त समाख्याताले मनोविज्ञानका सबै पक्षलाई प्रतीकात्मक रूपमा पात्रको संज्ञानसँग जोडेर प्रस्तुत गरेको हुन्छ ।

सङ्केन्द्रणलाई मनोवैज्ञानिक पक्षका आधारमा प्रष्टचाउँदै जेनेट भन्छन्: 'सङ्केन्द्रणको आन्तरिक पक्षलाई मनोलोक वा मनोविज्ञानको इन्टियर पक्षका कथामा मात्र पूर्णरूपमा महसुस गर्न सकिन्छ । यसका अतिरिक्त यसलाई मनोविज्ञान र आन्तरिक सङ्केन्द्रणका आधारमा पनि प्रस्तुत गर्न सकिन्छ (जेनेट, १९८३,पृ. १९३) ।' अर्थात् यसमा मानिसकोअन्तर्मनका भावनाहरूलाई प्रस्तुत गर्नका लागि समाख्याताले मानवेतर प्राणी तथा निर्जीव वस्तुलाई आख्यानको पात्रका रूपमा प्रयोग गरेको हुन्छ । यसका अतिरिक्त मानवेतर प्राणीलाई मानवका रूपमा स्थापित गर्दै पात्रको मनोविज्ञानलाई अभिव्यक्त गरिएको हुन्छ । मनोवैज्ञानिक पक्षका यिनै विविध मान्यताहरूका आधारमा भिक्षुका मनोवैज्ञानिक कथाहरूको विश्लेषण गरिएको छ ।

बल मनोविज्ञानमा आधारित भएर लेखिएको मेरो सानू साथी (र.का.?)कथामा कथाको मुख्य पात्रका मार्फतबाट समाख्याताले प्रस्तुत गरेकोनिस्सार जीवनप्रतिको धारणा अभिव्यक्त भएको छ । समयक्रमसँगै जीवनको निरन्तर यात्रा घट्दै जाने र चाहेर पनि कसैको यात्रामा कसैले पनि साथ दिन नसक्ने अवस्था भएकाले सबैले आ-आफ्नो जीवन एक्लै जिउनुपर्छ भन्ने म पात्रकोविचारलाई मनोवैज्ञानिक पक्षका आधारमा तलको कथांशमा चर्चा गरिएको छ ।

> रेल फेरि हिंडचो । म भित्र पसैँ । आफ्नो शीटमा बसेर अनुभव गरें, रेलको दगुऱ्याइँका कर्कश स्वर मेरो त्यस, अब कहिल्यै पनि भेट्न नपाउने साथीको चिच्याहटमा परिणत भएको छ । कान भने त्यसैको चिच्याहट् सुनिरहेका थिए, र मन भने संझिरहेको थियो-अब यात्राका अन्तसम्म यो कोठा रित्तै रहनेछ । म एक्लै रहनेछु । यात्रा एक्लै गर्नुपर्नेछ । कसैको यात्रामा कोही पनि साथ दिन सक्तैन, चाहेर पनि देने होइन । यात्रा भने सारालाई एक्लै सिध्याउनुपर्छ– एक्लै....एक्लै...एक्लै... ( भिक्षु, २०२४, पृ. २७।

प्रस्तुत कथांशमा समाख्याताले मपात्रका मार्फतबाट रेलको निरन्तर यात्रासँग जीवनको अविच्छिन्न यात्रालाई तुलना गर्दै जीवनको यात्रा प्रारम्भदेखि अन्तसम्म एक्लै गर्नु पर्ने मनोभाव अभिव्यक्त गरेका छन् । यहाँ यात्राको क्रममा भेटिएको सानु साथीसँग म पात्रको मन मिल्न गएको र दुबै पात्रको समान मानसिक अवस्था सिर्जना भएको देखिन्छ । यस्तै म पात्रले कथांशमार्फत आत्मिक विश्वास, सानु साथीप्रतिको आत्मीय भावनालाई अभिव्यक्त गरेको देखिन्छ । यसकारण उक्त कथांशमा म पात्र र सानु साथीको मनोवैज्ञानिक पक्ष सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कथांशमा समाख्याताले म पात्रका माध्यमबाट अनन्त जीवनमा आइपर्ने एकल यात्राको स्थितिलाई विषयका आधारमा प्रस्तुत गरेको देखिन्छ भने कार्य र घटनाका आधारमा निस्सार, शून्य जीवनको वास्तविकतालाई प्रस्तुत गरेको देखिन्छ । यसका अतिरिक्त धारणा, स्मृति, संज्ञान, ज्ञान र परिस्थिति जस्ता मनोवैज्ञानिक पक्षका आधारमा आफ्नो अन्तर्निष्ठ संवेदनालाई प्रस्तुत गरेको देखिन्छ । एक्लो जीनवको पट्यारलाग्दो समय व्यतीत गर्नका लागि सबैले चाहेर नचाहेर एक्लै यात्रा गर्नु पर्छ जीवन र मृत्यु एक्लै अनुभूत गर्ने विषय हो भन्ने मनोभावसम्बन्धित विषयका रूपमा प्रस्तुत भएको देखिन्छ ।

माथिको कथांशमा पात्रको संवेदनालाई अभिव्यक्त गर्नेक्रममा आफ्नो जीवनको यात्रा हरेकले छुट्टाछुट्टै र एक्लै गर्नुपर्छ, यहाँ कसैले पनि कसैलाईसाथ दिँदैन सबैको आ-आफ्नै संसार छ । सबैले आफ्नो जीवन जसरी पनि बिताउनुपर्छ भन्नेकथात्मक विचार मनोवैज्ञानिक पक्षका आधारमा सङ्केन्द्रण भएर आएको देखिन्छ ।

भालुका बच्चाः मानिसका बच्चा(र.का.२०२७) कथामा समाख्याताले म पात्रको मनोलोक वामनोविज्ञानको इन्टियर पक्षलाई विषय, र परिस्थितिका आधारमा प्रस्तुत गरेका छन् । यहाँ आफ्नो बाबा र ओभरसियर गुरुबख्शरायको मनोवैज्ञानिक अवधारणका आधारमा धारणा, स्मृति, संज्ञान आदि अवस्था प्रस्तुत गरेको देखिन्छ । कथाको प्रमुख पात्र मका विचार र अभिव्यक्तिका आधारमा समग्र कथाअघि बढेको छ भन्ने कुरा तलको साक्ष्यमा आएकोछ ।

> मेरो नजर बाबाको अनुहारमा पुग्यो । शिकारको सफलतापछि हुनुपर्ने प्रफुल्लता त्यस अनुहारमा थिएन । थियो भने एउटा विषण्णताको छाया ! एउटा ढलेको रूखमाथि आफ्नो टाउको निहु¥याई उहाँ बस्नुभएको थियो । अलिक मात्रै भए पनि आँखा स्पष्टतया आर्द्र । आकारमा प्रत्यक्ष पश्चाताप ! थामिई थामिई भालूनीको कराइ कानमा पर्दथ्यो । यत्तिकैमा जुँगा मुसार्दै ओभरसियर गुरुबख्शरायले भालूनीको नजीकै पुगेर एक पटक जुँगा मुसारी, आफ्नो २५० बोरको राएफल छातीमा जमाई निशाना सोभ्म्याएर उसको छातीमा गोली हाने । कराइ शान्त भयो । साथै ओभरसियरसाहेबले पनि कराए, वह मारा शिकारमेराहै ! जिसने मारा उसका शिकार ! बच्चाहरू गल्लल हाँसे (भिक्षु, २०३४, पृ. ६५) ।

प्रस्तुत कथांशमा मातृत्व सिर्जनाको प्रतीक भएकाले यसलाई ध्वस्त बनाउन चाहने पाषाण हृदय भएकाहरू पनि मातृत्वको प्रभावबाट सम्मोहित हुन्छन् भन्ने मनोवैज्ञानिक पक्ष अभिव्यक्त भएको छ । दिनरात नभनी आफ्नो सुख र मनोरञ्जनका लागि निर्दोष निमुखा प्राणीहरूको सिकार गर्ने आततायी समूहको जत्था पनि नवजात शिशुकी आमा भालु मारिएपछि करुणाले द्रवीभूत हुन्छन् भन्ने भाव कथांशमा अभिव्यक्त भएको छ ।

नवजात शिशुको जन्म र सुत्केरी अवस्था सम्पूर्ण प्राणीहरूको अत्यन्त कारुणिक अवस्था हो । त्यसमा पनि निमुखा र निहत्था अबोध प्राणीहरूको मातृत्वकालीन समय अत्यन्त संवेदनशील हुन्छ । एउटी नवजात शिशुकी आमा भालुलाई रात्रिको समयमा बास बसिरहेको अवस्थामा आततायी

समूहद्वारा राँको र पुल्ठो बालेर ओडारबाट आफ्ना बच्चासहित प्राणको रक्षार्थ निस्कन बाध्य तुल्याइएको छ । बच्चाको रक्षार्थ प्रयत्नरत भालुलाई मारेपछि ती आततायी समूहको नाइकेमा मातृत्वलाई लिएर जुन मानसिक बहस उत्पन्न भएको छ त्यसैले मातृत्वको रक्षा सबैबाट हुनुपर्छ भन्ने सन्देश तथा अकाट्य विचार निष्पन्न भएको छ भने म पात्रको मोविज्ञान पनि यहाँ सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कथांशमा समाख्याता र म पात्रको मस्तिष्कमा आवेग र संवेग प्रष्ट रूपमा आएको देखिन्छ । पात्रका वैचारिक तथा मनोवैज्ञानिक पक्षलाई मानवेतर प्राणी भालुको अवस्थाका आधारमा अभिव्यक्ति आएको देखिन्छ । यहाँ समाख्याता र म पात्रको दृष्टिकोण (घटना, कार्य, परिस्थिति, परिवेश र सन्दर्भ) अर्थात् फोकलाइज्डप्रतिको संज्ञान र संवेग मनोवैज्ञानिक पक्षकारूपमा अभिव्यक्त भएको देखिन्छ ।

पात्रको मनोवैज्ञानिक विषयवस्तुमा आधारितत्यो फेरि फर्कला? (र.का.१९७७) कथाको मुख्य पात्र सानीका मार्फतबाट समाख्याताले मनोविज्ञानका समग्र विषयवस्तुलाई प्रस्तुत गरेको देखिन्छ । यस कथामा आफ्नो घर (चियाभट्टी) मा राति बास बस्न आएको यात्रीका बारेमा सानीको मनमा उठेका विभिन्न मनोवेगलाई प्रस्तुत गरिएको छ । कथांशभित्र सानीको मनमा उद्वेलित विभिन्न भावहरू अभिव्यक्त भएको देखिन्छ । सानीले त्यो(यात्री) का बारेमा राखेको धारणाले उसको जीवनका सम्पूर्ण आन्तरिक पक्षलाई नियाल्ने कोसिस गरेको र यी सबै कोसिसहरू मनोगत रूपमा भएकाले कथांशमा मनोवैज्ञानिक पक्ष प्रबल रूपमा आएको तलको साक्ष्यबाट स्पष्ट हुन्छ ।

> ओछ्यानमा पल्टेकी कुन्नि के के सोचिरहेकी सानीले हठात् यात्रीको कोठाबाट आइरहेको खटपट ध्वनि सुनी । त्यो त्यही कुरा सोच्नमा मग्न भई!अहिलेसम्म त्यसले खानापीन गरिसकेको रहेनछ क्यारे । भात पकाउन जान्दो हो कि होओइन, पकाइसकेको तिहुन-तरकारी चूल्होबाट उतार्दा खसाल्यो पो होला कि ! लोग्नेमान्छे भातपकाउन कहाँ जान्दो हो र ! तर त्योत त सधैं मधेसैमा बसिरहेको मान्छे हो.... विचारधारा अर्कैतिर बग्यो - त्यसो भए त्यसकी स्वास्नी होली । अनि मुटुमा प्याट्ट एउटा थपडी जस्तो लाग्यो च्याप्प गरेझैं !(भिक्षु, २०१७, पृ. १३६) ।

प्रस्तुत कथांशमा समाख्याताले ‘त्यो फेरि फर्कला?’ कथाको प्रमुख पात्र सानीका मार्फतबाट आख्यानात्मक घटनालई वर्णन गरेका छन् । सानीको चढ्दो यौवन विपरीतलिङ्गप्रतिको आकर्षण, त्यो

अर्थात् यात्रीसँगको साँझपखको भेट, रात्रिमा दुबैजनाको एक्लो बास, आदिका आधारमा समाख्याताले सानीको मनोविज्ञान र दृष्टिकोणलाई कथासम्बद्ध विषयका माध्यमबाट प्रस्तुत गरेका छन् ।

घरमा आएको यात्री यो रातिमा एक्लो छ, म पनि एक्लो छु परपर छौँ । त्यो एक्लै खाना पकाउँदै छ, त्यसको नजिक म भए केही सहज हुन्छ कि ? भन्ने सानीको मनमा उठेका विभिन्न भावहरू संज्ञानात्मक आधारमा आएको देखिन्छ । यहाँ सानीको मनोवेग मानसिक आरोह अवरोह उसले गरेको संज्ञानलाई आख्यानकारले मनोवैज्ञानिक पक्षका आधारमा प्रस्तुत गरेका छन् ।

कथांशमा सानीको मनमा उठेको मानसिक उद्वेग, उसको मस्तिष्कले गरेको संज्ञान, यात्रीप्रतिको धारणा आदि मानसिक पक्षहरूसङ्केन्द्रण भएर आएको देखिन्छ । त्यसले पकाएको तिउन पोख्यो वा अन्य केही पो भयोकि ? त्यसको विवाह भएको छ कि  छैन होला... ? घरमा श्रीमती पो छे कि ? भन्ने प्रश्न सानीको मनमा उब्जँदा मुटुमा प्याट्ट एउटा थपडी जस्तो लाग्नुले कथामा मनोलोवा मनोविज्ञानको आन्तरिक इन्टिरियल पक्ष प्रबल बनेर आएको देखिन्छ । यसकारण कथांशमा आएको सानीको विचार मनोविज्ञानका विभिन्न तहभित्र मनोवैज्ञानिक पक्षसङ्केन्द्रण भएर आएको देखिन्छ ।

बाल मनोविज्ञान र पारिवार संरचनाका आधारमा लेखिएको मालिकको छोरो (र.का.१९९९) कथाको मुख्य पात्र कृष्णेका मार्फतबाट समाख्याताले समग्र कथाको  विषयवस्तुलाई वर्णन गरेको देखिन्छ । कथामा बाल्यकालमै आमाको मृत्यु भएको र मातृवात्सल्यबाट वञ्चित कृष्णेको जीवनमा सौतेनी आमा आएपश्चात् कुनै पनि तरिकाले  हेरविचार नहुँदा ऊ दिनप्रतिदिन दुब्लाउदै गएको र मानसिक रूपमाविरामीपरेको अवस्थालाई केन्द्रित गर्दै विक्षिप्त बालमनोविज्ञाका पक्षहरू प्रबल रूपमा सङ्केन्द्रण भएर आएको अवस्था तलको साक्ष्यमा देखिन्छ ।

> उ रामेसित खेल्न पाउँदैनथ्यो । एकनासको क्रमले उसको सजीवता नै मिट्यो । अब उसलाई प्रतिक्षण एकान्तको भास हुन लाग्यो, उ आफूलाई असाहायझैँ पाउन लाग्यो । बिस्तार-बिस्तारै आफ्नो दीन हीन अवस्थामा अज्ञात भावसित उसको भित्र झिझ्याट, दिक्क लाग्न थाल्यो, र उसमा एउटा अकारणको विरोध-भावना उम्लन लागेकाले उ बातपिच्छे झगडा गर्ने पनि हुन गयो । हरेक बातमा मालिकक्नीलाई कृष्णेले तीखो जवाफ दिन लाग्यो त्यस्तै मालिक्नीले उसलाई कस्न पनि लागिन् । घरमा झगडा जस्तो गर्ने बाहिर दीन-हीन भीरुझैँ भएर रहने कृष्णेको दशा विग्रँदै गयो(भिक्षु, २०१७, पृ. १३० ।

प्रस्तुत कथांशमा समाख्याताले कृष्णेको मनोविज्ञानलाई प्रस्तुत गरेको देखिन्छ । बाल्यकालमा नै आमाको मृत्यु भएको र बुबाले सौतेनी आमासँग विवाह रेपछि उसले स्वतन्त्र जीवन जिउन, बालसुलभ व्यावहारगर्न, रामेसँग खेल्न र स्वच्छन्द जीवन बिताउन नपाएको,मानसिक-शारीरिक दुर्बलतालाई कसैले पनि ख्यालनगरेको, कामभन्दा अन्य पक्षलाई  वास्ता नै नगरेको जस्ता कार्य, घटना परिस्थितिले गर्दा कृष्णेको मनविक्षिप्त भई विस्तारै शरीर दुब्लाउँदै गएको अवस्थालाई प्रस्तुत गरेका छन् । कथांशमा कृष्णेको बिग्रदो स्वास्थ्यअवस्था, परिवार र समाजको हेराइ,बालमस्तिष्कमा परेको नकारात्मक प्रभाव जस्ता मनोवैज्ञानिक पक्ष सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कृष्णेको बालमनोविज्ञानमा परिवारको प्रभाव, दिन प्रतिदिनको घरझगडा, अकारण विरोधको भावना, उमेर प्रतिकूलको घरायसी व्यवहार आदि घटनाहरूले उसको मनमा उत्पन्न मानसिक विकृतिको अवस्था सिर्जना भएको देखिन्छ । सानै उमेरमा आमाको निधनहुनु र बाबाले अर्को विवाहगर्नुले कृष्णेको मस्तिष्कमा उत्पन्न भएको नकारात्मक अवस्थाको प्रभावजस्ता विषयहरू कथांशमा मनोवैज्ञानिक पक्षका आधारमा सङ्केन्द्रण भएको देखिन्छ ।

माथिका कथांशहरूमा समाख्याता वा पात्रको मस्तिष्कको चित्रण, आवेग र संवेगमा मनोवैज्ञानिकपक्षहरूको प्रस्तुति भएको पाइन्छ । समाख्याता तथा पात्रको मनोविज्ञान कथासम्बद्ध विषयप्रति पात्रको दृष्टिकोण घटना, कार्य, परिस्थिति, परिवेश, संज्ञान, सन्दर्भ आदि विषयहरू समावेश भएकाले कथांशमा मनोवैज्ञानिक पक्ष  सङ्केन्द्रण भएर आएको देखिन्छ ।

## २.२.२.वैचारिक पक्ष

आख्यानभित्र आएको विचार, अवधारण, सन्देश आदिलाई वैचारिक पक्षका आधारमा व्याख्या गरिन्छ । आख्यानात्मक पाठमा आएको वैचारिक पक्षले समाख्याता सङ्केन्द्रकको वा पात्रहरूको विचार, धारणा र आख्यनात्मक सन्देशलाई प्रस्तुत गर्दछ । आख्यानको वैचारिक पक्ष आख्यानात्मक सन्देश र आख्यानको विश्वधारणा सम्बन्धी दृष्टिकोणको एउटा सामान्य प्रणाली हो । वैचारिक पक्षमाकथनको प्रणाली वा सामाजिक संरचनाका मूल्य मान्यतालाई प्रतिविम्बित गर्नुका साथै कथामा प्रयुक्त पात्र र घटनाहरूको मूल्याङ्कन पनि गरिन्छ । यो पाठको मूल्य र मान्यतासँग सन्दर्भित भएर आएको हुन्छ । 'पाठमा यदि अर्को विचारधारा आयो भने त्यो तल्लो स्तरको (डोमिनेन्ट) फोकलाइजरको सहयोगीका रूपमा आएको हुन्छ(केनोन, १९७१,पृ. ८०) ।' अर्को शब्दमा समाख्याता

फोकलाइजरको विचारधारा आधिकारिक रूपमा लेखकीयता र पाठमा भएका अन्य विचारधारा चाहिँ यसभन्दा माथिल्लो तहको विचारधाराका रूपमा मूल्याङ्कन हुन्छभन्ने मान्यता रहेको पाइन्छ ।

वैचारिक पक्षभित्र समग्र आख्यानको विचार सङ्केन्द्रण भएर आएको हुन्छ । यसमा पाठभित्र समावेश भएका सबै विचारहरू एकत्रीकृत भएर भएको हुन्छ । 'वैचारिक पक्षलाई पाठको मानक पक्ष भनेर पनि चिनिन्छ । यसमा आख्यानका माध्यमबाट संसारलाई हेर्ने अवधारणात्मक दृष्टिकोण आएको हुन्छ । यस आधारमा कथाका घटना, पात्रको कार्यव्यवहार र उपस्थिति सङ्केन्द्रण भएर आएको हुन्छ (केनोन, १९७१,पृ. ८१) ।' वैचरिक पक्षसँग मनोवैज्ञानिक पक्षको पनि आंशिक सम्बन्ध रहेको हुन्छ । पात्रको मनोविज्ञानले गरेको संज्ञानका आधारमा आख्यानकारले पात्रका मार्फतबाट विचार प्रस्तुत गरेको हुन्छ जुन समग्र आख्यानको विचार पक्ष भएर आएको हुन्छ । उल्लिखित आधारहरूमा भिक्षुका कथाको विश्लेषण तल गरिएको छ :

*गुनकेसरी* कथासङ्ग्रहमा सङ्गृहीत प्रेमको एउटा कथा (र.का.२००१) कथामा म पात्रका मार्फतबाट अभिव्यक्त भएको वैचारिक पक्ष, उसले मान्छेका बारेमा प्रस्तुत गरेको विचार,सङ्केन्द्रण भएर आएको देखिन्छ । मानव गल्तीको पुत्ला हो, उसमा विकारको बीज जन्मदै भगवान्ले रोपिदिएका हुन्छन् भन्ने सर्वमान्य विचार तलको साक्ष्यमा अभिव्यक्त भएको देखिन्छ ।

> यद्यपि मान्छे अजेय होइन; र उसभित्र विकारको बीउ त जन्मैदेखि रोपिदिएर भगवान्ले उसलाई मनुष्य भन्ने नाउँ दिएका हुन् । तर मेरो दीर्घ अनुभव के छ भने-अभाव र कमीभित्रै विकारको कुत्सित विजय मान्छेमाथि प्राप्त हुँदोरहेछ । मानसिंहसितको सम्बन्ध, आत्मिक सोझो बन्धुत्व बलजफतीसित बन्द गरिदिंदा पहिलोपटक जब मैले आफूलाई एउटा कमीभित्र पाएँ, त्यसै दिन पहिलोपटक विकार क्याहो भन्ने कुराको परिचय पाउने दुर्भाग्यले पनि मलाई नछोई रहेन (भिक्षु, २०१७, पृ. २२-२३) ।

प्रस्तुत कथांशमा समाख्याताले समग्र मानवका बारेमा अकाट्य विचार प्रस्तुत गर्दै मानिसले जन्मदेखि मृत्युपर्यन्त गल्ती गर्दछ । ऊ जन्म र मृत्युको चक्रमा फसेको हुन्छ ।मानव अभाव पीडा र कुत्सित विजयमा फसेको हुन्छ । उसलेसाना उपलब्धिलाई ठुलो मानेर अज्ञानतामा फसेको हुन्छ । ऊ लोभ तथा पापको बाहिरी संसारमा फसेको हुन्छ भन्ने वास्तविकतालाई समग्र मूल्य, मान्यता, विचारधारा आदिका आधारमा कथांभित्र वैचारिक पक्षसङ्केन्द्रण भएको देखिन्छ ।

भिक्षुका कथाहरू सरल र सहज शैली ग्रामीण तथा सहरिया परिवेशमा सिर्जना भएका छन् । गुनकेसरी कथा सङ्ग्रहमा रहेका गुनकेसरी, रमा, स्वामी, मानव, तपस्या आदि कथाहरूमा मानव जीवन अमूल्य छ मानवले मानवलाई सम्मान गर्नुपर्छ भन्ने विचार वैचारिक पक्षसङ्केन्द्रण भएको छ भने'प्रेमको एउटा कथा' कथामा आफ्नो जीवन आफूले चाहेअनुसार जिउन पाउनुपर्छ भन्ने वैचारिकपक्ष सङ्केन्द्रण भएर आएको देखिन्छ ।

समाजको वास्तामा आधारित एउटा छर्लगं प्रेम कथा(र.का.२०२४) कथामा प्रेम जीवनको गरिमायम र शाश्वत् पक्ष भएकाले यसलाई कुनै पनि बहानामा कसैले आघात पुऱ्याउनु हुँदैन भन्ने वैचारिक पक्ष तलको कथांशमा अभिव्यक्त भएको छ :

> जुन बखत प्रेम सामाजिक, नैतिक, धार्मिक र जातीय अपराध मानिन्थ्यो उस बखत त्यो कुरा भन्दै भनिनँ । तैपनि भएजतिका उकुसमुकुसहरूले लुकाइवरी जे-जति अभिव्यक्ति पाए, तिनमा कला- वित्तको साधारण व्यय भएको छैन । तर तिन ताका बहुत थोरै मालको लागि करोडौं खर्च गर्नुपरेको थियो (भिक्षु, २०३४, पृ. १) ।

प्रस्तुत कथांशमा समाख्याताको मान्यता प्रेमका विषयमा वैचारिक अवधारणा भएर आएको देखिन्छ । प्रेम सामाजिक, नैतिक, धार्मिक तथा जातीय अपराध नभएर मानव मानवका बिचमा सकारात्मक सन्देश फैलाउने माध्यम/पक्ष हो भन्ने आदर्श विचार कथामा सङ्केन्द्रण भएर आएको देखिन्छ । प्रेम सामाजिक विषय हो र यसका बारेमा मनोमानी विचार प्रस्तुत गर्नुहुँदैन । यो सामाजिक मूल्य र मान्यतासँग सम्बद्ध हुन्छ भन्ने वैचारिक पक्ष यहाँ सङ्केन्द्रित भएर आएको देखिन्छ ।

प्रेम नै सम्पूर्ण विषय हो । प्रेमलाई चलाउनु पाप मात्र नभएर महापाप हो । नारी नै नारीका शत्रुहुन्छन्। मानिसले बदला लिनको लागि जस्तो सुकै बाटो पनि लिन सक्छ । प्रेम स्वतन्त्र हुन्छ । यो जातभात, धनसम्पत्ति, सत्ता र शक्ति बराबर भएकासँग मात्र गरिँदैन भन्ने वैचारिक पक्षयहाँ सङ्केन्द्रण भएर आएको छ ।

नेपाली समाजको संरचनात्मक व्यवस्थामा आधारित भएर लेखिएको प्रेमको एउटा कथा ( र.का.२००१) कथामा समाख्याताले समाजको व्यवस्था, सभ्यसमाज निर्माण र सामाजिक सम्बन्धका बारेमा प्रस्तुत गरेको वैचारिक पक्ष तलको कथांशमा सङ्केन्द्रण भएर आएको छ :

> केटाकेटीदेखि नै कुनै दोष-बिराम गरे पनि आमाको काखमा जाँदा त्यो दोष अपराधको सट्टा गुण हुन जाने र आमाबाट त्यही दोष अपराधतिर मेरो पक्ष लिएर अरूहरूसित झगडा, कुरा गर्ने आमाको चिरपरिचित मेरो पुरानो परिवारमा मेरो एउटा ठुलो धक्का जस्तो पर्न जान्थ्यो; र मेरो अन्तरभित्रको कोमल अनुभूतिमा एउटा हलचल उठ्थ्यो, मानो केटाकेटीदेखि नै लिएर अझसम्म मलाई धोका, छल र नीति मात्रै मिलिरहेको थियो (भिक्षु, २०१७, पृ. १९) ।

प्रस्तुत कथांशमा समाख्याताले मानवता र मानवको सुन्दर पक्षका बारेमा अवधारणा अभिव्यक्त गरेको देखिन्छ । कथांशमा केटाकेटी निर्दोष हुन्छन् र उनीहरूका लागि आमाबाबु नै सबैथोक हुन् भन्ने विचार सङ्केन्द्रण भएर आएको छ । केटाकेटीले गरेका गल्ती कमजोरीलाई समान्य रूपमा लिइन्छ । केटाकेटीका बिचमा हुने सामान्य विवादलाई लिएर घरपरिवार, समाज तथा समुदायमा हानी हुने काम कहिल्यै गर्नु हुँदैन भन्ने वैचारिक पक्ष यहाँ सङ्केन्द्रण भएर आएको देखिन्छ । यसका अतिरिक्त साना-साना बच्चाका लागि आफ्ना अभिभावक, संरक्षक र शुभचिन्तक हुन् । अभिभावक नै बच्चाको सर्वोपरि हितकारी हुन्छ भन्ने विचार तथा दृष्टिकोण कथांशमावैचारिक पक्षका रूपमा सङ्केन्द्रित भएको देखिन्छ ।

नेपालको तराई परिवेशमा आधारित भएर लेखिएको हारजीत(र.का.२०१५) कथाका माध्यमबाट आख्यानकारले तराई परिवेशको घटना, स्थानीय परिवेश, सामाजिक संरचना, समाजव्यवस्था, पात्रले गर्ने कार्यव्यवहार, चेतना, संज्ञान जस्ता पक्षलाईवैचारिकतता आधारमा तलको कथांशमा प्रस्तुत गरेको देखिन्छ :

> बाबुआमा नभएरै मनोहरको पितृत्वमा नै रतियालाई बिदा गरी पठाई सबै फर्के । पछि गाउँमा पुगेर मात्र घुरहूकी महतिनी मोहको सुरमा रुन थालेकी सबैले सुने ! यसरी रतियाको बिदाइ भयो' अलगुवाले पनि सोनवालाई आफ्नै घरमा अब राखी नै रहने कुराको पनि टुंगो लाग्यो' तर यसपालि पनि गोटिहवा गाउँमा यसको टुंगो

> लाग्न सकेन कि 'गाउँका एउटा बलियो र अर्को गरीप, तर दुई विभिन्न मर्यादाका प्रतिस्पर्धीरूहमा कसको जीत भयो, कसको हार ?' (भिक्षु, २०१७, पृ. ५५) ।

प्रस्तुत कथांशमा आख्यानकारले नेपालभित्र मधेश-परिवेशको घटनालाई वर्णन गर्दै समाजमा सबैको सह अस्थित्व कायम रहनु पर्नेकसैले कसैलाई वर्गीय, जातीय र लैङ्गिक आधारमा पक्षपात गर्न नहुने यसप्रति समाजका सबै मानिस सचेत हुनुपर्छ भन्ने  विचार कथाका पात्रहरूको सक्रियताका आधारमाअभिव्यक्त गरेकोदेखिन्छ ।

कथांशमा आएका पात्रहरूको सक्रिय उपस्थिति, सामाजिक व्यवहार, समाजका दुई विपरीत वर्गकोपात्रका बिचमा भएको आपसी द्वन्द्वबाट उत्पन्न भएको विचार जस्ता विविध पक्षका आधारमा कथामा आएको विचार सङ्केन्द्रित भएको छ ।

तराई परिवेशको सामाजिक घटनामा आधारित कूवा(र.का.२०२०) कथाका माध्यमबाट आख्यानकारले विपरीत लिङ्गप्रतिको आकर्षण तथाजीवन र प्रेमका अनन्त विषयलाई प्रकट गरेका छन् । यहाँ जीवनको उद्देश्य के हो ? प्रेम के हो ? मनले के चाहान्छ ?जीवनमा प्रकृतिको भूमिका कस्तो हुन्छ ? यौवन के हो ? मनको तृष्णा के हो ? अतृप्तकामेच्छाले जीवनमा के कस्तो असर पार्दछ ?भन्ने विभिन्न दार्शनिक प्रश्नहरूको विचारसम्मत उत्तर कथामा आएको छ ।

> कुन केटी ? अन्कनाए भैँ बारीले सोधी । त्यही प्रेमा भन्ने केटी, सम्भिmनौ ? कत्ति जिस्किरहन्थी त्यो । अँ सम्भmे सम्भmे । आज फेरि किन उसलाई सम्भmनुपऱ्यो ? अबत उ तिम्रो पासमा आउदिन, होइन हिजो आएकी थिई ! तर...। तर तिमीसित जिस्कन, होइन ? कुरा काट्दै बारीले भनी । मेरो मन नबिगार जर्जर भएर पनि जीवन शेष छ । जतिन्जेल बाँच्नु परिरहेछ, बाँच्न देऊ । जीवन र प्रेमका परस्पर पर्याय रहिरहुन् । संभmना हाम्रो अन्तिम क्षणका रस हुन् । प्रकृति स्वयं बूढी हुन्नअरुलाई मात्र बूढो पारिदिन्छे । उसको यस अनिवार्य न्यायको प्रतिरोधमा केवल स्मृति मात्र  अन्तिम उपसर्गको रूपमा जीवनले समातेको छ तर ..... (भिक्षु, २०२४, पृ. ९४) ।

प्रस्तुत कथांशको पृष्ठभूमिमा नेपालको तराई परिवेशमा प्राचीन कालदेखि परम्पराको रूपमा चल्दै आएको कुवा र बारीका बिच हुने विवाहको विषयआएको छ । आख्यानात्मक घटनाभन्दा बाहिर

रहेको समाख्याताले कुवा र बारीका बिचमा भएको संवादका मार्फतबाट दुबैका मनमा रहेएको अतृप्त कामेच्छालाई प्रकट गराएको देखिन्छ । कुनै केटीको विषयमा भएको संवादमा कुवा(पुरुष प्रतीक)ले बारी(महिला प्रतीक)लाई अब मनको गाँठो नफुकाउन भन्दै प्रेम निजी विषय भएकाले यसलाई सार्वजनिक नगर्न भनेकोदेखिन्छ ।यसरी कुवा र बारीका बिचमा भएको संवादबाट उत्पन्न भएको विचार कथामासङ्केन्द्रण भएर आएको छ ।

कथांशमा प्रकृति अनन्त, अजर र अमर छ, प्रकृति कहिल्यै बुढो हुँदैन, अरुलाई समयक्रमसँगै सिर्जना गराउने र नासगर्ने काम प्रकृतिले गर्दछ र यो उसको निरवच्छिन्न अनिवार्य न्याय हो । प्रकृतिको यो अकाट्य न्यायलाई कसैले पनि परिवर्तन गर्न सक्दैन यसकारण शान्त रहेको मनलाई पूर्वस्मृतिको झटारो हानेर नबिथोल्न कुवाले बारीलाई गरेको अनुरोधको विषय वैचारिक पक्षका रूपमा सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कथामा आएको वैचारिकपक्षले समाख्याता सङ्केन्द्रक वा पात्रहरूकोविचारतथादृष्टिकोणलाईसमावेशगर्दछ । माथिका कथांशमा समाख्याताले पात्रहरूका मार्फतबाट वैचारिक पक्षलाई अभिव्यक्त गरेको देखिन्छ ।विद्वान्हरूले वैचारिक पक्षलाई विश्वधारणासम्बन्धी दृष्टिकोणको एउटा सामान्य प्रणालीका रूपमा परिभाषित गरेकाछन् ।यसभित्र कथामा प्रयुक्त पात्र र घटनाहरूको मूल्याङ्कन गर्ने काम पनि भएको हुन्छ । यो पाठको मूल्य र मान्यतासँगपनि सम्बद्धहुन्छ । यसर्थ माथिका सबै कथांशहरूमा वैचारिक पक्षको बेजोड उपस्थिति रहेको देखिन्छ ।

## २.२.३. अन्तर्दृष्टिमूलक पक्ष

अन्तर्दृष्टिमूलक पक्ष (फ्यासेट अफ पर्सेप्चुयल) भित्र पाठमा अभिव्यक्त गरिएका समाख्याता वा पात्रका अन्तर्दृष्टि र संवेदनाहरू पर्दछन् । आख्यानमाउल्लेख भएको समय र ठाउँको विन्दु यहाँ अभिवृत्तिमूलक पक्ष बनेर आएको हुन्छ । यी पक्षहरूको सङ्केन्द्रणसँग विहङ्गम दृष्टिकोण रहेको पाइन्छ ।समाख्यानमा कुनै न कुनै पक्षलाई सङ्केन्द्रण बनाएर आख्यानात्मक घटनाहरूअघि बढेका हुन्छ ।

अन्तर्दृष्टिमूलक पक्षलाई रिमोन केनोनले फ्यासेट अफ फोकलाईजेसन भनेका छन् । उनले आख्यानमा पात्रले गरेको संज्ञान नै प्रतिक्रियाका रूपमा आएको हुन्छ भन्ने मान्यताअभिव्यक्त गरेकी छन् । 'कुनै समाख्यानमा पात्र सङ्केन्द्रणका रूपमा आएको हुन्छ भने कुनै समाख्यानमा पात्रहरू नै दृष्टिकोण विचार प्रतिक्रिया संवेग जस्ता विभिन्न पक्षहरूमा सङ्केन्द्रित भएर आएका हुन्छ ( केनोन,१९७१, पृ. ८७ ।' यसभित्र पात्रको संवेगात्मक पक्ष बलियो भएर आएको हुन्छ । पात्रले प्रस्तुत गर्ने संवेगात्मक कार्यव्यवहार नै यसको प्रमुख आधार हो ।

आन्तरिक सङ्केन्द्रणमा कहिलेकाहीँसङ्केन्द्रक सीमित अवलोकनकर्ताको रूपमा रहेको हुन्छ भने अन्तर्दृष्टिमूलक पक्षमा सङ्केन्द्रकले आफ्नो बुझाइलाई अन्तर्दृष्टि वा अन्तर्मनबाट प्रस्तुत गरिरहेकोहुन्छ । 'आन्तरिक सङ्केन्द्रणमा समाख्याता वा पात्रको अन्तर्दृष्टि र संवेदना (दृश्य, श्रवण, घ्राण आदि) पक्ष समाहित भएको हुन्छ । यस्ता संवेदनाहरू समय र स्थानबाट निर्दिष्ट हुन्छन् ( केनोन, १९७१, पृ. ८८ ।' आन्तरिक सङ्केन्द्रणमा के कस्तो स्थानगत तथा समयगत परिस्थितिमासंवेदनाहरू आएका हुन् र तिनले कुन प्रकारको सन्देश प्रवाह गरेको हुन्छ भन्ने विषयलाईविशेष रूपमा हेरिन्छ ।

अन्तर्दृष्टिमूलक पक्ष पात्रको कार्यव्यावहार, संज्ञान, विचार, प्रस्तुति, दृष्टिकोण जस्ता आधारहरूमा निर्धारण भएका हुन्छन् । 'अन्तर्दृष्टिमूलक पक्षको प्रमुख विन्दु भनेको पात्रहरूले बोलेका र नबोलेका शब्दहरूका बिचको भिन्नता हो । कुनै पात्रले बोलेका शब्दहरू अन्य पात्रले सुन्न सक्छन् तर नबोलेका शब्द, विचार र आन्तरिक मनोलोकहरू जतिसुकै व्यापक भए तापनि अन्य पात्रहरूले सुन्न र बुझ्न सक्दैनन् । यस्तो अवस्थामा पाठकलाई पात्रको वैचारिक अवस्थाका बारेमा व्यापक जानकारी दिइन्छ । योस्थितिलाई अन्य पात्रले सुन्दैनन् ।यस्तो अवस्थाको बोधगम्यता र विश्लेषणले आख्यानमा अन्तर्दृटिमूलक पक्षको अवस्था सिर्जना भएको हुन्छ (बल, १९८५, पृ. १४१) ।' यसभित्र पात्रको मनोजगत्का संवेगात्मक पक्ष, समय, स्थान र परिस्थितिका आधारमा आएको हुन्छ । यिनै आधारहरूमा भिक्षुका कथाको विश्लेषण तल गरिएको छ :

सामाजिक विषयमा आधारित एक पैसा (र.का.?) कथाको प्रमुख पात्र मले समाख्याता म का माध्यमबाट संवेदना प्रस्तुत गर्दैरुदै आँसुले भिजेको अनुहारमा टाउको निहुराई अड्डी-अड्डी आएको स्वरमा सानुले खान नपाएर यो संसार छोडेर गएको कुरालाई हृदयविदारक शैलीमा दुःखद ढङ्गले प्रस्तुत गरेको देखिन्छ । आख्यानको सम्पूर्ण विषयमा पात्रको संवेदना सन्तानको मृत्युका कारण काख रित्तो भएको दुःखद अवस्थालाई अन्तर्दृष्टिमूलक पक्षका आधारमा तल चर्चा गरिएको छ :

> आँशुले भिजेको अनुहार, टाउको निहुऱ्याई, अडिई अडिई निस्केको स्वरमा उसको उत्तर थियो, सानुले मलाई छोडेर गयो । खानँ नपाएर मऱ्यो हजुर खानै नपाएर मऱ्यो । जति गरे पनि थुनमा दूध आएन सानु मेरो भोकभोकै सुकेर गयो । हत बुद्धि एक छिन त्यसै उभिइरहे । अनि अलिक पछि भनें चूप लाग, यसै भयो, के गर्नु ? यति भनेर फरक्क फर्कें । ... यसै भयो के गर्नु... सानुकै मोहनभोगलाई ल्याएका रुपियाँले मेरै भनाइको उत्तर म पाइरहेको थिएँ, सानु यहाँ छ अहिले पनि यहीँ पकेटमै, यही खल्तीमा(भिक्षु, २०२४, पृ. ११ ) ।

प्रस्तुत कथांश म पात्रको दृष्टिकोण अन्तर्दृष्टिमूलक पक्ष बनेर आएको छ । कथाभित्र म पात्रले सानुको जीवनका पीडालाई आधार बनाएर समग्र विषयमा आफ्नो धारण राखेको देखिन्छ । सानुको जीवन खानै नपाएर समाप्त भएको र आफू एक्लो भएको ऊ पात्रको पीडालाई उल्लेख गर्दै सन्तानको निधनले आधा जीवन  नसकिँदै गतिहीन भएको, जीवनमा कहिल्यै सञ्चो नहुने घाउ लागेको र संसार नै शून्य भएको अवस्थाप्रति विहङ्गम दृष्टिकोण प्रस्तुत गरिएको छ ।

कथामा जीवनको मध्यमा आइपरेको पीडाले जीवन नै लक्षविमुख भएको अवस्थालाई देखाइएको छ । यसका अतिरिक्त नेपाली समाज, संकृति र परम्पराका बारेमा पनि उल्लेख गरिएको छ । कथाका पात्रमार्फत जीवनजगत्का बारेमा आएको विहङ्गमदृष्टिकोणलेकथांशमा अन्तर्दृष्टिमूलक पक्ष सङ्केन्द्रण भएर आएको देखिन्छ ।

नारी सिर्जनाको मूल र जननी हो, नारी समाजको अग्रणी हो भन्ने मान्यतामा आधारित ज्ञात भएजति (र.का.२०३०) कथामानरीसम्मान, अस्तित्व, अस्मिता र नारीप्रतिको समाजको दृष्टिकोण आदि विषयलाई अन्तर्दृष्टिमूलक पक्षका आधारमा आख्यानकारले    प्रस्तुत गरेकोधारणा कुरा तलको कथांशमा आएको छ ।

> भिक्षा माग्दिनँ, । अदालत यस पक्षमा मिथ्या, मूर्ख पनि होला । नारी-भिक्षुहोइन । भिक्षा पनि होइन । जननी हो । दाता हो । स्वीकार गर्छु-देय पनि हो । देय दान हो । बाध्यता होइन । गुरु-गरिमा हो । समर्पण हो । दुःख लागेकै छ। सँगाल्न दिनुस् । सह्य पार्न दिनुस् ।

भविष्यत् क्रम के हुन्छ ? सुन्न पाउँछु ? ओ हो भनेकै छु भिक्षा माग्दिनँ । पढेको काम लाग्छ भने सजिलै छ । नत्र, हरे, मर्नु स्वाधिकार हो । नीलकण्ठज्यूले त्यो पनि खोस्न सक्नुहुन्छ ? बिन्ती छ, अहिले जानुस् भोलि....(भिक्षु, २०३४, पृ. ४३) ।'

माथिको कथांशमा आख्यानकारले पात्रका मार्फतबाट संवादात्मक शैलीमा अन्तर्दृष्टिमूलक पक्षकाका आधारमा स्वाभिव्यक्ति प्रकटगरेको देखिन्छ । यहाँ समाख्याता तथा पात्रको संवेगात्मक पक्ष नै अन्तदृर्ष्टिमूलक पक्षका रूपमा आएको छ । कथांशमा समाख्याता र पात्रको संवेदनाको क्षेत्र वा तहलाई सन्दर्भ बनाएको देखिन्छ । यहाँ समाख्याताले म पात्र र कल्पानाज्यूको संवादको क्रममा नारीको जीवन, अस्मिता र अस्थित्व आदि विषयलाई अन्तर्दृष्टिमूलक पक्षका आधारमा प्रस्तुत गरेको देखिन्छ ।

समाख्याताले कथांशमा नारीको दृढनिश्चयलाई आदर्श व्यवहारका रूपमा देखाएका छन् । आफू नीलकण्ठज्यूसँग भिन्न भए तापनि आदर्श जीवन बिताउन कुनै समास्या नआउने यदि कसैले अप्ठ्यारो बनाएमा जीवन नै समाप्त गरिदिने तर सम्झौता नगर्ने धारणाकल्पनाज्यूका माध्यमबाट आख्यानकारले अन्तर्दृष्टिमूलक पक्षका आधारमा  प्रस्तुत गरेको देखिन्छ । यहाँ नारीसम्मन र नारीअधिकारको विषयकल्पनाज्यूले गरेको संज्ञानका आधारमा  अन्तर्दृष्टिमूलक पक्ष बनेर आएको देखिन्छ ।

नेपाली समाजको यथार्थ घटनामा आधारित रक्सीबाज(र.का.१९९७) कथाका माध्यमबाट आख्यानकारले मञ्जेश्वरीको संज्ञान र उसले प्रकट गरेको विचार तथा दाजुको कार्यव्यवहारलाई अभिव्यक्त गरेको देखिन्छ । दाजुले बिराएको जीवनको बाटो परिवार, समाज र परिस्थितिले सिर्जना गरेको अवस्था मञ्जेश्वरीले प्रस्तुत गरेको विचार र संज्ञानलाई अन्तर्दृष्टिमूलक पक्षका आधारमा तलको कथांशमा चर्चा गरिएको छ :

'होइन दाइ, यस्तो पनि हो ! दिनरात बा' आमा सबैको गाली कसरी खप्नुहुन्छ तपाईं ? मेरो विन्ति मान्नुहोस् यो रक्सी त खान पनि नहुने फेरि यसले जीउ पनि त बिगार्ने ! उसमाथि पनि सबैको हेला, साराको गाली, सँहदा सुन्दा त मलाई मर्नुजत्तिकै भइसक्यो । यता तपाईं अलिक पनि विचारै नगर्ने ! छिः कस्तो ! हताशझैं अनुहारलाई मञ्जेश्वरीले भनी   भिक्षु, २०१७, पृ. ९६) ।

प्रस्तुत कथांशमा दाजुको कुलतको बाटो र यसप्रति बहिनीको विमतिको अवस्थालाई देखाइएको छ । सदाको रक्सीसेवन घरपरिवार तथा समाजले गरेको अपहेलना दाजुको बेपरवाह जीवनशैली आदि विषयमा बहिनी मञ्जेश्वरीको मनोलोकमा आएको संवेग, भोगाइ र अन्तर्मनको संज्ञानको विषय यहाँ अन्तर्दृष्टिमूलक पक्षका रूपमा आएको देखिन्छ ।

नेपालको राणाकालीन इतिहाको विषयमा आधारित भएर लेखिएको मैयाँसाहेब(र.का.२०१३) कथाका माध्यमबाट समाख्याताले अजय र मैयाँसाहेबका बिचको संवादमा अजयको मनोलोकले गरेको संज्ञान तथा अजयको जीवन भोगाइलाई अन्तर्दृष्टिमूलक पक्षका आधारमा तल प्रस्तुत गरेका छ :

> अवाक्, हतबुद्धि अजयले मौन नै रही मैयाँसाहेबको अनुहारमा दृष्टि गडाई हेऱ्यो, र त्यस महिमामयी नारीको अवलोकन सहन नपाएर अनि टप, टप, टप अकाध भावले उनको आँसु नझरी रहेन । वातावरण एकदम स्तब्घ थियो, र बाहिर तथा भित्रका सन्धिस्थलको मध्य ढोकामा दुई प्राणीका शरीरमात्र उभिएर आफ्ना सासद्वारा, आर्द्रताको अर्ध्यद्वारा त्यसको साक्षित्व गरिरहेका थिए जसले एउटा प्रेमार्द्र  तरा पानीदार हृदयको महान् परिव्याप्तताले त्यस नीरवतालाई गऱ्हुंगो बनाइरहेको थियो (भिक्षु, २०१७, पृ. १३) ।

प्रस्तुत कथांशमा अजयको मौन र गम्भीर बुझाइ, मैयाँसाहेबको हतबुद्धिले भरिएको प्रस्तुति, नारीको महान् महिमा तथा समय समाप्तिपश्चात्को निर्णय र यसका कारण समग्र जीवनमा परेको प्रभाव आदि विषय अभिव्यक्त भएको देखिन्छ । कथांशमा अजय र मैयाँसाहेबको मनोलोकको भोगाइ, अन्तर्मनले गरेको संज्ञान एवं यावत् घटनाहरूको प्रस्तुति अन्तर्दृष्टिमूलक पक्षका आधारमा सङ्केन्द्रण भएर आएको देखिन्छ ।

अन्तर्दृष्टिमूलक पक्षका आधारमा आएका माथिका सबै कथांशहरूमा समाख्याता तथा पात्रको संवेगात्मक पक्ष अभिव्यक्त भएका छन् । ती कथांशहरूमा पात्रले गरेको संज्ञान, विभिन्न पात्रका मनको संवेग, पात्रहरूका जीवन भोगाइतथा उनीहरूका मनोलोकले हाँसिल गरेको संज्ञानात्मक विषयहरू कथामा अन्तर्दृष्टिमूलक पक्षकाआधारमा सङ्केन्द्रण भएर आएको देखिन्छ ।

## २.३. भिक्षुका कथामा सङ्केन्द्रणको आधार

आख्यानमा चरित्रको उपस्थिति र प्रस्तुतिले विभिन्न मोड, आरोह, अवरोह, गति  र शैली सिर्जना भएका हुन्छन् । यसमा पात्रले स्थान परिवेश र समयको स्थितिलाई प्रष्टचाउने कार्य गर्दछ । विभिन्न पेसाका मानिसले एकै बसाइमा स्मरण गरेका घटनाहरू समान भए तापनि आन्तरिक रूपमा तिनीहरूका बिचमा कुनै सामन्जस्यता वा समानता हुँदैन । यस्तो अवस्थामा कथावस्तुको क्रमभङ्ग हुन्छ र पूर्ण विसङ्गति आएको हुन्छ । यो परिस्थितिमा उनीहरूको बुझ्ने र अनुभव गर्ने शक्तिमा आघात पर्दछ । यो स्थितिमा आख्यानभित्र विभिन्न आधारहरूतयार भएका हुन्छन् ।

### २.३.१. विषयप्रस्तुतिको आधार

सङ्केन्द्रणमा आएको विषयले यसभित्रको आन्तरिक सम्बन्धलाई प्रष्ट्याउने कार्य गर्दछ । यसका लागि पात्रको कार्यव्यवहारका माध्यमबाट आएको विषयप्रस्तुति नै प्रमुख आधार हो । सङ्केन्द्रणको परिभाषाले त्यस्तो सम्बन्धलाई जनाउँछ जुन हरेक विषय वस्तुनिष्ठ हुन्छ । ‘सङ्केन्द्रणमा विषय भन्नाले पात्रको कार्यव्यवहारलाई हेर्ने आधार बुझिन्छ भने पात्रका कार्यव्यवहारलाई हेर्ने आधारलाई फेबुल्लापनि भन्छि । यदि सङ्केन्द्रक पात्रको व्यवहारसँग मिल्लन जान्छ भने त्यस्तो पात्रले अन्य पात्रभन्दा धेरै महत्व पाएको हुन्छ । यस्तो अवस्थामा पाठकले पात्रको आँखाबाट सम्पूर्ण गतिविधिलाई हेर्छ र पात्रकै दृष्टिकोणलाई सैद्धान्तिक रूपमा स्वीकार पनि गर्दछ (बल, १९८५, पृ. १३५) ।’ आख्यानमा पात्रको सक्रिय उपस्थिति, पात्रका लक्ष्य, भूमिका र सन्देशलाई आधार मानेर अध्ययन गरिन्छ । पात्रको भूमिकामा आख्यानले लिने गतिलाई आख्यानात्मक घटना र विषयप्रस्तुतिका आधारमा यसभित्र अध्ययन अनुसन्धान गरिन्छ ।

आख्यानमा पात्रको कार्यव्यवहार तथा आख्यानात्मक घटना सङ्केन्द्रित हुनका लागि विषयवस्तु र घटनाक्रमका बिचको आपसी सम्बन्ध र पूर्वस्मृतिका घटनाहरू समान रूपमा आउनु पर्दछ । यसका निम्ति घटनाको क्रमबद्ध निरन्तरता आवश्यक हुन्छ । ‘सङ्केन्द्रण खास विषयवस्तु र भिन्नताका बिचको उत्तम औचित्य तथा स्मरण हो । यसमा पूर्वस्मृतिले विगतको दृष्टि र कार्यलाई सम्झाउने कार्य गर्दछ । यो स्मृतिको वर्तमानमा रहेको हुन्छ । यसले कथामा छोटो सेतुको काम पनि गर्दछ । यसभित्र कथाको विषयवस्तु र कथाका तत्वलाई जोड्दै कथात्मक संरचनामा आएको विषयलाई वक्ता र श्रोताका बिचमा जोड्ने काम गरिएको हुन्छ । (बल, १९८५, पृ. १४५) ।’ यस

कारण आख्यानमा विषयप्रस्तुतिको आधारभित्र पात्रको भूमिका, पूर्वस्मरण, सार्थक दृष्किोण आदि सङ्केन्द्रणको महत्‌वपूर्ण पक्ष बनेर आएको हुन्छ ।

कथामा पात्रको उपस्थिति तथा प्रस्तुतिले विभिन्न मोड, आरोह र अवरोहको अवस्था सिर्जना गरेको हुन्छ । कथाको विश्लेषणमा पात्रले समय र ठाउँका बिचको सम्बन्धलाई प्रष्टचाउने कार्य गर्दछ । चिकित्सक, न्यायाधीश, राजनीतिक जमघटका मानिसले सम्झेको कथा र उनीहरूले अनुभव गरेको कथावस्तुलाई हेर्ने हो भने यसमा कुनै मेल खाँदैन । यस्तो कथावस्तुमा क्रमभङ्ग भई पूर्ण विसङ्गति आएको हुन्छ । यो परिस्थितिमा उनीहरूको बुझ्ने र अनुभव गर्ने क्षमतामा आघात पुग्दछ र पूर्वस्मृतिको आधारलाई अवलम्बन गरिन्छ ।'पूर्वस्मृति भनेको विगत प्रतिको एक दृष्टिहो । यो एक कार्यका रूपमा स्मृतिमा वर्तमानमा अवस्थित हुन्छ । यस्ता पूर्वस्मृतिका  आख्यानमा प्राय समाविष्ट भएको पनि हुन्छ (बल, १९८५, पृ. १४६) ।' कथामा आएका जटिलताको बुझाइ सङ्केन्द्रणभित्र पाठकीय बोध/बुझाइ र तिनको आशय बुझ्नका लागि पाठकको क्षमतामा भरपर्दछ । पूर्वस्मृति समय र स्थान विशेषको संयुक्त बुझाइ पनि हो ।

सङ्केन्द्रणभित्र पात्रको हेराइ, भूमिकार पूर्वस्मृतिका घटनाहरू आख्यानात्मक पाठमा आधार बनेर आएको हुन्छ । 'सङ्केन्द्रणमा दृष्टिलाई अर्थका आधारमा, संज्ञानका आधारमा, भावात्मक आधारमा र वैचारिक आधारमा प्रस्तुत गर्नुपर्छ । (केनोन, १९७१, पृ. ७१) ।' आख्यानमा पात्रको चेतनालाई उसको उपस्थिति र प्रस्तुतिका आधारमा हेरिन्छ । यसका अतिरिक्त पात्रको भूमिका र सक्रियतालाई पनि सङ्केन्द्रणको आधारका रूपमा हेरिन्छ । उल्लिखित आधारहरूमा भिक्षुका कथाको विश्लेषण तल गरिएको छ :

सामाजिक विकृति र विसङ्गतिमा आधारित ईश्वर खुदा गाँडका कान (र.का.?) कथाको प्रमुख पात्र (सैनिक) मानवीय मूल्यमान्यता शून्य भएको आततायी स्वभावको पात्र हो । आख्यानात्मक घटना र परिस्थितिले उसमा आएको अनौठो परिवर्तन र सैन्यप्रमुखको क्रूर व्यवहारविषयप्रस्तुतिको आधारका रूपमातलको साक्ष्यमा आएको देखिन्छ :

> सैनिकले सम्झ्यो उसको पनि तीन वटा छोरा, दुई वटी छोरी छन् । कान्छो छोरो यत्तिकै ठूलो भयो होला । यस्तै बामे सर्दै होला । यस बच्चोलाई मारेको गुनाह (पाप) मेरो बच्चोमाथि पर्दैन र ? सैनिकको मानिस कुन्नि कसरी बिउँझेको थियो । उसले अझै आई आँखाले, असहायताको नजरले अफिसरलाई **हेया** । तर कदाचित्

> यही दृष्टि, यही कुरा, यही घटना, मानिसको यही दया ममताले नै सबै थोक । सिपाहीलाई अझै निश्चल र चूप रहेको देखेर अफिसरको पद-अहंकार आहत भई उम्ल्यो । उसको सामयिक, अल्प र क्षीण मानवात्मामाथि अझै जोडसित आक्रमण गरी उसको अहंकार आच्छादित भयो । मानिसले टाउको उठाउन खोजेको मानिसको गर्धन नै भाँचिदियो (भिक्षु, २०३४, पृ. २५) ।

माथिको कथांशमा कथाकारले सैनिकका मार्फतबाट प्रस्तुत गरेको धारणा विहङ्गम दृष्टिकोण बनेर आएको छ । आफ्नो घरमा भएको सन्तानसँग आफ्नो अगाडि रहेको बच्चाको तुलना गर्दै यस्तो बच्चालाई मारेमा ठुलो अपराध लाग्ने र कहिल्यै शान्ति नमिल्ने आत्मिक चेतना विषयप्रस्तुतिको आधारमा सैनिकमा आएको देखिन्छ । कथांशमा सिपाहीको शान्त व्यवहारप्रति हाकिमले गरेको अभद्र व्यवहारलाई हेर्दा मानवीय मूल्य र मान्यता विपरीत भएको देखिन्छ । यस्तो व्यवहारले मानवीयअस्थित्व सदैब सङ्कटमा रहन्छ भन्ने विचार विषयवस्तुको प्रस्तुतिका आधारमा माथिको कथांशमा आएको छ ।

सैनिकको सम्मुखमा रहेको सानु बालक घरको आफ्नो सन्तान समान भएको हुँदा यसलाई मार्दा अक्षम्य अपराध लाग्ने आत्मिक चेतना कथामा सैद्धान्तिक दृष्टिकोण बनेर आएको छ । सैनिकको अन्तर्दृष्टि र संवेदनालाई प्रस्तुत गर्ने क्रममा बिहानको समयमा वंगलादेशको कुनै सहरको घटनासँग यस कथांशमा आएको पात्रको संवेदना समय र स्थानसम्बन्धित भएकाले कथामा विषयप्रस्तुतिकोआधार सङ्केन्द्रित भएर आएको देखिन्छ ।

समाजको वास्तविक घटनामा आधारित भएर लेखिएकोदुई अनुभूत सत्य(र.का.१९९९) कथामा आख्यानकारले कथात्मक फ्रेम(फेबुल्ला)भित्र रहेर संवादात्मक शैलीमा पात्रको विचार, अनुभूति, दृष्टिकोण र कार्यव्यवहारलाई प्रस्तुत गरेको देखिन्छ । पात्र, वक्ता र स्रोताले प्रस्तुत गरेको विचार आख्यानात्मक पाठमा विषयप्रस्तुतिको आधार बनेर अभिव्यक्त भएकोअवस्था तलको साक्ष्यमा देखिन्छ ।

> लगभग चौथाई शताब्दिअघिको कुरा हो यसै काठमाडौँमा दुई-चार जना मित्र-हितैषीहरू कुरा सुनाउन थालेका थिए, उसको सारभूत के थियो भने-फलाना-फलानाहरूमा मेरो बडो निन्दा भइरहेको छ, ममाथि अनेक घृणा चरित्र-हीनताको प्रचार गर्दै आफ्नो विष बुद्धिको प्रभाव हेर्दै ती चरम तुष्टिलाभ गरिरहेका छन् ।

इत्यादि सुनाउनेहरूसित भन्दिएँ–भन्न देऊ, यो दुनियाँ हो, निन्दकहरूसित कुनै व्यस्तता, कुनै काम छैन होला, बेकामको टाउकोमा शैतानको सवारी भएको हाला ( भिक्षु, २०२४, पृ. ४९) ।

प्रस्तुत कथांशमा आख्यानकारलेपात्रको वास्तविक घटनावर्णन दर्गै समाजमा बस्ने कुनै निन्दकले गरेको गलत कार्यव्यवहारलाई समाख्यानात्मक घटनाका माध्यमबाट प्रस्तुत गरेको देखिन्छ । म पात्रका माध्यमबाट आएको विचार कथामा विषयप्रस्तुतिको आधारका रूपमा सङ्केन्द्रित भएको देखिन्छ ।

कथांशमा समाख्याताले कथा वाचनको विषयलाई आधार बनाएर कथा संसारभित्र उपस्थित भई भोक्ता वा द्रष्टाका रूपमा आफ्नो विचार प्रकट गरेको देखिन्छ। आख्यानात्मक अभिव्यक्तिका मार्फतबाट आएको पात्रको विगतप्रतिको दृष्टिकोणले कार्य, घटना, विषय र कथात्मकतालाई आख्यानभित्र जोड्ने काम गरेको छ । यसका अतिरिक्त पात्रले गरेको पूर्वस्मृतिको घटना र आपसी सम्बन्धलाई पनिआख्यानात्मक पाठमा जोड्ने कामगरेकाले कथांशमा विषयवस्तु प्रस्तुतिको आधार नै सङ्केन्द्रण भएको देखिन्छ ।

## २.३.२. पात्रको भूमिका/सक्रियताको आधार

सङ्केन्द्रणभित्र पात्रको भूमिका/सक्रियता र विषयवस्तुको प्रस्तुतिलाई केन्द्रमा राखेर अध्ययन गरिन्छ । यसमा पात्रले गर्ने कार्यव्यवहार, पात्रको सक्रियता र सचेत उपस्थिति अध्ययनको केन्द्रमा रहेको हुन्छ । 'सङ्केन्द्रणमा सङ्केन्द्रित पक्षको चेतनालाई भित्रबाट हेरिन्छ । यस्तो अवस्थामा उसका कार्यव्यवहारलाई बाह्य व्यवहारद्वारा निदेर्शित गर्न छोडिन्छ (केनोन, १९७१, पृ. ८१) ।' सङ्केन्द्रणमा पात्रको विचार, प्रस्तुति, सन्देश र उपलब्धिलाई पात्रकै भूमिकाभित्र विशेष रूपमा अध्ययन गरिन्छ । यसमा पात्रका माध्यमबाट आएको विचार पात्रको अवस्थिति पात्रले प्रवाह गर्ने सन्देश आदि विषयका आधारमा अध्ययनगरिन्छ ।

आख्यानभित्र एक पात्रले अर्को पात्रसँग स्थापित गर्ने आपसी सम्बन्ध, कार्यसम्पादनको शैली र त्यसबाट निस्कने नतिजालाई सङ्केन्द्रणमा पात्रको भूमिकाका आधारमा अध्ययन गरिन्छ । 'सङ्केन्द्रण भनेको पात्रको हेराइदृष्टिकोण र सहजकर्ता बिचको सम्बन्ध हो । यस सम्बन्धमा कथात्मक पाठभित्र A ले B लाई र B ले C लाई गर्ने कार्यव्यवहारहरू आधारित भएका हुन्छन्(

बल, १९८५, पृ. १३५) ।' कथाको अध्ययनमा सङ्केन्द्रण सम्बन्धी मुख्य विषयलाई आधार बनाइन्छ । यसमा पात्रको आन्तरिक सम्बन्ध, सक्रियता, पात्रको कार्यशैली आदि विषयहरू आएका हुन्छन् ।

सङ्केन्द्रणको समग्र अध्ययन क्षेत्र पात्रको कार्यव्यवहार हो । पात्रले गर्ने भूमिका, उपस्थिति र क्रियाशिलता नै यसको प्रमुख आधार हो । 'जब सङ्केन्द्रण एउटा क्यारेक्टर पात्रसँग हुन्छ र एउटा अभिनेताका रूपमा फेबुल्ला (कथानक) बनेर भागलिन्छ तब चरित्रले ज्यादा सहानुभूति र भूमिका प्राप्त गर्दछ (बल, १९८५, पृ. १३६)।' कथानकमा पात्रको उपस्थिति र प्रस्तुतिले पाठकलाई आख्यानभित्र बाँधेर राख्दछ र यसका आधारमा नै पात्रको भूमिका तथा स्थान निर्धारण भएको हुन्छ । समग्र आख्यानभित्र पात्रका सक्रियता र भूमिकालाई आधार बनाएर सङ्केन्द्रणको अध्ययन गरिन्छ । यिनै आधारमा भिक्षुका कथाहरूको विश्लेषण तल गरिएको छ :

सामाजिक विषयमा आधारित भएर लेखिएको नयाँ इतिहासको प्रारम्भ(र.का.२००७) कथाको प्रमुख पात्र प्रभाले प्रस्तुत गरेकोविचार, समाज विकासप्रतिको चेतना, आन्तर्मनको बुझाइ र पाठकवर्गको सहानुभूति जस्ता पक्षलाई पात्रको भूमिका तथा सक्रियताका आधारमा कथांशमार्फत विश्लेषण गरिएको छ :

> वीर विश्वेश्वर जिन्दावाद, नेपाल देश हो आजाद ! सहस्रौं नर-कण्ठबाट निस्केको ध्वनीले पुलिसवालाको लट्ठी, बन्दूक, संगीनको आतंकलाई पनि नाघी वायु-मण्डललाई गुञ्जयमान गरिदियो ।
>
> एउटा साधारण सम्पन्न, जागीरे घरानकी, षोडशी, भावनाशील, नवयुवती प्रभा बाबु,आमा, दाइ-भाइ,कसैको अबरोध नमानी त्यस सामूहिक स्वरमा सम्पूर्ण कण्ठले आफ्नो स्वर मिलाइरहेकी थिई, वीर विश्वेर जिन्दावाद, नेपाल देश हो आजाद ! फेरि टाउकोमा एउटा पुलिसवालाको सानो लट्ठीको
>
> प्रहार ! टाउकोले बगेको रक्त र रक्ताम्यताभित्र चेतना लुप्त हुने बेलाको अन्तिम सचेतन अवस्थामा पनि उसको कण्ठमा आएको थियो, वीर विश्वेश्वर...(भिक्षु, २०३४, पृ. ६९) ।

प्रस्तुत कथांशमा सचेत र राष्ट्रियताप्रतिको भावना भएकी नवयुवती प्रभाले २००७ सालभन्दापहिले नेपालमा घटेको राजनैतिक घटनाको प्रतिनिधित्व गरेको देखिन्छ । २००७ सालको राजनैतिक परिवर्तनको पृष्ठभूमिमा वीर विश्वेश्वरले निर्वाह गरेको भूमिका र त्यस अवसरमा प्रभाले

देखाएको सक्रियता, आन्दोदनप्रतिको ऐक्यबद्धता, त्यग र बलिदानी आदि कार्यव्यवहारले कथाको प्रमुख पात्र प्रभा सङ्केन्द्रक भएकोदेखिन्छ भने उसको यो सक्रियता र भूमिका कथाभित्र सङ्केन्द्रित भएर आएको देखिन्छ ।

कथांशमा प्रभाले सबल राष्ट्रबनाउनका निम्ति आन्दोलनमा निर्वाह गरेको भूमिका राष्ट्रले प्रगतिको बाटोमा हिडोस भन्नेभित्री चाहना, दाइ,भाइ,घरपरिवारका अन्य सदस्यसँगको आपसी सम्बन्ध र उनीप्रति समग्र जनसमुदायको सहानुभूति आदि विषयहरू पात्रको भूमिकाका आधारमा सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कथामा प्रभाको परिवारसँगको सम्बन्ध, उसले परिवार र राष्ट्रलाई हेर्ने दृष्टिकोण, राष्ट्र र समाजप्रतिको अन्तर्निहित व्यवहार आदि पक्षहरू पात्रको सक्रियताको आधारमा सङ्केन्द्रण भएर आएकोछ । यहाँ पात्रको उपस्थिति, प्रस्तुति र भूमिकाले पाठकलाई आख्यानभित्र बाँधेर राखेको देखिन्छ भने प्रभाको सम्पूर्ण कार्यव्यवहारहरू पूर्वस्मृतिको घटना र पात्रको सक्रियताका आधारमा सङ्केन्द्रण भएर आएको देखिन्छ ।

सामाजिक विषयमा आधारित एउटा समस्या(र.का. २०१५) कथामा कथाकारले मधु शशी र म पात्रको सक्रियताका आधारमा उनीहरूका चेतना, विषयप्रस्तुति, कार्यव्यवहार र कथात्मक सक्रियातलाई आधार बनाएर पात्रको सक्रियताको आधार प्रस्तुत गरेकोदेखिन्छ ।

> विस्तारै नजिकै गएर हेर्दा त चिट्ठीहरूमा जुन-जुन ठाउँमा मेरी मधु इत्यदि सम्बोधन थिए तिनलाई रबरले मेटी सफा पारी त्यस ठाउँमा मेरी शशि भन्ने शब्द थप्ने काममा उसले सारा रात बिताए पनि अझ धेरै चिट्ठी बाँकी नै रहेका छन् ।
>
> पछिल्तिरबाटै दुबै पाखुराले उसलाई आबद्ध पारी तान्दा मतिर हेर्दै अत्यन्त क्लान्त स्वरमा उसले भनी–दिदी रिसाएर कुमार धेरै टाढा गएका नि ! मुश्किलसाथ फर्काउन लागिरहिछु ...।
>
> मैले उसलाई आफ्नै काखमा बसाई सुताएँ । मेरा आँखाबाट अबोधरूपले आँसु झर्न थाले र म सोचि नै रहेँ कि केभएर नारी, नारीभएर जन्मन्छे ?(भिक्षु, २०१७, पृ. १०५) ।

प्रस्तुत कथांशमा आख्यानात्मक कृतिको केन्द्रीय सन्देश वा दृष्टिकोण मधु, शशी र म पात्रको सक्रियताका आधारमा आएको देखिन्छ । यहाँ कथाको मुख्य पात्र शशीका बारेमा उल्लेख गर्दै

उसले पाएको दुःखलाई अन्तर्दृष्टि र संवेदनाका मार्फतबाट अभिव्यक्त गरिएको छ । म पात्रको सक्रियता उसले गरेको संज्ञान, समग्र जीवनको सार मधुको कार्यव्यवहार, अवस्था र प्रस्तुतिका आधारमा सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कथांशमा म पात्रले गरेको नारी जीवनको पीडा, आफू र मधुका बिचको सम्बन्ध, संवादात्मक कार्यव्यवहार, नारीजीवनको अनन्त पीडाप्रतिको संज्ञान र त्यसप्रतिको अगाध पीडाको अव्यक्त अन्तर्निहीत भावलाई प्रस्तुत गरेको देखिन्छ । यहाँ मधुको भूमिकाप्रति म पात्र र पाठकको सहानुभूति प्रकट भएको देखिन्छ भने मधु, शशी, कुमार र म पात्रको भूमिकाले पाठकलाई आख्यानमा बाँधेर राखेको पनि देखिन्छ । यसर्थ कथांशमा आएका पात्रहरूको सक्रियता तथा कार्यव्यवहारसङ्केन्द्रण भएर आएको देखिन्छ ।

## २.३.३. पात्रको वैचारिकताको आधार

आख्यानमा सङ्केन्द्रणको अध्ययन पात्रको लगनशीलता र क्रियाशीलतालाई आधार बनाएर गरिन्छ । पात्रको कार्यव्यवहार नै सङ्केन्द्रणका लागि पहिलो सर्त हो । कुनै पनि कथाको विशेष अंशलाई उद्धरण गरेर हेर्दा त्यसले समग्र कथाको संरचनालाई प्रस्तुत गर्दछ र कथासंसारमा अन्य पात्र तथा तिनका भूमिका, तिनले प्रस्तुत गर्ने विचारहरू पनि छन् भन्ने कुराको सूचना पनि दिन्छ । *कोलेटस्* (***Colette's 1933 novel The Cat***) उपन्यासमा पात्रहरूको असमान उपस्थितिले पाठक वर्गमा अस्पष्टता सिर्जना गर्दछ र पाठकले हेर्ने दृष्टिमा असमानता आएको हुन्छ । यस्तो अवस्थाले नै उपन्यासभित्र सङ्केन्द्रणको आधार परिवर्तन भएर आएको देखिन्छ (बल, १९८५, पृ. १४२) ।' आख्यानात्मक पाठमा पात्रको बोली, व्यवहार, कार्यशैली, विचार आदिलाई केन्द्रमा राखेर आख्यानमा सङ्केन्द्रकको पहिचान र निर्धारण गर्नुपर्ने हुन्छ ।

समाख्यानमा पात्रले प्रस्तुत गरेको दिशानिर्देश र पात्रको अर्जुनदृष्टिलाई पात्रको वैचारिक पक्षका आधारमा अध्ययन गरिन्छ । यसमा पात्रले निर्वाह गर्ने भूमिका र सन्देशलाई विशेष महŒव दिइन्छ । '१.पात्रले केलाई सङ्केन्द्रण गर्दछ ? २.यसले कसरी कार्य गर्दछ र विषयलाई कुन दृष्टिकोणका आधारमा हेर्दछ ? ३.यसको केन्द्रीय विषयवस्तु के हो ? कुन केन्द्रमा यसको उपस्थिति रहन्छ ?४.कुन विषयलाई यसले सङ्केन्द्रण गर्दछ ५. के कस्तो विचार प्रस्तुत गर्दछ ? भन्ने विषयमा आधारित भएर सङ्केन्द्रणमा अध्ययन गरिन्छ(बल, १९८५, पृ. १३६) ।' यस आधारमा हेर्दा समाख्याताले आख्यानात्मक पाठमा पात्रका मार्फतबाट प्रस्तुत गरेको विचारलाई सङ्केन्द्रणभित्र

वैचारिक आधारमा अध्ययन गरिन्छ । 'आख्यानमा सङ्केन्द्रित पात्रबाहेक अन्य पात्रको विचारलाई दृश्यका आधारमा आकस्मिकविषयका रूपमा समावेश गर्न सकिन्छ (जेनेट, १९८३ पृ. १९८) ।' यसमा पात्रका विचारलाई सबैभन्दा महत्त्वपूर्ण र उपयोगी विषयका रूपमा उपयोग गरिन्छ ।

आख्यानको आधिकारिक धारणा र पात्रको मान्यता तथा कार्यक्षमता यसको वैचारिक पक्षभित्र आएको हुन्छ । 'वैचारिक पक्षलाई सङ्केन्द्रणको मानक पक्ष भनेर पनि चिनिन्छ । यसमा संसारलाई अवधारणात्मक रूपमा हेर्ने सामान्य प्रणाली समावेश भएको हुन्छ । जसअनुसार कथाका घटना र पात्रहरूको मूल्यङ्कन गरिन्छ (केनोन, १९७१, पृ. ८१) ।' आख्यानमा पात्रको सरल सहज व्यवहार र विचारको प्रस्तुतिलाई वैचारिक पक्षको आधार मानिन्छ । यसमा पात्रको संवादबाट उत्पन्न हुने विचार र त्यसबाट प्रवाह हुने सन्देशलाई अध्ययनको मुख्य विषय बनाइन्छ ।

*गुनकेसरी*कथासङ्ग्रहमा सङ्गृहीत तपस्या (र.का.१९९९) कथाको प्रमुख पात्र भामाले आफ्नो मनमा उठेका अनेक प्रश्नहरूका उत्तरको खोजी गर्ने प्रयास गरिएकोदेखिन्छ । यस क्रममा कथाकारले पात्रको मनोविज्ञानलाई प्रस्तुत गर्दै पूर्वस्मृतिका आधारमा पात्रमा आएको वैचारिक पक्ष कथांशमा अभिव्यक्त भएको विषयलाई साक्ष्यमार्फत प्रस्तुत गरिएको छ ।

> चियादानी आगोमा बसालेर भोक्रिएइरहेकी भामाको मस्तिष्कमा एक छेउदेखि अर्को छेउसम्म एउटा प्रश्नले चक्कर खान थाल्यो-यति टाढादेखि आएको, जान-पहिचान हाता न नाता, त्यस्ताको प्रति रात दिन केही विचार गर्ने एउटा बानीजस्तै भैसकेको छ, फेरि के सोचिन लागेको छ, चिन्त्य कुरा के हो, त्यो कताबाट आरम्भभयो, कहाँ गएर अन्त हुने हो, यहाँसम्म कि त्यस कुराको निमित्त कुन प्रकारको समाधान अथवा हलको स्वार्थ, अथवा निःस्वार्थको कामना छ, यी सबै कुरा अस्पष्ट नै रहन्छन् । आखिर यो प्रश्न नै कुन कुराको स्पष्टीकरणका निमित्त उठेको हो (भिक्षु, २०१७, पृ. ६९) ।

प्रस्तुत कथांशमा समाख्याताले कथाको केन्द्रीय पात्र भामाको मनोविज्ञानका आधारका आख्यानात्मक घटनाअघि बढाएको देखिन्छ । चियादानी आगोमा बसालेर भोक्राइरहेकी भामाको सोचाइले कथाको संरचनात्मक प्रस्तुति पूर्वस्मृतिका आधारमा पात्रको विचारपक्ष आएको देखिन्छ ।

कथाक्रममा भामाले आफूबाहेक अन्य पात्र(अपरिचित युवक)को पनि अस्तित्वलाई स्वीकार गरी उसप्रति लगाव पनि राखेको देखिन्छ । यहाँ भामाले देखाएको कथात्मक यात्राको बाटो आदर्श

जीवन र आदर्श प्रेमको बाटो हो । भामाको मनमा पलाएको माया,मनभित्रको मिठो दुःखाइर अपरिचित पात्रप्रतिको लगाव उसको मानमा उठेको विचार जस्ता पक्षहरू सङ्केन्द्रण भएको देखिन्छ ।

*मैयाँसाहेब* कथासङ्ग्रहमा समावेश भएको माऊजङ बाबुसाहेबको कोट (र.का. २०१७) कथामा समाख्याताले माऊजङ बाबुसाहेबको सक्रियता र उनको कार्यव्यवहार देखाउँदै २००७ साल पश्चात्को घटनालाई प्रतिविम्बन गरेर पात्रको वैचारिक आधारप्रस्तुत गरेको देखिन्छ । कथांशमा सरल कथात्मक संरचनाभित्र माऊजङ बाबुसाहेबको उपस्थिति र वैचारिक प्रस्तुति आएको देखिन्छ । यहाँ माऊजङ बाबुसाहेबले मन्त्री र अन्य स्थानीय व्यक्तिको अस्थित्वलाई सामान्य ढङ्गले स्वीकार गरेको र उनीहरूसँगको सम्बन्धलाई हसजताका साथ प्रस्तुत गरेको घटना सङ्केन्द्रित भएको अवस्था कथांशमा आएको छ ।

> अत्यन्त निर्विकार, सहज मन लिएर बाबुसाहेब मन्त्रीज्यूको जलपानसमारोह स्थलमा पुगे । पुग्नेबित्तिकै साराका आँखा उनको कोटमा टाँसिए । विस्फारित नेत्रले सबै निमिषमात्रलाई हेरी नै रहे । अनिपछि एउटा दबेको मुस्क्याइ सबैको ओठमा फक्रे पनि कोही हाँसेन । बाबुसाहेबले पनि यस कुराको लक्ष्य गरे, तर आज वस्तुतः उनी कुनै यस्तो माथिल्लो मानसिक स्तरमा पुगेका थिए जहाँ यस्ता आवेगहरू स्वयमै परिशान्त भएर जान्छन्(भिक्षु, २०१७, पृ. १२९) ।

प्रस्तुत कथांशमा आख्यानकारले माऊजङ बाबुसाहेब र उनको कोटलाई केन्द्रमा राखेरी विषयसङ्केन्द्रण गरेको देखिन्छ । कथांशमा राणाशासनको अन्त्य र प्रजातन्त्रको उदयको समयलाई प्रतीकात्मक रूपमा केन्द्रीय विषय बनाइएको देखिन्छ भने माऊजङ बाबुसाहेब र उनको कोटलाई सङ्केन्द्रण गरी राणाशासको पतन पश्चात् पनिमाऊजङ बाबुसाहेब जस्ताको  मुस्कान र व्यवहारले राणाशासनको धङ्धडीले अझै पनि बाँकी छ भन्ने विचार अभिव्यक्त भएको देखिन्छ । माऊजङ्ग बाबुसाहेबले विषयप्रस्तुतिप्रति गरेको संज्ञान, मन्त्री र अन्य व्यक्तिको उपस्थिति र त्यसबाट प्राप्त सन्देशका आधारमा आएकोविषयहरू वैचारिक पक्षका आधारमा सङ्केन्द्रणभएको देखिन्छ ।

प्रेम र जीवनको वास्तविकता सत्य र यथार्थमा आधारित हुन्छ भन्ने मान्यतामा आधारित भएर संवादात्मक शैलीमा  लेखिएको प्रेमको एउटा कथा (र.का.२००१) कथामा कथाकारले प्रेम र जीवनको यथार्थलाई वैचारिकताका आधारमा प्रस्तुत गरेको विषय कथांशमा सङ्केन्द्रित भएको छ ।

प्रेम पाप हो या पुण्य यो त म भन्न सक्तिदिनँ, भन्न पनि चाहन्नँ तर आफ्नो व्यक्तिगत अनुभवले म यही कुरा भन्न चाहान्छु कि तपाईंहरूले यस कुरामा विवाद गरेर निरूपण गर्नखोज्नु नै शायद ठुलो पाप भइरहेछ । कुरा सुन्नेबित्तिकै सबैको कान तातेर आयो । एक जानाले अलि टर्रो स्वरमा भने पनि–यस हिसाबले त हामी पापी नै भयौँ तर वकीलले त्यतातिर विचार नै नगरी भन्दै गए-प्रेमलाई चलाउनु हुँदैन । त्यो वृत्ति हो । वृत्ति प्रकृतिको गुण हो । मान्छेले त्यसमा आफ्नो कुरा दम्भ आरोपित गऱ्यो भने वृत्ति विग्रेर विकृति हुन जान्छ, अनि हामी सबै पापको दर्शन पाउन थाल्छौँ (भिक्षु, २०१७, पृ. १७)

प्रस्तुत कथांशमा कथाकारले म पात्रका माध्यमबाट प्रेम समस्या हैन, प्रेममा समस्या आएको हो भन्ने विचारलाई प्रकट गरेको देखिन्छ । यहाँ म पात्रको संवादांशमा प्रेम के हो ? प्रेम कसरी हुन्छ ? प्रेमका आधारहरू के के हुन् ? भन्ने विषयमा चर्चा भएको देखिन्छ । आदर्श प्रेम पुण्यको विषय हो र यो विषयमा विवाद आवश्यक छैन भन्नेमा म पात्र पूर्णतः विश्वस्त देखिन्छ । म पात्रको विचारप्रति कुनै एक पात्रले अभिनयात्मक ढङ्गले गरेको प्रतिवादको विषयपनि कथांशमा वैचारिकताका आधारमा सङ्केन्द्रित भएको छ ।

कथांशमा आख्यानकार र म पात्रको विचार तथा भावना समान रूपमा आएको देखिन्छ भने कथाको मुख्य विषयलाई म पात्रले प्रवक्ताका रूपमा प्रस्तुत गरेको देखिन्छ । कथाको संवादमा आदर्श प्रेम र आदर्श विचारका बारेमा पात्रको अभिमत प्रकट भएको देखिन्छ । समग्र पाठमा आएको आदर्श विचारलाई म पात्रका माध्यमबाट आख्यानकारले प्रस्तुत गरेको अवस्था नैवैचारिकताका आधारमा पात्रको धारणा सङ्केन्द्रित भएर आएको देखिन्छ ।

## २.३.४. संज्ञानको आधार

आख्यानभित्र कुनै पनि विषयवस्तुलाई पात्रका माध्यमबाट प्रस्तुत गर्दा प्रस्तुतिको आधार, पात्रले संज्ञान गर्ने विषय, सङ्केन्द्रकको उपस्थिति र त्यसले दिने सूचना आदिका माध्यमबाट पात्रको संज्ञानलाई आधार बनाई सङ्केन्द्रकको पहिचान गरिन्छ । 'कसैले कसैलाई कुनै कार्य गर्नका निम्ति उत्प्रेरणा दिँदा अर्को व्यक्तिसँग समानता र भिन्नता देखाएको हुन्छ र मूल्याङ्कनको कसीमा राखेको हुन्छ । यसरी एक अर्काको कार्यको तुलनात्मक अभिव्यक्ति दिँदा संज्ञानात्मक आधारमा सङ्केन्द्रणको अवस्था सिर्जना भएको हुन्छ (बल, १९८५, पृ. १४०) ।' पात्रको कार्यव्यवहार, उपस्थिति, प्रस्तुति र

संज्ञानात्मक स्थिति तथा पात्रमार्फत आएको सन्देशलाई आधार बनाएर कथात्मक पाठमा सङ्केन्द्रणको अध्ययन गरिन्छ ।

पात्रको कार्यशैली, आख्यानले लिने मोड, आख्यानात्मक सन्देश, संज्ञान आदि विषयलाई सङ्केन्द्रणभित्र संज्ञानका आधारमा अध्ययन गरिन्छ । 'आख्यानका पात्रमा आएका संज्ञान, अनुमान, विश्वास, स्मृति जस्ता संज्ञानात्मक पक्षका आधारमा पात्रका कार्यव्यवहारको अध्ययन सङ्केन्द्रणभित्र गरिन्छ (केनोन, १९७१, पृ. ७९) ।' संज्ञानात्मक आधारभित्र पात्रले मनोलोकमा स्थापित गराएको विषयवस्तुलाई प्रस्तुत गर्ने कार्य सङ्केन्द्रणले गरेको हुन्छ । 'आख्यानमा नायकका अतिरिक्त अन्य पात्रले संज्ञान गरेको विषयलाई मनोवैज्ञानिक आधारमा खुल्ला रूपमा व्याख्या गर्नुपर्छ (जेनेट, १९८३, पृ. २०२) ।' यसर्थ आख्यानभित्र पात्रको मानसिकतामा केन्द्रीकृत र संरचित भएको विषय सङ्केन्द्रणमा अभिव्यक्त भएको हुन्छ ।

समाजको विसङ्गति र विकृतिका बारेमा रानीसाहेब (र.का. २०२३) कथामा माथिका सैद्धान्तिक मान्यताअनुाररानीसाहेब र अन्य पात्रका जीवनमा घटेका घटना, उनीहरूले जीवन जिउने क्रममा गरेको संज्ञानात्मक पक्ष आदिका आधारमाकथांशभित्र पात्रका कार्यव्यवहारहरू सङ्केन्द्रित भएका छन् ।

> रानीसाहेब चूप लागिन् । अधिकारी पनि उठेर बाहिरतिर लाग्यो । तर ऊ दैलो बाहिर हुनै लागेको थियो कि आँधिव्यारीजस्तै रानीसाहेब उसलाई समात्न पुगिन् । अनि ढोकानजीकै उसको कोटको कलर समातेर भनिन्- हेर् जम्मै कुरा बुझाएर अब यो पनि भन्न चाहन्छु, र सुन् पनि, कि पुर्पुराले पराधीन र पापैले भए पनि तन बेचेकी हुँ, मन बेचेकी होइन ! जीउको व्यपार भयो होला, जीवनकै व्यपार गरेकी छैन । तन लाज मारेकी हुँला मुटू मारेकी होइन । त्यस्तै इज्जत त बेचेकै हुँ तर पनि अझै पनि इमान बेचेकी छैन । तँ जस्ताको काखमा आफ्नी छोरीहरूको जिउँदो मासु राखिदिएकी हुँला, तर...तर... हिर्दयलाई त छुन पनि दिएको छैन (भिक्षु, २०२४, पृ. ११५-११६ ) ।

प्रस्तुत कथांशमा समाख्याताले रानीसाहेबको विचार र कार्यव्यवहारलाई संवादात्मक शैलीमा अभिव्यक्त गरेका छन् । कथांशमा रानीसाहेबको इमान र अधिकारीको बेइमानको अवस्थालाई चर्चा गर्दै बेइमान गरेर सम्भ्रान्त बन्नुभन्दा इमान्दारीपूर्वक शरीर बेचेर नै भए पनि जीवन चलाउनु ठिक

हुन्छ भन्ने विचारलाई पात्रको संज्ञानका आधारमा प्रकट गरेको देखिन्छ । कथांशमा रानीसाहेब र अधिकारीको व्यवहारहरलाई समानता (दुबै विसङ्गतिमा रहेको, दुबै सामाजिक मर्यादाभन्दा बाहिर रहेर पैसाका लागि इज्यत फाल्ने काम गरेको) का आधारमा प्रस्तुत गरिएको देखिन्छ भने दुबै पात्रको असमानता (अधिकारीले पैसाका लागि इमान बेचोको तर रानीसाहेबले जीवनका लागि शरीर बेचेको)अवस्थालाई पात्रको संज्ञानका आधारमा सङ्केन्द्रणका रूपमा प्रस्तुत गरिएको देखिन्छ ।

कथामा राष्ट्रसेवक अधिकारीले सधैं सद्व्यवहार गर्नुपर्छ । जीवनमा कहिल्यै पनि लुटेर वा ठगेर खानुहुदैन । संसारलाई ठग्नु भन्दा इमान्दारीपूर्वक कार्य (देहव्यापार) गरेर भए पनि जीवनयापन गर्नु उचित हुन्छ भन्ने रानीसाहेबले गरेको संज्ञान कथामा सङ्केन्द्रण बनेर आएको छ । नियतिका कारण देहव्यापार गर्न बाध्य भएको र यस्तो अवस्था आउनुमा(सुनिश्चित भविष्यको चिन्ता/परिकल्पना) भएको कुरा पात्रले गरेको संज्ञानमार्फत आएको देखिन्छ । यहाँ आफू र छोरीले शरीर/जीवन बेच्न परे पनि इमान कहिल्यै नबेच्ने विश्वास,स्मरण र धारणाका आधारमापात्रको संज्ञानात्मक पक्षसङ्केन्द्रण भएर आएको छ ।

मानवीय विरासतलाई आधारबनाएर लेखिएको शैतानको शैतानी (र.का.२०००) कथामा बाहिदको जीवन र उनको परिवारको भूमिकालाई प्रस्तुत गरिएको छ । बाहिदको कार्यव्यवहार जीवनको लक्ष्य, उनले गरेको विश्वास, जीवनप्रतिको संज्ञान र स्मृति जस्ता पक्षकथामा संज्ञान बनेर आएको देखिन्छ ।

> बहिद पनि स्वस्नी र छोराछोरीका निम्ति अनाशक्त भावले सिलाइ गरी, कमाई कमाई नियमित जीवन विताइरहेको थियो । आधादर्जन छोराछोरीको बाबु भएर पनि आफ्नो नियमित दिनचर्याले गर्दा यस उमेरसम्ममा ऊ स्वास्नी र छोराछोरीसँग अपरिचित जस्तै थियो यद्यपि यस्तो बाहिदभित्र पनि उसको अतीत यौवन र तरुणी रजियाको स्मृतिको आनन्द कहिलेकाहीं झलक्क झुल्किन जाने गर्थ्यो (भिक्षु, २०१७, पृ. ११०) ।

प्रस्तुत कथांशमा समाख्याताले बाहिद, उसकी स्वास्नी र छोराछोरीका कष्टकर जीवनका बारेमा वर्णन गर्दै बाहिदको जीवनमा देखिएको दुःखलाई सविस्तार चर्चा गरेका छन् । कथामा समाख्याताले बाहिद जस्ता व्यक्तिका मार्फतबाट कयौं नेपालीको वास्तविकतालाई पनि देखाउन खोजेको कुरा स्पष्ट हुन्छ ।

सामाजिक विषयमा आधारित यस कथामा बाहिद र उसको परिवारका सदस्यहरू सङ्केन्द्रित भएर आएको देखिन्छ । समाख्याताले बाहिदको विचार, संवेग, दृष्किोण, पूर्वस्मृति, मनोभाव जस्ता पक्षहरूलाई कथासम्बद्ध विषयका आधारमा सङ्केन्द्रण गरेको देखिन्छ । कथामा समाख्याताले बाहिदलाई सङ्केन्द्रक बानाइ आख्यानात्मक घटनाको वर्णन गरेकाले बाहिदको कार्यव्यवहार संज्ञानात्मक आधारमा सङ्केन्द्रण भएको देखिन्छ ।

नेपाली समाजको विसङ्गति र आभिजात्यवर्गले निम्नवर्गमाथि गरेको अत्याचारलाई मुख्यविषय बनाएर तयार गरिएको बन्दोबस्त (र.का.?) कथाको प्रमुख पात्र पिरतिमायाको अन्तरसंवादमार्फत आएको विचारधारा, उसको जीवनमा आएको समस्या, कलिलो उमेरमै पाएको अथाह दु:ख आदि विषयलाई पात्रको संज्ञानका आधारमा निम्नलिखित कथांशमार्फत विश्लेषण गरिएको छः

> पिरतिमाया फेरि माग्न-खान थाली । केही दिनपछि एउटा पर्वमा पहाडको उसको गाँउबाट एउटा पहाडिया पशुपतिनाथको दर्शन गर्न आएको उसित भेट भयो । पिरतिमायाले थाहा पाई कि ‘ऊ जेलमा छँदै उसका बाबु उसलाई खोज्दै आएका थिए । छोरी कसाईंसित गएर जेलमा थुनिएकी’ भन्ने थाहा पाएर ‘हरे शिव’ भन्दै लगत्तै फर्के, लगत्तै थला परे लगत्तै मरे पनि ! बाहुनहरूले नै मृतक शरीरको अन्तिम संस्कार गर्ने बन्दोबस्त गाँउलेहरूले मिलाइदिएका थिए । कुजातहरूले लाश छुन पाएका थिएनन् पिरतिमाया एक तबरले निश्चिन्त भई । बाबुको पनि बन्दोबस्त अन्ततः भयो नै ! (भिक्षु, २०२४, पृ. १९) ।

प्रस्तुत कथांशमा नेपाली समाजको विभेदकारी नीति र निम्नवर्गका मानिसलाई परेको पीडा बन्दोबस्त शीर्षकअनुसारको विषयवस्तु पिरतिमायाका माध्यमबाट आएको देखिन्छ । कथांशमा पशुपति दर्शनमा आएको मानिससँगको झीनो संवादमार्फत पिरतिमायाको समग्र परिवार तहस नहस भएको अवस्थासूच्य रूपमा आएको छ ।

यो घटना पश्चात् पिरतिमायाको सम्पूर्ण परिवारसमाप्त भएकाले उसको मानसपटलमा संरचित विचार संज्ञानका रूपमा आएको देखिन्छ ।कथामा पिरतिमायाले जीवनको बन्दोबस्त गरेर (मृत्युको बाटोमा गएर) जीवन बिसाउने निर्णय लिएको अवस्था पात्रको संज्ञानात्मक आधारमा सङ्केन्द्रण भएर आएको छ ।

कथामा माथिल्लो वर्गका मानिसले समाजबाट पाउने सम्मान र तल्लो वर्गका मानिसले पाउने सम्मानमा तमाम अन्तर रहेको अवस्थालाई पात्रहरूका बिचको समानता र भिन्नताका

आधारमा पिरतिमायाले गरेको संज्ञान र उसले समाजलाई दिएको सन्देश जस्ता विषयहरू आएको देखिन्छ । पिरतिमायाको यो विचार तथा सन्देश कथाको मुख्य विचारमा आधारित भएर आएको छभने पिरतिमाया र आख्यानकारको विचार समान भएर आएको पनि देखिन्छ । यहाँ मुख्य पात्र र सहायक पात्रको दुःख, पीडा, जीवन भोगाइ र स्वार्थी संसारप्रतिको धारणा जस्ता विषय पात्रको संज्ञानका आधारमा सङ्केन्द्रण भएर आएको छ ।

समग्रमा सङ्केन्द्रणको विश्लेषण आन्तरिक, बाह्य, वैचारिक, मनोवैज्ञानिक र पात्रका विविधआधारमा स्तरीकृत पक्षलाई जोड दिएर गरिनु आवश्यक देखिन्छ । यसका निम्ति कसले देख्छ ? कसले सुन्छ ? कसले महसुस गर्छ ? कसले व्याख्या विश्लेषण गर्छ ? कसले मूल्याङ्कन गर्छ ? कसको दृष्टिबाट विषयवस्तुको प्रस्तुति भएको हुन्छ ? के कस्तो विचारहरूको प्रवाह भएको हुन्छ र कुन पात्र/समाख्याता विचारको संवाहक हो ? भन्ने कुरालाई सङ्केन्द्रण विश्लेषणको अध्ययनमा विशेष महत्व दिइनु आवश्यक हुन्छ ।

सङ्केन्द्रण त्यस्तो दृष्टि हो जसबाट पाठकले समाख्यानका घटना र पात्रलाई देख्ने कार्य गर्दछ । यसले कार्यका आधारमा भिन्न भिन्न दृष्टिकोणलाई बुझाएको हुन्छ ।यसमा पाठको केन्द्रीय अभ्युद्देशीय अभिमुखीकरण (पर्सेक्टिभल ओरन्टेसन) के कसरी आएको छ ? समाख्यानात्मक सूचना कुन व्यक्तिको ज्ञान वा दृष्टिकोण (पर्सेप्सन) का रूपमा प्रतिविम्बित भएको छ ?भन्ने प्रश्न र प्रकार्यात्मक रूपमा समाख्यानात्मक सूचनाको चयन र प्रतिबन्धसित सङ्केन्द्रण सम्बद्ध भएर आएको हुन्छ । कथामा कुन व्यक्ति (समाख्याता,अन्य पात्र वा चरित्रहरू) को पर्सेप्सनका आधारमा समाख्यानात्मक सूचनालाई सङ्कुचित वा सीमित तुल्याइएको छ ? भन्ने कुरा सङ्केन्द्रणको अध्ययनसँग सम्बन्धित रहेको हुन्छ ।

## २.४. निष्कर्ष

भवानी भिक्षुका कथामा पात्रको मनोविज्ञान र समसामयिक सामाजिक विषयवस्तुको जीवन्त प्रस्तुति पाइन्छ । उनका कथाभित्र पात्रले अवलम्बन गरेको विषय र कथाको सन्देशले समाजको वास्तविक अवस्थालाई प्रस्तुत गरेको हुन्छ ।यस परिच्छेदमा भिक्षुका कथालाई सङ्केन्द्रणको पक्ष र आधारमा विभाजन गरीअध्ययन गरिएको छ । पक्षअन्तर्गत मनोवैज्ञानिक पक्ष, वैचारिक पक्ष र अन्तर्दृष्टिमूलक पक्षका आधारमा अध्ययन गरिएको छ भनेआधारअन्तर्गत विषयप्रस्तुतिको आधार,

पात्रको सक्रियताको आधार, वैचारिकताको आधार र संज्ञानकाआधारमा विभिन्न कथाकाअंशहरूलाई साक्ष्यका रूपमा उपयोग गरी अध्ययन गरिएको छ ।

मनोवैज्ञानिक पक्षभित्र 'मेरो सानू साथी, भालुका बच्चा : मानिसका बच्चा, त्यो फेरि फर्कला ? र मालिकको छोरो' कथाकापात्रहरूको कार्यव्यवहार सङ्केन्द्रित भएका छन् । यसभित्र पात्रले पारेको प्रभाव, संवेदना, ज्ञान,अनुमान,धारणा,स्मृति,संज्ञान, आत्मिक विश्वास, आन्तरिक पक्ष, संवेग, भूमिकाआदिका आधारमापात्रहरूको कार्यव्यवहार सङ्केन्द्रणको पाइन्छ ।

वैचारिक पक्षभित्र 'प्रेमको एउटा कथा, हारजीत र कुवा' कथाका पात्रहरूको व्यवहार सङ्केन्द्रित भएका छन् । यी कथाकापात्रहरूले प्रवाह गरेको सर्वमान्य विचार, सक्रियता, सन्देश,धारणा, चेतना, संज्ञान आदि अवस्थाका आधारमापात्रले प्रस्तुत गरेको कार्यव्यवहारलाईसङ्केन्द्रणका रूपमानिरूपण गरिएको छ ।

अन्तर्दृष्टिमूलक पक्षभित्र 'एक पैसा, ज्ञात भएजति, रक्सीबाज र मैयाँसाहेब' कथाका पात्रहरूको व्यवहार सङ्केन्द्रित भएका छन् । यी पात्रहरूका अन्तर्मनको दृष्टिकोण, संज्ञान, भोगाइ,मानसिक संवेदना, समय, स्थान, परिस्थिति र पात्रहरूका बिचको सहानुभूतिपूर्ण उपस्थितिकथामा सङ्केन्द्रण भएको पाइन्छ ।

विषयप्रस्तुतिको आधारमा 'ईश्वर खुदा गाँडका कान र दुई अनुभूत सत्य' कथाका पात्रको भूमिका सङ्केन्द्रित भएका छन् । यसभित्र वैचारिक पक्ष, संज्ञान, विषयप्रस्तुति,कार्यव्यवहार, भावना, उपस्थिति र चेतनाका आधारमा कथाले लिएको विभिन्न मोडका माध्यमबाट पात्रका कार्यव्यवहारलाईसङ्केन्द्रणका आधारमानिरूपण गरिएको छ ।

पात्रको भूमिकाकाआधारमा'नयाँ इतिहासको प्रारम्भ र एउटा समस्या' कथाभित्रकापात्र-पात्रबिचको सह सम्बन्ध, हेराइ, मान्यता, कथात्मक संरचनामापात्रले पाएको सहानुभूति, परिवार/समाजप्रतिको उत्तरदायित्व र जीवनभोगाइका आधारमा पात्रका कार्यव्यवहारहरूसङ्केन्द्रण भएको पाइन्छ ।

पात्रको वैचारिकताका आधारमा 'तपस्या, माऊजङ बाबुसाहेबको कोट र प्रेमको एउटा कथा' कथाका पात्रको भूमिका सङ्केन्द्रित भएका छन् । यहाँपात्रको बोली, व्यवहार, कार्यशैली, उसको

हेराइ, सहायक र केन्द्रीय विषयको प्रस्तुति, संवाद र मानसिक स्थिति आदिका आधारमासङ्केन्द्रणको अवस्था सिर्जना भएको देखिन्छ ।

संज्ञानका आधारमा 'रानीसाहेब, शैतानको शैतानी र वन्दोबस्त' कथाका पात्रहरूको व्यवहार सङ्केन्द्रण भएको पाइन्छ । कथामा पात्रहरूले गरेको संज्ञान, अनुमान, विश्वास, स्मृति,आपसी सम्बन्ध, व्यवहार, विचार, संवेग, मनोभाव, उत्प्रेरणा जस्ता विविध पक्षसङ्केन्द्रण भएर आएको छ ।

# तेस्रो परिच्छेद

## भवानी भिक्षुका कथामासङ्केन्द्रणको तह र प्रकार

### ३.१. विषयपरिचय

भवानी भिक्षु नेपाली साहित्यकाशमा सुपरिचित व्यक्तित्व हुन् । विशेषतः कथासिर्जनामा उनको योगदान अतुलनीय छ। उनका कथामा समाजका सबै वर्ग र समुदायको प्रतिनिधित्व गर्ने पात्रहरूको सक्रिय उपस्थिति देखिन्छ ।भिक्षुका कथामा पात्रले देखेको वा भोगेको कार्यव्यवहारलाई आधार बनाएर आख्यानात्मक घटनाक्रम अघिबढेकोहुन्छ । उनका कथाभित्र आख्यानात्मक घटनाक्रमका आधारमा सङ्केन्द्रणको तह/स्तर निर्धारण भएको देखिन्छ । आख्यानात्मक पाठभित्र पात्रको सक्रियताका आधारमा आएको सङ्केन्द्रणको तह/स्तरलाई आन्तरिक र बाह्य गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ। यसमा पात्रको अनुभूति, दृष्टिकोण र प्रस्तुतिलाई आधार बनाएर बाह्य सङ्केन्द्रणको अवस्था सिर्जना भएको हुन्छ भने आख्यानभित्र विभिन्न तहमा पाठक र लेखकले गरेको संज्ञानबाट सिर्जना भएको तहगत संरचनाका आधारमा आन्तरिक सङ्केन्द्रणको अवस्था पनि निर्माण भएको पाइन्छ ।

### ३.२. सङ्केन्द्रणको तह

सङ्केन्द्रणको तह आख्यानात्मक पाठमा पात्रको भूमिका र संज्ञानका आधारमा आएको हुन्छ । कथात्मक पाठमा पात्रको भूमिका र सक्रियतालाई आधार मानेर सङ्केन्द्रणको तह/ स्तरपरिवर्तन हुन्छ ।'सङ्केन्द्रणले सरलीकरण र संवेदनशील रूपमा सीमाहरूका आधार तथा मनोवैज्ञानिक पक्षलाई आत्मसाथ गर्दै आख्यानात्मक पाठमा आएका विषयलाईविश्लेषणबाट उपलब्धि प्राप्तगर्नमा जोड दिएको हुनुपर्छ । फिलियास फोगमा आएको बाह्य सङ्केन्द्रणमा आख्यानभित्र आएको नयाँ मास्टर पात्र स्तब्ध भएपश्चात् आन्तरिक फोकलाइजेसनमा परिणत भएको छ (जेनेट, १९८३, पृ. १९१) ।' जेनेटको उक्त मान्यताका आधारमा सङ्केन्द्रणभित्र सङ्केन्द्रित पात्रको तह र स्तरमा परिवर्तन भएको देखिन्छ । सङ्केन्द्रणको तह निर्धारणका सम्बन्धमा उनले पात्रको भूमिका र गतिविधिलाई आधार बनएर आफ्नो धारण प्रस्तुत गरेका छन् । यसलाई एक पात्रको सन्दर्भमा बाह्य सङ्केन्द्रण र कहिले काहीँ अर्को (फरक पात्र) मार्फत आन्तरिक सङ्केन्द्रणका रूपमा पनि परिभाषित गर्न सकिन्छ ।

आख्यानको समाख्यानशास्त्रीय विश्लेषणको आधारमा अध्ययन गरिने सङ्केन्द्रण विश्लेषका निम्ति विविध पक्ष र तहलाई आधार बनाएको पाइन्छ । यसका लागि समाख्यानशास्त्रमा आख्यानात्मक पात्रको सक्रियता,उपस्थिति, संज्ञान, आख्यानात्मक घटनाक्रम, मनोवैज्ञानिक पक्ष, पात्रका माध्यमबाट समाख्याताले अभिव्यक्त गर्ने विचार, आख्यानात्मक सन्देश आदिविषयलाई केन्द्रमा राखेर आन्तरिक, बाह्य र शून्य सङ्केन्द्रणको तहका आधारमा विभाजन गरी अध्ययन गरिन्छ । यसरी विभाजन गरिएको सङ्केन्द्रणको तहलाई पात्रको उपस्थिति हेराइ र प्रस्तुतिका आधारमा विश्लेषण गरिन्छ ।

## ३.२.१.बाह्य तह

आख्यानात्मक पाठमा पात्रको बाह्य प्रस्तुति, समाख्याताले पात्रको सहयोगमा प्रस्तुत गरेको घटनाक्रमलाई निम्न वाक्यका आधारमा हेर्न सकिन्छ : (क) डोल्मा फुटबल खेलमा भाग लिन्छिन् । (ख) मैले डोल्माले फुटबल खेलमा भाग लिएको देखें । (ग) सचिनले डोल्माले फुटबल खेलमा भाग लिएको देखे । यसमा विभिन्न सङ्केन्द्रकहरूका बिचको सह सम्बन्ध के कस्तो छ ? कसले कसलाई कसरी हेरेको छ वा हेर्ने अनुमति दिएको छ भन्ने कुराको अध्ययन हुन्छ ।

आख्यानमा पात्रको गतिशीलताले नैघटनाक्रम अघि बढेको हुन्छ भन्ने कुराको उदाहरण डोल्माको सक्रियताबाट देखिन्छ । यहाँ एकजना द्रष्टा र अर्को श्रोता छन्जसले डोल्माको कार्यलाई नजिकबाट हेरिरहेको छ । श्रोताले कुरा सुन्ने र घटनाक्रमलाई बुझ्ने कार्य गरेको देखिन्छ भने द्रष्टाले विषय पहिचान गरेको देखिन्छ । ‘पाठमा डोल्माको अनुभूति र संज्ञान, म पात्रको अनुभूति र बुझाइ तथा द्रष्टाको अनुभूति र संज्ञानका आधारमा सङ्केन्द्रणको स्तर/तहमा फरक आएको देखिन्छ । यसरी हेर्दा पाठमा बाहिरी सङ्केन्द्रक, द्रष्टा र फेबुल्ला रहेको छ भन्ने कुरा सजिलै बुझिन्छ (बल, १९८५, पृ. १४१) ।’ आख्यानका पात्रहरूको हेराइ, अनुभूति, संज्ञान आदिलाई आधार बनएर सङ्केन्द्रणमा कसले कसलाई कसरी हेरेको छ भन्ने कुराको अध्ययन गरिन्छ ।

सबै आख्यानकारहरूकाआख्यानमा सङ्केन्द्रणको तह र स्तर निर्धारण भएको हुन्छ । ‘सङ्केन्द्रणको स्तर/तह निर्धारणको आधारलाई हेर्दा पहिलो तह बाह्य सङ्केन्द्रण हो जसले दोस्रो तह आन्तरिक सङ्केन्द्रणको आधार निर्धारण गर्दछ (बल, १९८५, पृ. १४३) ।’ आख्यानमा प्रस्तोताले चरित्रको उपस्थिति र सक्रियतालाई ख्याल गर्दै कुन स्तर/तहमा आख्यानात्मक घटनाक्रमलाई प्रस्तुत गर्ने हो भन्ने विषयको निर्धारण गर्दछ ।

सङ्केन्द्रणको स्तर/तह निर्धारणका सन्दर्भमा चोखेभको कथा *लेडी विथ ल्याप्डग*को घटनालाई मिकि बलले यसरी प्रस्तुत गरेका छन् । '(क) ल्यापडग सहित एक महिलाको यात्राका बिचमा भएको सामान्य कुराकानी । (ख) दिमित्री दिमित्रिभ गुरोभ जो यो बाटोका जानकार थिए र उनले सबै कुरामा चासो राख्दथे । (ग) एक दिन भेर्नेटको रेष्टुडेन्टको छतबाट एउटी युवतीलाई पदयात्रामा हिडिँरहेको देखे जो गोरी सामनन्य उचाइकी कोट गाएकी थिई । (घ) पछि ती युवतीलाई उसले धेरै पटक भेटे । (ङ) उनी सधैँ एक्लै एउटै कोट लगाएको सामान्य मानिस थिइन् । पछि मात्र थाहाभयो उनी लेडि विथ ल्याडलग हुन् भनेर । माथिका कथांशहरूमा आएको घटनालाई बाह्य सङ्केन्द्रणका आधारमा हेर्न सकिन्छ (बल, १९८५, पृ. १४४) ।' कथांशमा पात्रले गरेको व्यवहार र उसको दैनिकीलाई हेर्दा कथाका सम्पूर्ण गतिविधिहरू सङ्केन्द्रणको बाह्य स्तर/तह भएर आएको देखिन्छ ।

उपन्यासकार बोलेस्लाव प्रसको उपन्यास *द डल*मामहिला पैसा र हैसियत दुबैमा विवाह गर्न चाहान्छन् भन्ने कुरा प्रस्तुत गरिएको छ । यस आधारमा हेर्दा एक व्यक्तिको भावना र चाहानाबाट नैआख्यानमा सङ्केन्द्रणको तह र सीमामा परिवर्तन आएको हुन्छ । 'आख्यानमा पात्रहरूले गरेको कार्यव्यवहार र शैलीका आधारका सङ्केन्द्रणको स्तर/तह अथवा श्रेणी निर्धारण भएको हुन्छ (बल, १९८५, पृ. १४७) ।'आख्यानात्मक पाठमा यसरी निर्माण भएको प्रथमस्तरको सङ्केन्द्रण बाह्य सङ्केन्द्रण हो भने तृतीय स्तरको सङ्केन्द्रण आन्तरिक सङ्केन्द्रण हो ।

उल्लिखित चर्चाका आधारमा हेर्दा सङ्केन्द्रणको स्तरहरूमा आएको परिवर्तनले हामीलाई यसको अध्ययनमा मद्दत पुऱ्याएको हुन्छ । एक व्यक्तिको चाहाना भावना र सक्रियताका आधारमा सङ्केन्द्रणको तह/स्तर निर्धारण भएको हुन्छ र यसका आधारमा आख्यानका पात्रले गरेका कार्यव्यवहारलाई सङ्केन्द्रणका दृष्टिले अध्ययन गर्न सकिन्छ । उल्लिखित सङ्केन्द्रण सम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा भिक्षुका कथाकादुबै तहको अध्ययन यहाँ गरिएको छ ।

सङ्केन्द्रणको बाह्य तहका आधारमा लेखिएको मानव (र.का.१९९४) कथाको गोविन्द र तुंगनाथको सक्रियता, बाह्य व्यवहार, आपसी सम्बन्ध आदि घटनाक्रमहरूवक्ता र श्रोताका बिचको उपस्थितिका आधारमा घटित भएको देखिन्छ । दुबै पात्रका आख्यानात्मक तहको बाह्यकार्यव्यवहारका आधारमाश्रोता र पाठकले गरेको संज्ञान आदि विषयलाईतलको कथांशमा विश्लेषण गरिएको छ ।

> अनेक विभिन्नता हुँदाहुँदै पनि दर्बार स्कूलको म्याट्रिकुलेशन क्लासमा गोविन्द र तुंगनाथको छात्र जीवन मिलीजुली चलिरहेको थियो । तुंगनाथको सफासित सिइएको लुगा, सुनौलो रिष्टवाज, गंभीर बूटको पालिश, सील्स्स्किनको टोपी तथा गोल शेपको चश्मा उसको अनुकूल परिस्थितिलाई र ठट्यौलो, चपल प्रकृति, खुलेर हाँस्ने बानी र संकोचरहित स्वतन्त्र व्यवहार इत्यादिले उसको हृदयका उल्लासहरूलाई व्यक्त गरिरहेका थिए । अर्कोतिर गोविन्दको पत्तालमा धसिएका आँखा, दुब्लो शरीर, साधारण लुगा, चिन्ताशील प्रकृति तथा संकुचित अनुहारले 'उमंग तथा उत्साहले हरदम आनन्द मनाउँदै नाचिरहेको दुनियाँ' त्यसको होइन भन्ने प्रष्ट जनाइरहेको थियो । तैपनि दुबै मित्र थिए र उनीहरूको अकपट मेल मिलाप सारा छात्र तथा अध्यापकवर्गलाई समेत थाहा थियो (भिक्षु, २०१७, पृ. ८३) ।

प्रस्तुत कथांशमा समाख्याताले गोविन्द र तुंगनाथको विद्यार्थी जीवनको यथार्थ अवस्थालाई चित्रण गरेकाछन् । यहाँ दुबै छात्रका बिचमा समान सम्बन्ध र समान सक्रियता स्थापित भएको देखिन्छ । कथाका दुबै पात्रको समान सम्बन्ध र सद्व्यवहारले सङ्केन्द्रणको बाह्य तह सिर्जना गरेको देखिन्छ भने दुबै पात्रले गरेको अनुभूति र बुझाइको तह पनि फरक फरक रहेको देखिन्छ ।

गोविन्द र तुंगनाथको छात्रजीवनकोसक्रियता, मैत्रीपूर्ण सम्बन्धका बिचमा आएको तनावदुबैको जीवनलाई हेर्ने द्रष्टा र घटना प्रस्तुत गर्ने समाख्याता आख्यानमा उपस्थित भएको देखिन्छ । यहाँ दुबैको जीवनका घटना कथात्मक संरचनाका आधारमा आएको देखिन्छ । यस्तै दुबैका बाह्य गतिविधिलाई समाख्याताले टाढाबाट तटस्थरूपमा हेरेको देखिन्छ । यिनै मान्यताहरूका आधारमा उल्लिखित कथांशमा बाह्य तहको सङ्केन्द्रणको अवस्था सिर्जना भएको देखिन्छ ।

नेपाली समाजको यथार्थ अवस्थालाई चित्रण गरिएको 'गुनकेसरी' कथासङ्ग्रहमा सङ्गृहीत रमा (र.का.१९९९) कथाको ऊ पात्रले गरेको कार्यव्यवहारलाई समाख्याताले उसकी आमाका माध्यमबाट प्रस्तुत गरेका छन् । यहाँ दुई पात्रका बिचको आपसी सम्बन्ध, उनीहरूको जीवनभोगाइ बाह्य गतिविधि र कथात्मक संरचनालाई बाह्य तहको सङ्केन्द्रणका आधारमा तलको कथांशमा चर्चा गरिएको छ :

> उसकी आमा चाहन्थिन्-छोरीको चाँडै बिहा भइहालोस्, गृहस्थी बनोस् ! उमेर धेरै भइसक्यो, छोरी यत्तिको पढ्ने, लेख्ने, पोष्ट अँफिसका थरी-थरीका टिकट बटुल्ने ।

दृश्यहरूको र मनुष्यहरूको फोटोसमेत बटुल्ने, फेरि कता-कता पठाउने र कुन्नि कता-कताबाट त्यस्तै आउने । सबैभन्दा ठूलो कुरा केत कहाँ-कहाँ देश-विदेशका लोग्नेमान्छेहरूसित टिकट-सिटक लिएर चिनाजानी पनि राख्ने ! (भिक्षु, २०१७, पृ. ४२) ।

प्रस्तुत कथांशमा समाख्यातालेकथाभन्दा बाहिरै बसेर अरुको कथालाई वर्णन गरिरहेको देखिन्छ । यहाँऊ अर्थात् छोरीरमाको बाह्य गतिविधिको चर्चा गरेको देखिन्छ भने कथांशको वर्णनकर्ता समाख्याताले छोरीको बढ्दो उमेर, उसको आत्मीय चाहाना, देश-विदेशका मानिससँगको संसर्ग, लोग्नेमानिससँगको समीपताको चाहाना, आदिका बारेमा चर्चा गरेको देखिन्छ ।रमाकी आमाकोचिन्तालाई कथात्मक संरचनाका आधारमा समाख्याताले वर्णन गरेकाले यहाँ बाह्य तहको सङ्केन्द्रण भएको देखिन्छ ।

कथांशमा पात्रको आपसी सम्बन्ध, व्यावहार, उसकी आमाको ऊप्रतिको अनुभूति र बुझाइ तथा दुबै पात्रको बाह्य गतिविधिका घटनाबाट बाह्य तहको सङ्केन्द्रण स्थापित भएको छ ।यहाँ समाख्याताले कथा संसारभन्दा बाहिर रहेर अन्य व्यक्तिको वर्णन गरिरहेको देखिन्छ भने दुबै पात्रको कार्यव्यवहार कथात्मक संरचनाका आधारमाबाह्य तहको सङ्केन्द्रणका रूपमा आएको देखिन्छ ।

### ३.२.२. आन्तरिक तह

आख्यानात्मक पाठमा सङ्केन्द्रणको स्तर/तह निर्धारण गर्ने दोस्रो आधार पाठक र पात्रहरूकाबिचको भूमिका तथा पात्रले गरेको संज्ञान हो । आख्यानका पाठक तथा पात्रले गरेको संज्ञानको विषयलाई अभिव्यक्तगर्ने क्रममा सङ्केन्द्रणको आन्तरिक स्तर/तह निर्धारण भएको हुन्छ भन्ने मान्यता पाइन्छ । यही मान्यताका आधारमा मिकि बलले प्रस्तुत गरेको अवधारणा तल प्रस्तुत गरिएको छ :

१ पाठक – चरित्र – (पहेली, जासुसी कथा, खोज) पाठक+चरित्र– (धम्की) ।

२ पाठक – चरित्र + (गोप्य उदाहरणका लागि पुराना मानिसहरू) ।

३ पाठक + चरित्र + (कुनै गोप्य विषय छैन) ।

माथिका प्रत्येक स्तर/तहलाई आवश्यकताअनुसार विश्लेषण गर्न सकिन्छ । 'आख्यानका मुख्य पात्रलाई आख्यानात्मक घटनाको वास्तविकता थाहा छ भन्ने विषय यसमा सङ्केन्द्रण भएर आएको हुन्छ (बल, १९८५, पृ. १५०) ।' माथि चर्चा गरिएका सबै विषयवस्तु परम्परागत आख्यानात्मक मान्यता अथवा आख्यान संरचनाका शास्त्रीय मान्यताअनुसार पात्र, पाठक र लेखकले गरेको संज्ञानलाई आधार बनाएर आएका हुन् ।

बलले प्रस्तुत गरेको वाक्यका मार्फतबाट आएको आख्यानात्मक घटनाक्रमले सङ्केन्द्रणको आन्तरिक स्तर/तह स्थापित भएको छ । यहाँ आएको वाक्यमा खासगरी आख्यानात्मक घटनाक्रम, आख्यानको विषयवस्तु, समाख्याता र पात्रको भूमिका, संज्ञानको तह आदिलाई प्रमुख आधार बनाइएकोछ र यिनै मान्यताका आधारमा भिक्षुका कथाहरूको विश्लेषण यस शोधप्रबन्धमा गरिएको छ ।

श्रमजीवी स्वाभिमानी नेपालीको वास्तविकतामा आधारित मिस्त्री (र.का.२०२२) कथाको पात्रका अन्तर्मनको भावनालाई प्रस्तुत गर्ने क्रममा समाख्याताले लेखक, पात्र र पाठकको विषयसम्बद्ध आन्तरिक संज्ञानको विषयलाई प्रस्तुत गरेको देखिन्छ । कथात्मक पाठमा आएको यो स्थिति नै सङ्केन्द्रणको आधार भएरतलको कथांशमा आएको छ ।

> नित्यक्रियादि सिध्याई एक कप चिया खाएर ऊ तल ओल्ह्र्यो । एउटा मोटरसाइकिलको इन्जिन नै खोल्नु पर्ने थियो । उसले इन्जिन खोल्यो,जाँच्यो । दुइ एक पुर्जाहरू पनि झिक्यो । तर ठिक्क पार्न खोज्दा उसको मस्तिष्कले काम गर्न सकेन । हात पनि चलेनन् । उसले एउटा कस्तो अव्यक्त अनुभव गऱ्यो भने-सारा कालिगढीको प्रेरणास्रोत नै कदाचित सुक्यो ।' तर ऊ हतास भएन । केही ठाक-ठुक गऱ्यो पनि ! तर पनि सफल भएन । उसको अन्तरमा त्यही आफ्नो थोत्रो मोटरसाइकिल खोल्ने हेर्ने लिप्साको प्रबल संघात उम्र्यो । अतः उसले हातको पुर्जा त्यसै भुइमा राख्दै हीरामानसित भन्यो-'हेर बबु, मलाई केही पनि सुझ्दैन ! जम्मै बिर्सिं केरे ! मेरो मुटु नै छैन । अब यो रोजगार तँलाई नै सम्हाल्नु पऱ्यो । सिकिसकेकै छस् । अब म काम गर्न सक्दिनँ । बिर्सें बिर्सें । मबाट हुन्दैन । बिर्सें नै (भिक्षु,२०२४, पृ. ६४) ।

प्रस्तुत कथांशमा हिराभाइ र हिरामानले भोगेको अन्तर्मनको भावनाआन्तरिक सङ्केन्द्रणका आधारमाआएको देखिन्छ । हिरामानले थोत्रो मोटरसाइकिल बेचिदिए पश्चात् हरिभाइको अन्तर्मनमा परेको नकारात्मक प्रभावले समग्र जीवनभरको ज्ञान समाप्त भएको र यसै कारणले उसको जीवन नै तहसनहस भएको अवस्था आन्तरिक सङ्केद्रण भएर कथांशमा आएको छ ।

कथांशमा पाठक र चरित्रको सामान्य सम्बन्ध स्थापित भएको देखिन्छ भने हिराभाइको मनमा परेको पीडाले जीवनप्रतिको लगावलाई खोजमूलक र सन्देशमूलक मान्यताका आधारमा अभिव्यक्त गरेको देखिन्छ । यस्तै हिराभाइको पुरानो पेसा थोत्रो मोटर-साइकिलसँगको सम्बन्धलाई पनि अन्तर्मनको लगावका आधारमा आन्तरिक सङ्केन्द्रण भएर कथामा आएको देखिन्छ ।

चीन (खासा/तिब्बत)को सामाजिक विषयसंरचनामा आधारित एउटा छर्लंग प्रेम कथा ( र.का.२०२४) कथमा यांग्जी, योन्देन र अनंगको जीवनमा आएको घटना, पात्रका आपसी सम्बन्ध, तिब्बतको पुरानो मान्यता, पाठक र पात्रको अन्तरसम्बन्ध,उनीहरूले गरेको संज्ञान आदि विषयवस्तुलाई आन्तरिक सङ्केन्द्रणका आधारमा तलको कथांशमा विश्लेषण गरिएको छ :

> यसपछि प्रेमको छर्लंग कथा सामुन्ने आयो । यांग्जीले अनंगलाई छोडिन र उ त्यहाँको सामाजिक चलनअनुसार सहजै उसकी पत्नी पनि भई । यांग्जीको छोरो

> चांहि योन्देनको फाँटमा पऱ्यो र यस नयाँ बन्दोबस्तमा कुनै पनि बाधा कुनै पनि पक्षबाट उपस्थित हुने कुरै उठेन । तर योन्देन ....?
>
> सामाजिक संस्ककार र परिबन्धले गर्दा योन्देनको लागि यांग्जी वा अनंगप्रति कुनै रिस-राग रहने, राख्ने कुरा नै भएन । तिब्बतमा त्यो मामूली कुरो भयो– यांग्जी पहिले योन्देनको पत्नी थिई अहिले अनंगको भई । अझ अनंगकी भए पनि उसले चाहेमा अरुहरूसित पनि शारीरिक वा आवश्यकता परेमा मानसिक सम्पर्क समेत राख्न सक्तथी । त्यसमा कुनै बाधा-बन्धन थिएन । त्यस्तै चाहेमा योन्देनले पनि अर्की स्वास्नी ल्याउन फुक्का थियो, कदाचित पछि ल्याउनै पर्ला । तर ....
>
> तर नियम-परिबन्धअनुसारै संसारकासारा थोक चल्ने वा चलिरहने भए यस विराट् विश्वमा मानिसको कुन स्थान रहन्थ्यो ? योन्देन कुनै परिबन्द वा निर्णयमात्रै त तिइन नि (भिक्षु, २०३४, पृ. ५) ।

प्रस्तुत कथांशमा कथाकारले पात्रको व्यक्तिगत जीवनमा आएको समस्यालाई आख्यानको मुख्य विषयका रूपमा प्रस्तुत गरेको देखिन्छ । यहाँ तिब्बतको प्राचीन सामाजिक साँस्कृतिक मान्यता, समाज विकासको क्रम र पाठक तथा पात्रको सम्बन्धआदि विषयहरू आन्तरिक सङ्केन्द्रणका आधारमा आएको देखिन्छ ।नायिका यांग्जी नायक योन्देन र सहनायक अनंगको सरल दैनिकीका सम्पूर्ण गतिविधिहरू आख्यानात्मक पाठमाआन्तरिक सङ्केन्द्रणबनेर आएको देखिन्छ ।

कथांशमा प्रेमको छर्लंग कथा सामुन्ने आउनु, पतिलाई छोडेर नयाँ मानिससँग विवाह गर्नु, सामाजिक मान्यताको आडमा परिवारमा विखण्डन ल्याउनु, तिब्बतको प्राचीन समाज व्यवस्थाको विषयमा पुरुष र महिलाको स्थान निर्धारण हुनु जस्ता विषयवस्तु कथामा आन्तरिक सङ्केन्द्रणका आधारमा अभिव्यक्त भएकोदेखिन्छ ।

कथांशमा आएकासम्पूर्ण पात्रहरूको चारित्रिक गतिविधिसँग पाठकको आपसी सम्बन्ध स्थापित भएको देखिन्छ । यहाँ पात्रले गरेको संज्ञान, अन्तर्मनका विषयवस्तु र  आख्यानात्मक गतिविधिहरू आन्तरिक सङ्केन्द्रण भएर आएको देखिन्छ ।

## ३.३. सङ्केन्द्रणका प्रकार

सङ्केन्द्रण साहित्यको सर्वाङ्गीण क्षेत्रको  अध्ययन अनुसन्धान गर्ने माध्यम हो । पात्रको प्रविष्टिका आधारमा सङ्केन्द्रणको तह र प्रकारहरू निर्धारण भएका हुन्छ । पात्रको उद्देश्य र भूमिकाले सङ्केन्द्रणको स्थिति निर्धारण भएको हुन्छ । यसभित्र पात्रका आन्तरिक पक्षहरूको उपस्थिति, एकीकृत दृष्टिकोण र आन्तरिक संज्ञानको विषय सङ्केन्द्रण भएर आएको हुन्छ । पात्रले भोगेको पीडा र उसको व्यक्तिगत सचेतनाका आधारमा आन्तरिक, बाह्य र शून्य गरी यसका तीन प्रकारहरू निर्धारण भएका हुन्छन् । यी तिनै प्रकारका सङ्केन्द्रणमा पात्रको सक्रियता, संज्ञान, सर्वज्ञाता समाख्याताको अवस्था र सिर्जनशीलताका आधारमासङ्केन्द्रणको अवस्था आएको हुन्छ ।

### ३.३.१. आन्तरिक सङ्केन्द्रण

आन्तरिक सङ्केन्द्रणमा पात्रको अनुभव, विचार र दृष्टिकोणलाई मुख्य सन्दर्भ बनाइएको हुन्छ वा विस्तार गरिएको हुन्छ । अर्थात् सङ्केन्द्रकले पात्रको दृष्टिकोण तथा कार्यव्यापारलाई देखेको हुन्छ । आख्यानात्मक सूचनालाई पात्रका संसारप्रतिको दृष्टिकोणमा सीमित पारिएको हुन्छ । यसमा आख्यानात्मक पात्रका आन्तरिक विषयवस्तु प्रवेश भएको हुन्छ । 'आन्तरिक सङ्केन्द्रणमा आख्यानात्मक पाठभित्रका आन्तरिक पक्षको अध्ययन  गरिन्छ । यसमा आख्यानका अन्तर्निहित तहको चित्रण भएको हुन्छ । यसभित्र धारणा(दृश्य, श्रवण, गन्ध) आदिका आधारमा अध्ययन गरिन्छ (केनोन, १९७१, पृ. ८१) ।' आन्तरिक सङ्केन्द्रणमा पात्रले गरेको आन्तरिक संज्ञानको विषयवस्तुलाई आधार बनाइन्छ । 'आन्तरिक सङ्केन्द्रणलाई हामीले आवश्यक रूपमा कम कडा अर्थमा लिने गर्छौं । यसको न्यूनतम मापदण्डलाई रोलाबाँर्थले आफ्नो परिभाषामा कथाको व्यक्तिगत मोड भनेकाछन् ( जेनेट, १९८३, पृ. १९३) ।' यस आधारमा आन्तरिक सङ्केन्द्रणभित्र आएका हरेक मोड कथाको व्यक्तिगत र नैसर्गिक मोडहो भन्न सकिन्छ ।

जेरार्ड जेनेटले आन्तरिक सङ्केन्द्रणलाई आन्तरिक रूपमा केन्द्रीकृत सङ्केन्द्रण वा आन्तरिक सङ्केन्द्रण भनेका छन् । 'आन्तरिक रूपमा केन्द्रीकृत सङ्केन्द्रणभित्र आख्यानको आन्तरिक जीवनका घटनालाई प्रस्तुत परिएको हुन्छ । यसमा पात्रले आन्तरिक रूपमा भोगेको विषयवस्तुलाई सङ्केन्द्रणभित्र प्रस्तुत गरिएको हुन्छ (जेनेट, १९८३, पृ. १८९) ।' आख्यानात्मक घटनामा पात्रले गरेको कार्यव्यवहार, जीवनभोगाइ र उसले गरेको संज्ञान आदि विषयलाई आधार बनएर अध्ययन गरिन्छ । यसमा आख्यानको अन्तर्निहित घटनाक्रमलाई अध्ययनको मुख्य विषयक्षेत्र बनाएको पाइन्छ

। सबै आख्यानकारका आख्यानमा पात्रको प्रत्यक्ष संलग्नता रहेको हुन्छ । यस्तो अवस्थामा पात्रले गर्ने कार्यव्यवहार, आन्तरिक सङ्केन्द्रणको रूपमा स्थापित भएको हुन्छ भन्ने मान्यतालाई बलले निम्न आधारमा प्रष्ट्याएका छन् :

'(क) मेरि ऱ्यालीमा भाग लिन्छिन् । (ख) मैले मेरिले ऱ्यालीमा भाग लिएको देखें । (ग) मिसेलले मेरिले ऱ्यालीमा भाग लिएको देखे । यी वाक्यमध्ये वाक्य (क) मा पात्र स्वयं कार्यव्यवहारमा संलग्न भएकाले यो नै आन्तरिक सङ्केन्द्रणको अवस्था हो (बल, १९८५, पृ. १४१) ।' यस आधारमा आख्यानभित्र पात्रले देखेको वा भोगेको कार्यव्यवहारलाई आधार बनाएर आख्यानात्मक घटनाक्रम अघिबढेको हुन्छ ।

पात्रको अन्तर्मनले महसुस गरेको विषवस्तु आन्तरिक सङ्केन्द्रण भएर आएको हुन्छ । 'आन्तरिक सङ्केन्द्रणमा पूर्णतया आन्तरिक मनोलोकको कथामा मात्र सीमित हुन्छ । यहाँ आएको कथा न्यूनतम मापदण्डमा अघिबढेको हुन्छ । (जेनेट, १९८३, पृ. १९३) ।'सहज ढङ्गले अघिबढेको घटनाक्रमका आधारमा कथा/आख्यानमा आन्तरिक सङ्केन्द्रणको तह निर्धारण भएको हुन्छ । 'आन्तरिक सङ्केन्द्रण आख्यानको प्रतिनिधि घटनाभित्र आएको हुन्छ । यो सामान्यतया चरित्र सङ्केन्द्रकका रूपमा पनि आएको हुन्छ, तथापि कहिले काँही बाह्य विषय र चरित्रको गुण र दोषका आधारमा पनि आन्तरिक रूपमा आएको हुन्छ (केनोन, १९७१, पृ. ७४) ।' यसमा पात्रले प्रत्यक्ष भोगेको गुण र दोषसङ्केन्द्रित भएर आएको हुन्छ । आख्यानात्मक घटनाक्रममा आएको पात्रले महसुस गर्ने विषय, चरित्रको जीवनशैली र पात्रले गर्ने संज्ञान आदि विषय आन्तरिक सङ्केन्द्रणमा आएको हुन्छ ।

माथिका चर्चा परिचर्चाका आधारमा आन्तरिक सङ्केन्द्रणको अवस्थालाई हेर्दा पात्रको व्यवहारर उसले गर्ने संज्ञानको विषयलाई नै अध्ययनको मुख्य आधार बनाइन्छ । जुन आख्यानमा सम्पूर्ण घटनाहरू मुख्य पात्रको विषयीगत दृष्टिकोणबाट प्रतिविम्बित गरिएको हुन्छ, त्यस्तो समाख्यानमा आन्तरिक सङ्केन्द्रण रहेको हुन्छ । यसमा पात्रको अनुभव, विचार, दृष्टिकोणलाई मुख्य सन्दर्भ बनाइएको हुन्छ वा विस्तार गरिएको हुन्छ । अर्थात् सङ्केन्द्रकले पात्रको दृष्टिकोण तथा कार्यव्यापारलाई देखेको हुन्छ । यसमा आख्यानात्मक सूचनालाई पात्रको संसारप्रतिको दृष्टिकोणका रूपमा सीमित पारिएको हुन्छ ।

आन्तरिक संकेन्द्रण भएको समाख्यानमा पात्र सङ्केन्द्रकका रूपमा रहेको हुन्छ । यसमा समाख्याता नै पात्रका रूपमा पनि उपस्थित भएको हुन्छ । अर्थात् समाख्याताले पात्रले जानेको कुरामात्र भन्दछ । कुनै आख्यानमा समाख्याताद्वारा केवल पात्रका कार्यलाई मात्र व्याख्या तथा विश्लेषण गरिएको हुन्छ भने कुनै समाख्यानमा पात्रका दृष्टिविन्दुबाट भनिएका वा बताइएका विभिन्न पक्षलाई प्रस्तुत गरिएका हुन्छन् । आख्यानमा पात्रले आफ्नो दृष्टिकोणबाट नै सबै घटनाहरूको प्रस्तुति र व्याख्या गर्ने कार्य गर्दछ । आन्तरिक सङ्केन्द्रणका यिनै मान्यताका आधारमा भिक्षुका केही कथाहरूका साक्ष्यसहितको विश्लेषण गरिएको छ ।

समाजको वास्तविक अवस्थालाई चित्रण गरिएको अब म त्यस पसलमा सिगरेट किन्दिनँ ( र.का.२०१३) कथामा आएका सबै सूचनाहरूलाई म पात्रले विषयीकरण गरेको देखिन्छ । कथामा आएको पात्रले जीवनमा घटेका सम्पूर्ण घटना र वस्तुस्थितिका बारेमा कथा संसारभित्र रहेर हेर्ने र अनुभव गर्ने कार्य गरेको छ । कथामा म पात्रले बोलेका सम्पूर्ण विषय तथा घटनाहरूले सूचनाका रूपमा काम गरेका छन् । कथाभित्र प्रायः सबै सूचनाहरू कथाको मुख्य पात्र म का दृष्टिकोणबाट प्रस्तुत गरिएको छ । आख्यानकारले म पात्रको विचार र कार्यव्याव्यवहारलाई आन्तरिक रूपमा सङ्केन्द्रित गरी प्रस्तुत गरेका छन्।

> त्यसै दिनदेखि मानिरहेको छु कि संसारको 'रहस्य' खोल्ने पनि खोल्ने चेष्टा गर्नु हुँदैन; मानवीय कल्याणमा उसको पनि विशिष्ट र अनिवार्य ठाउँ छ, रहन्छ; जगत्को व्यक्तिको त्यो कल्याणेश्वर हो । त्यस रहस्यभित्र मूक अन्तरपश्चातापको प्रक्षालनका, स्वयम्-स्वीकृतिको पवित्र वास छ, जसलाई-हेर्नु हुँदैन !(भिक्षु, २०१७, पृ. ३७)

प्रस्तुत कथांशमा आख्यानकार म ले कथाको प्रमुख पात्र म का बारेमा आफ्नो धारणा राखेको देखिन्छ । यहाँ म पात्रको जीवनमा आइपरेको घटनाका बारेमा आख्यानकारले आफ्नो धारणा व्यक्त गरिरहेकाछन्। संसारको रहस्यलाई अनावश्यक खोल्ने चेष्टा गर्न हुँदैन,मानवीय कल्याणमा सबैको अनिवार्य र विशिष्ट स्थान रहेको हुन्छ, संसारको रहस्य नै जगत्को  कल्याणकर्ता कल्याणेश्वरहो भन्ने धारणा कथामा व्यक्त भएको छ । 'त्यसभित्र मूक अन्तरपश्चातापको प्रक्षालनमा स्वयम् स्वीकृतिको पवित्र वास रहेको हुन्छ' भन्ने म पात्रको धारणा आन्तरिक रूपमा सङ्केन्द्रित भएर आएको देखिन्छ । कथाका पात्रले संसारको सहस्यका बारेमा आन्तरिक रूपमा संज्ञानगरेको विषय नै कथाले लिएको नयाँ नैसर्गिक मोड भएकाले कथामा आन्तरिक सङ्केन्द्रण सिद्ध भएको देखिन्छ ।

कथांशमा पात्रका मार्फतबाट आन्तरिक रूपमा आएको घटना अभिव्यक्त भएको छ । यसमा आख्यानात्मक पाठको आन्तरिक पक्षले कथाको व्यक्तिगत र नैसर्गिक मोड सिर्जना गरेको देखिन्छ । यसका अतिरिक्त कथामा म पात्रको आन्तरिक भोगाइ, अन्तर्मनको प्रस्तुति आन्तरिक रूपमा आएको घटनाको वर्णन आदि विषयहरू कथामाआन्तरिक सङ्केन्द्रण भएर आएको देखिन्छ । यहाँ आख्यानकार म र मुख्य पात्र (म) को बराबर भूमिका रहेको अवस्था आन्तरिक सङ्केन्द्रण भएर आएको देखिन्छ ।

मानवीय प्रेम र जीवनको विषयमा आधारित प्रेमको एउटा कथा (र.का.२००१) कथामा कथाकार मले कथाकी मुख्य पात्र गोमतीका जीवनभोगाइ, अनुभव तथा दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । यहाँ समाख्याता म पात्रले धेरै समयपछि भाइलाई टीका लाउन पाउनेमा प्रसन्न भएको,आफ्नोपन झल्किएर आएको, टीका लगाएर भाइ फर्कन लाग्दा फर्कन नदिएको आदि आख्यानात्मक घटनामा म पात्रको संलग्नता देखिन्छ । कथाको पात्रले देखेको, भोगेको, महसुस गरेको र संज्ञान गरेको विषयलाई आन्तरिक सङ्केन्द्रणका आधारमा तलको साक्ष्यमा विश्लेषण गरिएको छ :

> म प्रस्टै भन्न चाहान्छु कि कुन्नि के भएर टीका लगाउने बेलामा त्यसपालि मेरो हात सधैंको झैं निःशंक भएर उठेन र कामिरहेका औंलाले मलाई टीका लगाउनुपऱ्यो । यता कैयौं महीनादेखि ऊ मकहाँ आएको थिएन र आफ्नो अविराम मानसिक व्यवस्थाभित्रै रहिरहेको हुनाले गोपाललाई मैले एक तवरले बिर्सि नै सकेकी थिएँ । तर भाइटीका लाउन लागेको थाहा पाएर उसको सम्झनामा उसको उत्कट प्रतीक्षा पनि म गर्न थालें र उसलाई देख्नेबित्तिकै ममा एउटा यस्तो उद्वेगपूर्ण भावको लहर दगुऱ्यो जसलाई मैले बुझ्न त सकिनँ तर त्यसबाट मेरो संचित भइरहेको धेरै दुःख हलुंगो हुन जाला कि भन्ने एकतमासको मनोरम अनुभूति मलाई मिल्यो । टीका लगाएर त्यो जान चाहन्थ्यो तर आफैं भनेर र आमाबाट पनि भन्न लाएर उसलाई मैले जान दिइनँ (भिक्षु, २०१७, पृ. २२) ।

प्रस्तुत कथांशमा कथाकारले कथाकी मुख्य पात्र गोमतीका बारेमा आफूले भोगेको विचारलाई मुख्य सन्दर्भ बनाएको देखिन्छ । यहाँ म पात्रले कथाको प्रमुख पात्र गोतीको दृष्टिकोण तथा कार्यव्यवहारलाई देखेको छ ।कथांशमा गोमतीको मनोदशालाई पूर्णतया आन्तरिक मनोलोकको

कथामा सीमित गरेको देखिन्छ । सहज ढङ्गले अघिबढेको कथानकभित्र आख्यानको प्रतिनिधि घटनाहरू आएको देखिन्छ ।

कथाभित्र केन्द्रीय भूमिकामा रहेकी गोमतीका सम्पूर्ण गतिविधिहरू सङ्केन्द्रक भएर आएको देखिन्छ । आख्यानात्मक घटनामा गोमतीले भोगेको गुण(आत्मीय जनको प्रेम) र दोष (वास्तविकता प्रतिको वेखबर) को घटना आन्तरिक रूपमा सङ्केन्द्रित भएर आएको देखिन्छ । पात्रको दृष्टिकोण, कार्यव्यवहार, गुण, दोष, प्रत्यक्ष संलग्नता र चारित्रिक विशेषताहरू समग्र कथामा सङ्केन्द्रित भएर आएका छन् । कथाको प्रमुखपात्र गोमतीको उल्लिखित चारित्रिक विशेषता कथामा आन्तरिक सङ्केन्द्रणसँग पूर्णरूपमा सम्मिलित भएकाले कथांशमा आन्तरिक सङ्केन्द्रण स्थापित भएको देखिन्छ ।

नेपाली समाजनारी मनोविज्ञान र पात्रको अन्तर्मनको विषयलाई आधार बनाएर लेखिएको साबित्रीको बाख्रो (र.का.२०१८) कथामा समाख्याता म ले मुख्य पात्र साबित्रीको अनुभूति, विचार र दृष्टिकोणलाई सूचनाका रूपमा उपयोग गर्दै कथानकलाई अघिबढाएको देखिन्छ । कथाको म पात्र युवा नै समग्र कथामा सङ्केन्द्रण भएर आएको छ । समाख्याता म का माध्यमबाट कथाको मुख्य पात्रले आख्यानात्मक पाठभित्रको आन्तरिक विषयवस्तुलाई प्रस्तुत गरेको देखिन्छ । समाख्याताले कथाको पात्रका कार्य, घटना र अन्तर्निहित विषयको सचेततापूर्वक व्याख्या विश्लेषणलाई साक्ष्यमार्फत प्रस्तुत गरिएको ।

> त्यस्ती सावित्रीलाई, बारीको केरापात बाख्रोले खाइदिँदैमा यत्तिको दुःख उत्तेजित देखेर अचम्म लाग्नुको सट्टा मलाई, कुन्नि कहाँ हो कहाँ, सन्तोष पनि लाग्यो । बिस्तारै दैनिक कामहरूले छोप्तै ल्याए र सावित्री त्यसैमा व्यस्त हुँदै गई । म पनि आफ्नो अनिवार्य कार्यक्रममा अल्झिएँ, बाख्रोले खाएका फूल तरकारीका बिरुवाहरू तथा सावित्रीको क्रोधावेग तात्कालीन उद्वेलन साम्य हुँदै गई बिलायो । तर कामकाजको व्यस्ततामा पनि अलिक फुर्सद पाएका बेला, क्षणहरूमा अचेनतमा भए पनि मेरो मानसमा रही यो प्रश्न उठिरहने क्रम छोडेन कि 'सावित्रीलाई आज कुनै नोक्सानीमा उद्विग्नता कसरी आयो, र कसैको हानि-नोक्सानीका कुरा-उसको जन्मजात-बेवास्ता, बेपर्वाहीले नै पन्छाउने उसको प्रकृति आज कहाँ लुकेर बस्यो, कता बिलायो (भिक्षु, २०२४, पृ. २) ।

प्रस्तुत कथांशमा म पात्रले सावित्रीको चेतना, बाख्रोप्रतिको भावना,जीवनको अनुभव, आत्मिक दृष्टिकोण र मनमा उठेका विचारहरूलाई कथामा सूचनाका रूपमा प्रस्तुत गरेको देखिन्छ । यहाँ मुख्य पात्रको अनुभव तथा दृष्टिकोणले कथाको मुख्य सन्दर्भलाई जोडदै कथानकलाई अघिबढाउने कार्य गरेको छ । कथामा मुख्यपात्रकोउपस्थिति र प्रस्तुति आन्तरिक सङ्केन्द्रणका रूपमा आएको देखिन्छ भने कथाको समाख्याता म पात्रले सावित्रीको कार्यव्यवहारलाई चर्चा गरेको देखिन्छ । कथामा समाख्याताले पात्रले जानेको र अनुभव गरेको कुरा मात्र भनेको छ । आख्यानात्मक पाठभित्रका आन्तरिक पक्ष (सावित्रीको उत्तेजना, त्यसप्रति म पात्रको सन्तोषको अवस्था तथा अचेतन मनमा सावित्रीप्रति उत्पन्न भएको विचार) आदि विषयवस्तुआन्तरिक सङ्केन्द्रण भएर आएको छ ।

कथामा म पात्रको आन्तरिक जीवनमा घटेको घटना र सावित्रीले आन्तरिक रूपमा भोगेको विषयवस्तु संसङ्गै सङ्केन्द्रित भएर आएको देखिन्छ । युवामनोविज्ञानमा बाख्रोका कारणबाट परेको प्रभाव, मालिकको सम्पत्तिप्रतिको सचेतता, अन्तर्मनमा आएका अदृश्य छालहरूका आधारमा माथिको कथांशमा आन्तरिक सङ्केन्द्रणको अवस्था स्पष्टरूपमा आएको देखिन्छ ।

मानवीय जीवनको वास्तविक दुःख जीवन भोगाइ नै हो भन्ने विषयमा आधारित पाइप ( र.का.२०२९) कथामा कथाकारले म पात्रयुवतीको माध्यमबाट कथाको मुख्य विषयलाई प्रस्तुत गरेका छ भने युवकका माध्यमबाट समाजको दृष्टिकोण र त्यसले म पात्र युवतीमाथि परेको नकारात्मक प्रभाव आदि विषयलाई प्रस्तुत गरेको छ । यहाँ आएको मपात्रले आन्तरिक रूपमा भोगेको विषय, अन्तर्मनको भोगाइ र आख्यानको प्रतिनिधि घटनामा सम्मिलित भएको देखिन्छ । आख्यानात्मक पाठमा युवकको विचार तथा आख्यानात्मक गतिविधिलाई आन्तरिक सङ्केन्द्रणका आधारमा कथांशमार्फत विश्लेषण गरिएको छ ।

> युवकले उत्तर दिन सकेन । एक छिन पर्खेपछि अलिक हाँसेर युवतीले नै पुनः भनी 'म नै बताउछुँ, सुन्नुहोस् । केही रुपियाँको लोभमा सजिलैसित आफ्नो जीउसुम्पेका हुनाले नै तपाईंलाई यस्तो कुरा सोध्ने साहस भयो होला । यस काठमाडौं शहरमा राम्रा राम्रा लुगा गहना लगाएर म जस्तै अनेकन केटी घुम्छन् । म जस्तै तिनीहरू पनि तपाईंको सम्पर्कमा आउन सक्छन् । मनमनै कल्पना र निधो पनि तपाईंको होला । तर तिनीहरूको सम्पर्कमा आउनुभएको छैन । त्यसैले तिनीहरूसित सोध्ने

साहस हुँदैन । मलाई आफ्नो सम्पर्कमा पाएर अनि कामतृप्ति गरेपछि हीन मानेर त्यस्तो कुरा सोध्नुभयो (भिक्षु, २०३४, पृ. २८) ।

माथिको कथांशमा युवक  म पात्र र युवतीका बिचमा भएको संवादमा समग्र कथा/आख्यानको केन्द्रीय विषय आएको देखिन्छ । कथाका सम्पूर्ण घटनामा युवक र युवती प्रत्यक्ष रूपमा संलग्न भएका छन् भने उनीहरूले गरेका कार्यव्यवहार, एक अर्काप्रतिको मूल्याङ्कन, विशेषतः युवतीले आन्तरिक रूपमा भोगेको विषय, आत्मिक भोगाइ सामाजिक परिस्थिति जस्ता विषयहरूलाई आख्यानात्मक घटनाआन्तरिक रूपमा सङ्केन्द्रित गरेर समाख्याताले प्रस्तुत गरेको देखिन्छ ।

कथामा युवकको धारणा (दृश्य र श्रवण)मा आएको छ भने युवतीको धारणा जीवनभोगाइका रूपमा आएको छ । यहाँ युवक र युवतीको अनुभव, दृष्टिकोणको विषयलाई मुख्य सन्दर्भ बनाएर विस्तार गरिएको छ ।समाजको वास्तविकताका रूपमा आएको विचारलाई आख्यानकारले विस्तारपूर्वक प्रस्तुतगरेको देखिन्छ ।

कथांशमा युवकले समाजलाई हेर्ने दृष्टिकोण (दोष) का रूपमा आएको छ भने युवतीले अंगालेको पेशा र यसप्रतिको उसको विचार गुणका रूपमा आएको छ । राम्रो लाउने र मिठो खाने लालसामा युवतीले गरेको देहव्यापार दोषका रूपमा आएको देखिन्छ भने जीवन जिउनलाई जस्तोसिकै सङ्घर्ष गर्नुपर्छ भन्ने भावगुणका रूपमा आएको छ । यसरी माथिको कथांशमा आएका घटनाक्रम, पात्रको कार्यव्यवहार, उनीहरूका दृष्टिकोण, गुण र दोषका पक्षहरू आन्तरिक सङ्केन्द्रणका रूपमा आएको देखिन्छ ।

## ३.३.२. बाह्य सङ्केन्द्रण

आख्यानात्मक पाठको बाह्य पक्षलाई केन्द्रमा राखेर अध्ययन गरिने आधारलाई बाह्य सङ्केन्द्रण भनिन्छ ।बाह्य सङ्केन्द्रणमाकथाको कथनकर्ता अथवा कथाको प्रवाचक फोकलाइजर भएर आएको हुन्छ । 'बाह्य सङ्केन्द्रणमा पात्र वा चरित्रको मनोवैज्ञानिक दुरी कम भएको हुन्छ भने यसमा विपत्ति शोक बलिदान जस्ता विषयकाबाह्य पक्षको उपस्थिति र प्रस्तुति भएको हुन्छ । बाह्य सङ्केन्द्रकले दर्शक वा पाठकलाई प्रारम्भमा नै सूचना दिएको हुन्छ । अनावश्यक सूचना असंलग्न आविस्कारका घटनाक्रम भ्रम मात्र हो भन्ने विषयमा बाह्य सङ्केन्द्रणले स्पष्ट मान्यता रहेको हुन्छर यस्ता घटनाहरू देखेको जस्तो मात्र लाग्दछ  (बल, १९८५, पृ. १५०) ।' बाह्यरूपमा देखिएको

सङ्केन्द्रण केवल भ्रामक मात्र हुन्छ । यो बुद्धि र हृदयका बिचको विवादको विषय मात्र हो भन्ने मान्यता यसमा पाइन्छ ।

बाह्य सङ्केन्द्रणमा चरित्रको मस्तिष्कीय पक्षभन्दा पनि बाह्य प्रस्तुतिगत पक्षलाई केन्द्रमा राखी अध्ययन गरिन्छ । समाख्यातात्मक सङ्केन्द्रणमा देखापर्ने बाह्य र आन्तरिक कथावस्तुको उपस्थितिलाई पात्रको भूमिका र सक्रियताका आधारमा हेर्न सकिन्छ । 'सङ्केन्द्रण बाह्य वा आन्तरिक प्रकृतिको कथामा हुनसक्छ । बाह्य सङ्केन्द्रण कथा कथनको नजिक हुन्छ भने आन्तरिक सङ्केन्द्रण कथाभित्रको प्रतिनिधित्व र घटनाका आधारमा आएको हुन्छ (केनोन, १९७१, पृ. ७३) ।' बाह्य सङ्केन्द्रणमा आख्यानको बाह्य पक्ष आएको हुन्छ भने आन्तरिक सङ्केन्द्रणमा आन्तरिक पक्ष आएको हुन्छ । आख्यानका दुबै पक्षको सबल उपस्थितिमा बाह्य सङ्केन्द्रण स्थापित भएको हुन्छ ।

बाह्य सङ्केन्द्रणका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्नो धारणा राखेको पाइन्छ । यसलाई समाख्यानका चिन्तक/विश्लेषकहरूले 'गैर-केन्द्रीकृत सङ्केन्द्रण' वा बाह्य सङ्केन्द्रण भनेको पाइन्छ । यसभित्र बाह्य वा भिन्नताको प्रकारमा केही हदसम्मको विषमता वा परिधीयअवस्था आएको हुन्छ । 'यो विषमताको निरन्तरता वा धमिलो प्रकृतिको फोकलाइजेसन हो । यसमा कस्ले देख्छ ? आख्यानात्मक संसारमा घटेका यावत् घटनाहरूलाई कस्ले र कसरी संज्ञान गर्दछ वा वर्णन गर्दछ ? र त्यो विचार आख्यानको मुख्य विचारसँग मेल खान्छ वा खाँदैन भन्नेकुराका आधारमा अध्ययन गरिन्छ । यसमा अर्को बाह्य स्थानीयकरणमार्फत अन्तर्देशीय फोकलाइजेसनका विषयहरूलाई परिभाषित गर्न सकिन्छ (जेनेट, १९८३, पृ. १९२) ।' यसमा सङ्केन्द्रक र सङ्केन्द्रीकृतलाई पाठकको स्तरबाट टाढा राखेर कथाकारका रूपमा मात्र देखाउने कार्य गरिन्छ । यसआधारमा आख्यानकारले प्रस्तुत गरेको मान्यतालाई मात्र गैर-केन्द्रीकृत सङ्केन्द्रणमा अध्ययनको मुख्य विषय बनाएको पाइन्छ ।

बाह्य सङ्केन्द्रणमा आख्यानात्मक घटनाका बाह्य पक्षहरू अभिमुख भएर आएका हुन्छन् । 'सङ्केन्द्रणमा पहिलो व्यक्ति वा कथाकार र दोस्रो व्यक्ति पात्र वा चरित्र बिचको स्थायी र मनोवैज्ञानिक दुरी जब न्यून रूपमा आएको हुन्छ तब आख्यानमा बाह्य सङ्केन्द्रण हुन्छ (केनोन, १९७१, पृ. ७४) ।' बाह्य सङ्केन्द्रण हुनका लागि आख्यानकार र पात्रका बिचको स्पष्ट र चूस्त सम्बन्ध हुनु अनिवार्य सर्तहो । यसका लागि आख्यानकार, समाख्याता र पात्र नितान्त रूपमा सचेत हुनपर्छ । 'घटनाको अस्थायी र संज्ञानात्मक दूरीको सङ्केतका आधारमा आख्यानात्मक घटनाभित्र आख्यानका बाह्य पक्ष र दृश्यहरूसङ्केन्द्रित भएर आएको हुन्छ (केनोन, १९७१, पृ. ८४) ।' यसमा

कथाको अभिमुखीकरणलाई बाहिरबाट प्रस्तुत गरिएको हुन्छ । यसरी आएको कथात्मक अभिमुखीकरणले कथाको केन्द्रमा रहेर चरित्रलाई सङ्केन्द्रीकृत गरेको हुन्छ ।

बाह्य सङ्केन्द्रणमा पाठभित्रको कुनै पात्रलाई समाहित गरिएको हुँदैन । यसमा केवल आख्यानका बाह्य पक्षलाई मात्र समाहित गरिएको हुन्छ । 'कुनै एक पात्रको सन्दर्भमा बाह्य सङ्केन्द्रणलाई कहिलेकाँही अर्को पात्रको गतिविधिमार्फत आन्तरिक सङ्केन्द्रणका रूपमा पनि परिभाषित गर्न सकिन्छ (जेनेट, १९८३, पृ. १९२) ।' बाह्य सङ्केन्द्रणमा आख्यानभित्र समाविष्ट भएका पात्रहरूको आपसी सम्बन्ध र विचारको विनिमय भएको हुन्छ ।

उल्लिखित चर्चा परिचर्चाका आधारमा बाह्य सङ्केन्द्रणका बारेमा केही महŒवपूर्ण मान्याहरू स्थापित भएको देखिन्छ । यसमा समाख्याताले पात्रको ज्ञानभन्दा थोरै मात्र भनेको हुन्छ । यसलाई वस्तुगत तथा व्यावहारिक समाख्यान भनिन्छ। बाह्य सङ्केन्द्रण अनुभव वा विचारसँग नभइ बाह्य व्यवहार (कथन र कार्य) सँग मात्र केन्द्रित हुन्छ । बाह्य सङ्केन्द्रणमा समाख्याता फोकलाइजरको रूपमा तटस्थ रहेको हुन्छ । अर्थात् बाह्य सङ्केन्द्रण क्यामराको आखाँ (क्यामेरा आइ) जस्तै हुन्छ । जब समाख्याताले अवलोकनमार्फत पात्र र घटनाका बाह्य पक्षहरू र दृश्यमा केन्द्रित (फोकस) गर्दछ भने बाह्य सङ्केन्द्रण (फोकलाइजेसन) हुन्छ । यसमा समाख्याताले पात्रका विचार वा अनुभवलाई कुनै सूचनाका रूपमा अभिव्यक्त गरेको हुँदैन ।

बाह्य सङ्केन्द्रण सम्बन्धी मान्यताका आधारमा सामाजिक विषयवस्तुमा आधारित नारीप्रधान कथावस्तु भएको गुनकेसरी (र.का.१९९९)कथाको विश्लेषण तल गरिएको छ । कथामा आएका सबै सूचनाहरू तृतीय पुरुष समाख्याता सुभद्राले विषयीकरण गरेको देखिन्छ । यहाँ सुभद्राले बाह्य व्यवहार (कथन र कार्य) सँग सम्बन्धित भएर प्रस्तुत गरेको घटनालाई साक्ष्यका आधरमा विश्लेषण गरिएको छ :

> सुभद्राको विवाह भयो । गुनकेसरी एकलै रहेर केही दिनसम्म बहिनीको बिछोडमा बिरामी पनि भई । निको भएपछि उसलाई अत्यन्त सूनोपना बिभ्फ्न थाल्यो । अनि उसले दुइ-चार कामको वृद्धि गरी । धेरैजसो समय त बाबु-आमाको चाकरीमा, त्यसपछि घरमा आइलागेका जम्मै कामकाजको उचित श्रृङ्खला, सबै थोकको हिसाब-किताब, आए-गएका, नातागोताका,

> आश्रित-अतिथिहरूको सम्मान गर्नु, ख्वाउनु, बसाल्नु इत्यादि उसले आफ्नै टाउकोमा बोकी (भिक्षु, २०१७, पृ. ४) ।

प्रस्तुत कथांशमा समाख्याताले कथा संसारभन्दा बाहिर बसेर पात्रले जानेको विषयसीमाभित्रै रही सुभद्राको विवाह पश्चात् भएको सम्पूर्ण घटनालाई वर्णन गरेको देखिन्छ । बहिनीको विवाह पश्चात् गुनकेसरीको जीवनमा आएको जिम्मेवारी,बाबुआमाको हेरचाह, घरायसी काममा व्यस्त हुनुपरेको अवस्था आदि कथात्मक घटना बाह्यसङ्केन्द्रण भएरआएको देखिन्छ ।

माथिको कथांशमा समाख्याताले गुनकेसरीको कार्यव्यवहारलाई क्यामेराको आँखाबाट हेरेको देखिन्छ । गुनकेसरी यस कथाको प्रमुख पात्र हो र सुभद्राको विवाहपश्चात् गुनकेसरी एक्लै रहेर आफ्नो दैनिकी सञ्चालन गरेकी छ । यहाँ समाख्याताले गुनकेसरीका माध्यमबाट सम्पूर्ण घटनालाई देखाएका छन् । यहाँ गुनकेसरीले गरेको कार्यव्यवहारबाट उसको दैनिकीमा आएको परिवर्तनको विषय बाह्य सङ्केन्द्रण भएर आएको देखिन्छ ।

गुनकेसरी र शुभद्राको कार्यव्यवहार, जीवनशैली, समाजले उनीहरूलाई हेर्ने दृष्टिकोण, गुनकेसरीको बाह्य देखावटी मस्तिष्कीय र केही आवश्यक कार्यशैली, आदिका आधारमा माथिको कथांशमा बाह्य सङ्केन्द्रणस्थापित भएको देखिन्छ ।

आधुनिक नेपालको प्रारम्भसँगैसमाजविकासमा आएको परिवर्तनका विषयमा आधारित मैयाँसाहेब (र.का.२०१३) कथाको प्रमुख पात्र मैयाँसाहेबका माध्यमबाटसमाख्याताले कथाको सम्पूर्ण घटनालाई प्रस्तुत गरेको देखिन्छ । यहाँ पात्रको अनुभव वा विचार, बाह्य व्यवहार(कथन र कार्य) आदि विषयलाई अभिव्यक्त गरिएको छ । समाख्याताले पात्रको गतिविधिलाई क्यामेरा आइ दृष्टिबाट प्रस्तुत गरेको विषयवस्तुलाई बाह्य सङ्केन्द्रणका आधारमा साक्ष्यको उपयोग गरी तल विश्लेषण गरिएको छः

> चूप लाग अजय-अलि झर्कदैं मैयाँसाहेबले भनिन् - हेर्दै छु, अनुमानभन्दा पनि तिमी सा¥है नै तल्लो श्रेणीका मानिस हौ कि ? अँगालो र म्वाइँ उद्धरणीय भएछन् तर आत्मसात् गर्न सकेनौ । अपसोच ! तिमी त्यो होइनौ जो प्यारलाई केवल उपलब्धिमा मात्र राखेर बाच्दछन् । व्यवसाय बनाउँ

दैनन् । तिमी त्यो होइनौ, होइनौ ! भन्ठानेकी थिएँ कि हामी सहजमा नै जहाँसम्म पुगेर बसिरहेका छौँ (भिक्षु, २०१७, पृ. ५) ।

प्रस्तुत कथांशमा समाख्याताले कथाको प्रमुख पात्र मैयाँसाहेब र अजयको संवादमा प्रेम जस्तो महŒवपूर्ण विषयमा पनि अजय व्यावसायिक भएको र उसले प्रेमलाई सामान्य रूपमा लिएको अवस्थालाई प्रस्तुत गरिएको छ । यहाँ कथाका प्रमुख दुई पात्र मैयाँसाहेब र अजयका बिचमा भएको संवाद बाह्य व्यवहारसँग सम्बन्धित रहेको देखिन्छ । कथांशमा समाख्याताले मैयाँसाहेबका मार्फतबाट दुई पात्र र घटनाका बाह्य पक्षहरूलाई दृश्यमा केन्द्रित गरेकाछन् । अजयले मैयाँसाहेबसँगको सम्बन्धलाई सतही रूपमा मात्र बुझेको र कथामा अभिव्यक्त प्रेमको पवित्रता बाह्य रूपमा मात्र प्रस्तुत भएकाले माथिको साक्ष्यमा बाह्य सङ्केन्द्रणको अवस्था आएको देखिन्छ ।

कथांशमा मैयाँसाहेबले प्रेमका विषयमा प्रस्तुत गरेको धारणा तथा अजयको सोच र व्यवहारलाई देखेको र महसुस गरेको अवस्था बाह्य सङ्केन्द्रणका रूपमा आएको देखिन्छ । यसका अतिरिक्त अजयले प्रेम र समाजका निम्ति प्रस्तुत गरेको धारणा पनि बाह्य सङ्केन्द्रण भएर आएको देखिन्छ ।

नेपालको तराईमा प्राचीन परम्पराका रूपमा चलिआएको कुवा र बारीका बिचमा विवाह गरिदिने विषयमा आधाारित कुवा (र.का.२०२०) कथाका मार्फतबाट समाख्याताले कुवा र बारीको संवादलाई मुख्य आधार बनाई समग्र कथाको विषयवस्तुलाई प्रस्तुत गरेको देखिन्छ । कथामा अभिव्यक्त भएको विचार मधेशको समाजमा रहेको लोक मान्यतासँग सम्बन्धित छ । कुवा र बारीका बिचमा बाह्य विषयका रूपमा आएको संवादात्मक अभिव्यक्तिको अध्यन कथांशमार्फत तल गरिएको छ :

> बारी चूप लागी । कूवाको छातीबाट केही बाफझैँ गरम निःश्वास उठ्यो, तर ऊ पनि एक छिनसम्म कुन्नि के के सोच्दै चूप नै बसिरह्यो । एकाएक एउटी सानी भ्यागुतीले आफ्नो पञ्जाबाट उसको स्मृतितरल छाती कोर्दिदा, मूक चिन्तनबाट बिउँझी उसले फेरि भन्यो नसुत है मनमा पीर लागिरहेछ आजको रात कुरा नै गरौँ (भिक्षु, २०२४, पृ. ९३) ।

प्रस्तुत कथांशमा समाख्याताले मानवेतर वस्तु कुवा र बारीलाई मानवीकृत गरेएर सामान्य संवादात्मक शैलीमा समग्र कथावस्तुलाई प्रस्तुत गरेको देखिन्छ । यहाँ कुवा र बारी प्रमुख पात्रका रूपमा आएकाछन् भने आरम्भदेखि अन्तसम्म संवादात्मक शैलीमा कथा अघि बढेको देखिन्छ ।कथांशमा समाख्याताले पात्रले जानेको र बुझेको जति मात्र अभिव्यक्ति दिएको देखिन्छ । कुवा र बारीका बिचमा भएको संवादात्मक कार्यव्यवहार कथामा बाह्य सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कथामा कुवा र बारीको ठट्यौलो संवाद, दुबै पात्रले चिरकालदेखि एक अर्कालाई प्रेम गरेर पनि एक हुन नसकेको अवस्था, मुख्य विषय बनेर अभिमुखीकरण भएको छ । कथांशमा समाख्याता तटस्थ रही पात्रका संवादलाई केन्द्रीकृत गरेकाले बाह्य सङ्केन्द्रण सिद्ध भएको देखिन्छ । कथामा आएको विचार वस्तुगत र व्यावहारिक समाख्यानका रूपमा प्रकट भएको देखिन्छ । यहाँ पात्रको अनुभव, संवादात्मक कथन, तथा कार्यन्वयनको पक्ष आएको देखिन्छ । यसरी कथानकका रूपमा बाह्य सङ्केन्द्रणबनेर विषयहरूआएको देखिन्छ ।

### ३.३.३.शून्य सङ्केन्द्रण

आख्यानात्मक पाठमा पात्रलाई सङ्केन्द्रित गरेर उपस्थित हुने सङ्केन्द्रणको पक्षलाई शून्य सङ्केन्द्रण भनिन्छ । यो आख्यानमा सर्वज्ञाता समाख्यातासँग सम्बन्धित भएर आएको हुन्छ ।यसमा समाख्याताले आफूलाई प्रतिबन्ध नगरी खुल्ला र स्वतन्त्र रूपमा प्रस्तुत भएको हुन्छ । समाख्याताले पात्रकोभन्दा धेरै जानेको हुन्छ वा पात्रले जानेकोभन्दा धेरै भन्दछ । यसलाई समाख्याता+पात्र सूत्रधारका आधारमा व्याख्या गर्न सकिन्छ । यसभित्र समाख्याताले आफ्नो दृष्टिकोण वा धारणा कुनै एउटा पात्रमा मात्रै सीमित नगरी सबैतिर खुल्ला गरिदिएको हुन्छ ।

शून्य सङ्केन्द्रणमा आएको समाख्याता अप्रतिबन्ध, सर्वज्ञाता तथा लचकदारहुन्छ । 'शून्य सङ्केन्द्रण सामान्यतया शास्त्रीय कथाद्वारा प्रतिनिधित्व गरिएको गैर-फोकलाइज्ड कथा वा शून्य सङ्केन्द्रण भएको कथाका साथमा आएको हुन्छ । चाहे त्यो निश्चित प्रामाणिक उदाहरणका रूपमा आएको होस् वा शून्य सङ्केन्द्रणका रूपमा आख्यानभित्र आएको विषय होस् (केनोन, १९७१, पृ. ७५) ।' जुन पाठ वा आख्यानमा केन्द्रणको प्रयोग हुँदैन, कुनै पनि फोकलाइजेसन रहँदैन अथवा सङ्केन्द्रीकृत पात्रहरूको अभावबाट केन्द्रीय विचार व्यक्त भएको हुन्छ । यस्तो अवस्था नैशून्य केन्द्रणको अवस्था हो । 'सामान्य शास्त्रीय कथाद्वारा प्रतिनिधित्व गरिएको सङ्केन्द्रण गैर-फोकलाइजेसन वा शून्य सङकेन्द्रण भएको कथा हो (जेनेट, १९८३, पृ. १८९) ।' यसमा समाख्याता

अपेक्षाकृत सरल र सहज प्रकृतिको हुन्छ भने पात्रको भूमिका पनिसहज स्वाभाविक र तुल्य तुल्य व्यवाहर गर्ने खालको हुन्छ ।

नेपाली समाज र विश्वपरिवेशको यथार्थलाई आधार बनाएर लेखिएका भिक्षुको प्रेमको एउटा कथा, ईश्वर खुदा,गाँडका कान आदि कथामा शून्य सङ्केन्द्रण रहेको पाइन्छ । यी कथाका समाख्याता सर्वज्ञाता छन् । प्रेमको एउटा कथाको समाख्याता वकिलले म पात्रका रूपमा आफ्नो, गोपालको, मानसिंहको र बा-आमाका बारेमा सर्वज्ञ भएर कथा भनेको छ भने गोमतीका बारेमा पनि म पात्रवकिलले नै कथा भनेकाले कथामा शून्य सङ्केन्द्रणको अवस्था सिर्जना भएको देखिन्छ ।

वङ्गलादेशको राजनैतिक परिवर्तनका नाममा भएको अमानवीय घटनालाई आधार बनाएर लेखिएको 'ईश्वर,खुदा गाँडका कान' कथामा समाख्याताले पात्रले जानेकोभन्दा धेरै भनेको देखिन्छ । यहाँ मि. खान सवनम, बालक(तुषार) र गुन्डाको विषयलाई चर्चा गर्ने क्रममा पात्रले जानेको र कथामा आश्यकभन्दा  बढी भनेको देखिन्छ । यस्तै 'भ्रष्ट-यज्ञ' कथामा पात्रहरूको ज्ञानभन्दा धेरै विषयप्रस्तुति समाख्याताले अभिव्यक्त गरेको छ । यसर्थ उल्लिखित कथाका समाख्याताहरूसर्वज्ञाता, लचकदार, तुल्य तुल्य धारणाराख्ने अवस्थाको रहेकाले ती कथामा शून्य सङ्केन्द्रणकोअवस्था सिर्जना भएको छ ।

सामाजिक विषयमा आधारित 'भ्रष्ट-यज्ञ' कथामा कथाकारले म्यानेजर र कामदारको विषयमा आधारित भएर विषयप्रस्तुति गरेको देखिन्छ । यहाँ समाख्याताले पात्रको ज्ञानभन्दा धेरै जानेको अवस्था सिर्जना भएको छ ।समाख्याताले पात्रको विषयलाई सूत्राधारका रूपमा  प्रस्तुत गरेको कथात्मक विचारलाई साक्ष्यका आधारमा तल चर्चा गरिएको छ :

> बाससित भएका कुराका मर्यादा-भावमा मनमनै चुर्लुम्म भई बुद्धि-ज्यामीको म्यानेजरको अनुहार छाम्यो उद्देश्य र यस म्यानेजरीमा कुनै तालमेल छ कि ? बुद्धि-ज्यामीले लगत्तै अर्कोतिरको चिन्तनमा मन लगायो ।
>
> म लेखक हुँ यो चाहिँ म्यनेजर रुपियाँ लगाउने मालिकको । अनि म्यानेजरी चाहिँ कुन कामको त ?बासको कथनानुसार 'यज्ञ'को । तर जेभए पनि जेछ त्यही रुपियाँ । शेष सारा साहित्य-सेवा सम्बन्धी नरम र सादर कुरा......?    (भिक्षु, २०३४, पृ. १४)

प्रस्तुत कथांशमा सवर्ज्ञ समाख्याताले बुद्धि-ज्यामी, म्यानेजर र साहुको सम्पूर्ण गतिविधिलई नियालेकोछ । यो कथाको बनौट प्रकृति शास्त्रीय मान्यातअनुसार भएको देखिन्छ । कथांशमा आएको

समाख्याताले कहिले बुद्धि-ज्यामी, कहिले म्यानेजर त कहिले साहुको जीवनमा प्रवेश गरेर सम्पूर्ण विषयको जानकारी प्रदान गर्दछ । कथाभित्र समाख्याताको सक्रियताले कथामा शून्य सङ्केन्द्रण अर्थात् सङ्केन्द्रणको तह र स्थानलाई अनिश्चित् अवस्थामा पुऱ्याएको देखिन्छ ।

कथांशमा आएको समाख्याता र पात्र कथाको सूत्राधारका रूपमा आएको देखिन्छ ।कथामा आएका कुनै पनि पात्र सङ्केन्द्रित भएको देखिंदैन ।यहाँ समयक्रमसँगै पात्रको सिक्रयतामा पनि परिवर्तन आएको देखिन्छ । यस्तै पात्रको बोली र व्यवहारमा पनि सङ्केन्द्रणको तह र अवस्थाअनुसार परिवर्तन आएको देखिन्छ । कथामा आएको समाख्याताको उपस्थिति, भूमिका र प्ररस्तुतिलेशून्य सङ्केन्द्रणको अवस्था सिर्जना भएको देखिन्छ ।

## ३.४. निष्कर्ष

भवानी भिक्षु नेपाली समाजको वास्तविकतालाई पात्रका मार्फतबाट प्रस्तुत गर्ने कथाकार हुन् । उनका कथामा पात्रको मनोविज्ञान, सक्रियता र समसामयिक सामाजिक विषयवस्तुको जीवन्त प्रस्तुति पाइन्छ । भिक्षुका कथाभित्र पात्रले अवलम्बन गरेको विषय र पात्रले दिने सन्देशले समाजको वास्तविकतालाई उजागर गरेको हुन्छ । प्रस्तुत शोधकार्यको यस परिच्छेदमा सङ्केन्द्रणको तह र प्रकारका आधारमा कथांशहरूलाई साक्ष्यका रूपमा उपयोग गरी अध्ययन विश्लेषण गरिएको छ ।तहअन्तर्गत बाह्य र आन्तरिकगरी दुई रप्रकारअन्तर्गत आन्तरिक, बाह्यर शून्यसहित तीनआधारमा निर्धारित कथाहरूको विश्लेषण गरिएको छ ।

तहअन्तर्गत भिक्षुका ‘मानव, रमा, मिस्त्री र एउटा छर्लङ्ग प्रेमकथा’कथाका पात्रहरूको कार्यव्यवहारसङ्केन्द्रित भएका छन् । यहाँ श्रोता, वक्ता र द्रष्टाको अनुभूति र बुझाइका आधारमाकथासंरचनाभित्रसङ्केन्द्रणको अवस्थालाई निरूपण गरिएको छ । यस्तै पात्रको भूमिका, पात्र, पाठक र लेखकले गरेको संज्ञान, आत्मिक विश्वास, संवेग जस्ता पक्षहरूका आधारमा सङ्केन्द्रणको दोस्रो / आन्तरिक तहको निर्माण भएको छ ।

आन्तरिक, बाह्य र शून्य सङ्केन्द्रणभित्र भिक्षुका विभिन्न कथाका पात्रहरूको आन्तरिक कार्यव्यवहार, धारणा (दृश्य,श्रवण,गन्ध)आन्तरिक जीवनभोगाइ, गुण-दोष आदिका आधारमा पात्रको व्यवहारहरू सङ्केन्द्रित एको देखिन्छ ।आन्तरिक सङ्केन्द्रणमा‘अब म त्यस पसलमा सिगरेट किन्दिन, प्रेमको एउटा कथा, सावित्रीको बाख्रो र पाइप’कथाका पात्रहरूको कार्यव्यवहार सङ्केन्द्रण भएर आएको पाइन्छ ।

बाह्य सङ्केन्द्रणमा 'गुनकेसरी, मैँयासाहेब र कुवा' कथाका पात्रको बाह्य प्रस्तुति, आख्यानात्मक पाठको बाह्य संरचना, पात्र-पात्र बिचको आपसी विनिमय, व्यवहार, तटस्थ समाख्या आदिका आधारमा पात्रका व्यवहारहरू सङ्केन्द्रण भएको पाइन्छ ।

शून्य सङ्केन्द्रणमा'भ्रष्टयज्ञ' कथाको समाख्याताका व्यवहारहरू सङ्केन्द्रित भएका छन् । कथामा अप्रतिबन्धित सर्वज्ञाता अस्थिर समाख्याताले पात्रहरूसँग स्थापना गरेको तुल्य तुल्य सम्बन्धबाट उत्पन्न गराएको कथात्मक घटना सङ्केन्द्रण भएर आएको छ । यहाँ आएको समाख्याता प्राय सबै पात्रका कार्यव्यवहारमा प्रवेश गरेकाले कथामा कुनै पनि पात्रसङ्केन्द्रित हुन सकेको छैन । यसकारण सङ्केन्द्रित पात्रको व्यवहारमा आएको अस्थिरतालाई  शून्य सङ्केन्द्रणका आधारमा पहिचान गरिएको छ ।

# चौथो परिच्छेद

# भवानी भिक्षुका कथामा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध

## ४.१ विषयपरिचय

नेपाली साहित्यको कथा सिर्जनाका क्षेत्रमा भवानी भिक्षुको योगदान अतुलनीय छ । उनका कथामा समाजका सबै वर्ग र समुदायका पात्रहरूको सक्रिय उपस्थिति देखिन्छ ।भिक्षुका कथामा पात्रको भूमिका, क्रियाशीलता र संज्ञानका आधारमा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध स्थापित भएको देखिन्छ । समाख्यानमा पात्रका मार्फतबाट आउने सन्देश, विषयप्रस्तुति, आख्यात्मक अवधारणा, वैचारिक पक्ष जस्ता सूचनाहरूपात्रको विषयीगत दृष्टिकोणबाट प्रतिबिम्बित गरिएको अवस्थाआन्तरिक सङ्केन्द्रकको अवस्था हो । यसमा पात्रको अनुभव र दृष्टिकोणलाई मुख्य सन्दर्भ बनाइएको हुन्छ वा विस्तार गरिएको हुन्छ । अर्थात् सङ्केन्द्रकले पात्रको दृष्टिकोण तथा कार्यव्यापारलाई देखेको हुन्छ र पात्रलाई सङ्केन्द्रित गरेको हुन्छ ।यसमा आख्यानात्मक सूचनालाई पात्रको संसारप्रतिको दृष्टिकोणमा सीमित गरिएको हुन्छ । आख्यानको समाख्याता नै पात्रका रूपमा पनि आएको हुन्छ ।

## ४.२. सङ्केन्द्रक र सङ्केन्द्रित

आख्यानमा आएको सङ्केन्द्रणसँग सङ्केन्द्रक र सङ्केन्द्रितदुई शब्दहरू सम्बन्धित रहेका हुन्छन् । सङ्केन्द्रक त्यो अभिकर्ता हो जसका दृष्टिविन्दुबाट समाख्यानात्मक पाठ अघि बढेको हुन्छ र यसभित्र आख्यानात्मक घटनाहरू समाहित भएका हुन्छन् । समाख्यानात्मक पाठमा सङ्केन्द्रकको विचार, प्रतिक्रिया, ज्ञानका साथसाथै उसको वास्तविक र काल्पनिक दृष्टिकोण, सांस्कृतिक र वैचारिक अभिमुखीकरण आदि विषयहरू प्रस्तुत भएको हुन्छ । यदि समाख्याताको दृष्टिबिन्दुबाट समाख्यानात्मक सूचना तथा घटनालाई प्रस्तुत गरिएको छ भने समाख्याता सङ्केन्द्रण हुन्छ । सङ्केन्द्रणका सम्बन्धमा विभिन्न समाख्यानशास्त्रीहरूले फरक फरक दृष्टिकोणहरू प्रस्तुत गरेको पाइन्छ । जेनेटले एउटै समाख्यानमा समाख्याता र पात्र सङ्केन्द्रक हुन नसक्ने मान्यता प्रस्तुत गरेका छन् भने  जेनेटका उत्तराधिकारी बल र केनोनले एकै समाख्यानमा समाख्याता र पात्र दुबै सङ्केन्द्रकका रूपमा रहन सक्ने मान्यतालाई प्रस्तुत गरेका छन् । 'अर्जुनले ग्रहण गरेको योगको स्थिति र त्यसलाई अनुरागपूर्ण ढङ्गले मुसाहरूले गरेको अनुसरणको घटनामा अर्जुन पात्र

फोकलाइजर भएर आएको देखिन्छ  (बल, १९८५, पृ. १३३)।' यहाँ अर्जुनको योगाभ्यासका कारण मुसाहरूमा उत्पन्न भएको जिज्ञासाले अर्जुनलाई घटनाक्रमको केन्द्रीय भूमिकामा स्थापित गराएकाले अर्जुन सङ्केन्द्रितपात्रका रूपमा आएको देखिन्छ । यो आख्यानात्मक घटनामासमाख्याताले पात्रले जानेको कुरामात्र भनेको देखिन्छ । आख्यानमा कतै समाख्याताद्वारा केवल पात्रका कार्यलाई मात्र व्याख्या तथा विश्लेषण गरिन्छ भने कतै आख्यानात्मक पात्रका दृष्टिविन्दुबाट भनिएका वा बताइएका विभिन्न घटना र पक्षलाई मात्र प्रस्तुत गरिन्छ । यसर्थ पात्रले आफ्नो दृष्टिकोणबाट नै सबै घटनाहरूको व्याख्या गर्ने कार्य गरेको अवस्थामा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध स्थापित भएको हुन्छ ।

सङ्केन्द्रित समाख्यानमा मुख्य विषय पात्र वा चरित्रसँग सम्बन्धित हुन्छ । यसमा जसलाई आख्यानात्मक पाठभित्र बढी भन्दा बढी सङ्केन्द्रित गरिएको हुन्छ त्यो नै सङ्केन्द्रणको केन्द्रीय विषय बनेर आएको हुन्छ । 'आख्यानात्मक पाठमा सब्जेक्ट (फोकलाइजर) का मार्फतबाट समाख्यानात्मक सूचना प्रतिविम्बित भएको हुन्छ भने अब्जेक्ट  (फोकलाइज्ड) का मार्फतबाट सङ्केन्द्रित( फोकलाइजर) को अनुभूति प्रकट भएको हुन्छ (केनोन, १९७१, पृ. ७६) ।' आख्यानमा पात्रले गरेको कार्यव्यवहारलाई देख्न र अनुभव गर्न सक्ने अवस्था नै फोकलाइज्ड हो । समाख्यानशास्त्री मिकि बलले फोकलाइज्डलाई अनुभूति गर्न सकिने सूचनामूलक वा अवलोकनीय (पर्सेप्टिबल) र अनुभूत गर्न नसकिने (इम्पर्सेप्टिबल) गरी दुई भागमा विभाजन गरेका छन् ।

आख्यानात्मक घटनालाई अघिबढाउनका लागि पात्रको भूमिका सबैभन्दा महŒवपूर्ण हुन्छ । पात्रको सक्रियतालाई आधारबनाएर बाह्य र आन्तरिक फोकलाइजर/सङ्केन्द्रकका रूपमा वर्गीकरण गरिएको पाइन्छ । 'जसरी सङ्केन्द्रक/फोकलाइजरले प्रतिनिधित्व गरेको घटनामा बाह्य र आन्तरिक सङ्केन्द्रक(फोकलाइज)भएको हुन्छ त्यसरी नै यसलाई बाहिर वा भित्रबाट हेर्न सकिन्छ । यसकारण यसलाई बाह्य र आन्तरिक सङ्केन्द्रकका रूपमा हेरिन्छ (केनोन, १९७१, पृ. ७५) ।' पात्रको भूमिकालाई आधार बनएर तय गरिएको बाह्य र आन्तरिकसङ्केन्द्रक (फोकलाइजर) लाई बाहिरी दृष्टिकोण परिघटना र बाह्य प्रस्तुतिका आधारमा अध्ययन गरिन्छ ।

अवलोकन गर्न सकिने (पर्सेप्टिबल) अवस्थाले बाह्य सङ्केन्द्रितको प्रस्तुतिलाई जनाउँछ भने अनुभूति (इम्पर्सेप्टिबल)ले आन्तरिक सङ्केन्द्रित (मनोविज्ञानसँग सम्बन्धित विषय) बुझाउँछ । यसलाई बाहिरबाटको दृष्टिकोण र भित्रबाटको दृष्टिकोण (भिविङ फ्रम आउट साइड अवर फ्रम विथ इन) गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । बाहिरी दृष्टिकोणले बाह्य दृश्यात्मक परिघटनालाई

जनाउँछ भने भित्री दृष्टिकोणले पात्रको भित्री प्रतिक्रिया, विचार, अनुभव, दृष्टिकोण, मान्यता आदि विषयलाई प्रतिविम्बित गरेको हुन्छ । यस्तो अवस्थामा आख्यानभित्र सङ्केन्द्रणचरित्र, प्रस्तुति र विषयवस्तु आदिका आधारमा आएको हुन सक्छन् ।

## ४.३. आन्तरिक सङ्केन्द्रक

आख्यानात्मक पाठका आन्तरिक सङ्केन्द्रक (फोकलाइजर)पाठको भित्री विषयकारूपमा अभिव्यक्त भएको हुन्छ ।'यसमा कथा/आख्यानको विषयवस्तुलाई आन्तरिक रूपमा बुझेर मात्र प्रस्तुत गरिन्छ । यसका लागि आख्यानकर्ता र आख्यानको चरित्र सङ्केन्द्रक र सङ्केन्द्रित भएर आएको हुनुपर्छ (केनोन, १९७१, पृ. ७६) ।' आख्यानात्मक घटनामा चरित्र निर्वाह गर्नका लागि र घटना वर्णन गर्नका लागि दोहोरो भूमिकामा आएको पात्रलाई आन्तरिक फोकलाइजर/सङ्केन्द्रकका रूपमा अङ्कित गरिन्छ । 'आन्तरिक फोकलाइजरले कथाका भित्री भागलाई मात्र समाविष्ट गरेको हुन्छ । यसमा आन्तरिक रूपमा आएको घटनालाई मात्र केन्द्रीकृत गरिएको हुन्छ (केनोन, १९७१, पृ. ७८) ।' यसले आख्यानको आन्तरिक पक्षको कसीमा रहेर आन्तरिक रूपमा आएको पात्रको माध्यमबाट सङ्केन्द्रकको अध्ययन गर्दछ ।

नेपाली समाजको यथार्थ घटनामा आधारित स्वामी (र.का.१९९८) कथाकोपात्रलेसमग्र कथात्मक घटनाको वर्णन गर्दै कथाको भित्री विषयलाई प्रस्तुत गरेको देखिन्छ । मानव जीवनको सनातनी दैनिकी, जीवन भोगाइको विषय र कथात्मक घटनालाई कृष्णाले आफ्नो दृष्टिकोणबाट व्याख्या गरेको अवस्थालाई आन्तरिक सङ्केन्द्रकका रूपमा यहाँ विश्लेषण गरिएको छ ।

> जीवनको प्रभातकालीन निद्राबाट बिउँझी हेर्दा रूप छ, यौवन छ, धन छ, सम्पत्ति छ, नोकर नोकर्नी साज सरजाम सबै छन् । सबैभन्दा पर जीवनको चिर सत्य, चिर प्रत्यक्ष, निश्चितपतिपनिछन् । साधारण गृहस्थीमा पालिएकी छोरीले जुन दिन केशवको हातबाट सिंदूर ग्रहण गरेर लज्जावनत आँखाले कमलवर्ण पलक उघारी यसले देखी उसको सान्निध्य हाँसिरहेको छ । कृष्णाले पाई संसार सुनौला दिनहरू रंगीन रात्रि आकर्षक उषा र बिहान अत्यन्त उत्फुल्ल र लहलहँउदो (भिक्षु, २०१७, पृ. ५७) ।

प्रस्तुत कथांशमा समाख्याताले सबै सूचनाहरूलाई मुख्य पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् । कथामा मुख्य पात्रको अनुभव र विचारलाई मुख्यसन्दर्भ बनाई विस्तार गरिको छ । कथामा आख्यानात्मक सूचनालाई पात्रको संसारका रूपमा प्रस्तुत गरिएको देखिन्छ भने पात्रको जीवन भोगाइको विषय आन्तरिक सङ्केन्द्रकका रूपमा आएको देखिन्छ । यहाँ समाख्याता पात्र( कृष्णा,पिता,माता)का रूपमा सङ्केन्द्रक भएर आएको देखिन्छ । आख्यानकारले पात्रका कार्यव्यवहारलाई देखाउने क्रममा आख्यानात्मक विषयलाई भित्री विषयका रूपमा प्रस्तुत गरेको देखिन्छ ।

कथांशमा कृष्णाको भित्री मनको सुख, शान्ति र समृद्धिको विषय सङ्केन्द्रक बनेर आएको देखिन्छ । कथामा चरित्र निर्वाह गर्न र घटना वर्णन गर्न आएको पात्र सङ्केन्द्रित भएको छ भने समाख्याता सङ्केन्द्रक भएर आएको देखिन्छ ।समाख्याताले कृष्णाका माध्यमबाट कथाको भित्री भाग/विषय (विवाह हुनु, नयाँ जीवनको प्रारम्भ हुनु, रङ्गीनरात र सुनौलो दिनको सुखात्मक अनुभूति गर्नु, जीवनमा नयाँ सम्बन्धको प्रारम्भ हुनु) लाई प्रस्तुत गरेकाले कथांशमाआन्तरिक सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कृष्णाको जीवनमा आएको सम्पूर्ण घटना, उसको अन्तर्मनको भोगाइ(सुनौला दिन,रङ्गीन रात्रि,आकर्षक उषा) का घटना आन्तरिक रूपमा घटनावर्णनको शैलीका आधारमा आएको देखिन्छ । कथांशमा आएका सम्पूर्ण घटना, पात्रको भोगाइ र समाख्याताको प्रस्तुतिको विषय आन्तरिक सङ्केन्द्रण भएर आएको छ ।

नेपाल र विश्वराजनीतिका विसङ्गतिलाई आधार बनाएर लेखिएको वन्दना ( र.का.२०१३) कथामा समाख्याताको उपस्थिति, पात्रको जीवनभोगाइ, घटनावर्णन, अन्तर्मनको चेतना, समाजका प्रतिष्ठित व्यक्तिहरूले गरेको कार्यव्यवहार, विचार (वन्दना र शङ्करको वैचारिक प्रस्तुति) र आख्यानात्मक घटनाको भित्री अवस्थाका विषयहरू आन्तरिक सङ्केन्द्रणका रूपमा आएको देखिन्छ ।

> तिम्रो मूल प्रश्नको उत्तर अत्यन्त सजिलो छ । वन्दना, आत्तिनुपर्दैन'-अलि गम्भीर भएर शङ्करले भन्यो- 'सर्वहरावर्गलाई परिश्रम गर्ने बाटो नै कहाँ राखिछोडेको छ र ? एउटा नियोजित व्यवस्थाभित्र तिनीहरूको सारा परिश्रमलाई व्यर्थ पारिराखिएको छ । जतिसुकै गरे पनि लाभ पूँजीपति र सामन्तवर्गकै भागमा आँउछ । तर अहिले यो कुरा यहीं छोडेरै म यो पनि भन्न चाहान्छु कि निश्चय नै विचारधारामा कृष्णलालकै

आकर्षणले प्रधानता पाइरहेको छ । सम्पत्ति र आभिजात्यको लोभ अत्यन्त गुलियो हुन्छ, स्वाद बढ्ता तर स्वास्थ्यलाई नाश पार्ने ! (भिक्षु, २०१७, पृ. ७४) ।

प्रस्तुत कथांशमा कथाकारले वन्दना र शङ्करका माध्यमबाट आख्यानको भित्री विषयवस्तुलाई प्रकट गरेको देखिन्छ । यहाँ समाजवादी चिन्तनलाई केन्द्रमा राखेर सर्वहारावर्गको जीविका र जीजिविषा सम्बन्धी समस्या आख्यानको अन्तर विषयका रूपमा आन्तरिक सङ्केन्द्रण भएर आएको छ । कथाको गतिविधिमा अन्य पात्र (सरोकारवाला) को अनुराग भए तापनि सर्वहारावर्गको पीडालाई अनुभूति गर्न सक्ने तर अनुभव गर्न नसक्ने अवस्था आन्तरिक सङ्केन्द्रक/फोकलाइजरका रूपमा कथांशमा आएको देखिन्छ ।

सर्वहारावर्गको पीडा, आभिजात्यवर्गको भूमिका, सामजमा पुँजीपति र सामन्तवर्गको हालिमुहालीको अवस्थालाई समाख्याताले सङ्केन्द्रक बनाएर प्रस्तुत गरेका छन् भने वन्दना, शङ्कर र कृष्णलालको भूमिकालाई सङ्केन्द्रित बनाएर प्रस्तुत गरेको देखिन्छ । यहाँ आभिजात्य समाजको भूमिका र सर्वहारावर्गको अवस्थालाई देखाउने क्रममा आन्तरिक रूपमा आएको घटना आन्तरिक सङ्केन्द्रक/फोकलाइजर भएर आएको देखिन्छ ।

कथाका पात्र(वन्दना र शङ्कर) आख्यानको प्रवक्ता भएर आएको देखिन्छ भने कृष्णलाल सामन्तवर्गको प्रतिनिधिका रूपमा आएको देखिन्छ । कथाभित्रका दुबै वर्गका पात्रहरूको भूमिका, सक्रियता, पात्रका माध्यमबाट आएको सन्देशले कथाको भित्री विषयलाई अभिव्यक्त गरेको देखिन्छ भने आख्यानात्मक पाठकासम्पूर्णघटनाहरू आन्तरिक सङ्केन्द्रण भएर आएको देखिन्छ ।

कथांशमा भित्री विषयको प्रस्तुतिका निम्ति आएको शङ्कर र श्रोता तथा समाजको चिन्तक वन्दना कथाका प्रस्थावनकर्ता हुन् भने कृष्णलाल चरित्र अभिनेता तथा शोषक वर्गको प्रतिनिधिका रूपमा आएको पात्र हो । यी दुबै वर्गका पात्रले कथाका घटनालाई आन्तरिक रूपमा अभिव्यक्त गरेकाले माथिको कथांशमा आन्तरिक सङ्केन्द्रणको अवस्थास्थापित भएको देखिन्छ ।

## ४.४ बाह्य सङ्केन्द्रक

आख्यानको बाह्य पक्ष अभिव्यक्त भएर आउने अवस्था बाह्य सङ्केन्द्रक हो । यसमा लेखकले आख्यानात्मक घटनालाई अघिबढाउने कार्य गरेको हुन्छ । यसभित्र समाख्याता स्वयं सङ्केन्द्रक भएर आख्यानात्मक घटनाक्रमलाई प्रस्तुत गरेको हुन्छ । 'यसमा कथनकर्ता (लेखक) नै समाख्याता फोकलाइजर भएर आएको हुन्छ । यस्ता आख्यानात्मक घटना पुराण, बाइबल र लोक

कथामा आएको हुन्छ (केनोन, १९७१, पृ. ७६) ।' यस प्रकारको फोकलाइजरमा आख्यानकार स्वयं समग्र आख्यानका घटनालाई प्रथम पुरुष म पात्रका माध्यमबाट द्रष्टा, भोक्ता र प्रस्तोता बनेर आएको हुन्छ । 'बाह्य फोकलाइजरसँग कथाका सबै आयामहरू (भूत, भविष्य र वर्तमान) रहेको हुन्छ । यसले आफ्नो अतीतलाई केन्द्रीकृत गरेको हुन्छ (केनोन, १९७१, पृ.७८) ।' अर्थात् कथानक भित्रका सबै पक्षहरूले विगतलाई स्मरण गरी प्रस्तुत गर्ने काम  बाह्य सङ्केन्द्रकमा भएको हुन्छ ।

आख्यानका प्रमुख पात्रहरूको विचार र बाह्य दृष्टिकोणको प्रस्तुति सङ्केन्द्रित भएर आएको स्थिति बाह्य सङ्केन्द्रक हो । 'बाह्य सङ्केन्द्रकका सन्दर्भमा आख्यानात्मक पाठको बाह्य दृष्टिकोण, नायकको वास्तविक विचारको सन्दर्भ तथा समाख्याताको बाह्य प्रस्तुति जस्ता विषय यसमा आएको हुन्छ (जेनेट, १९८३, पृ. १९४) ।' आख्यानमा समावेश भएको बाहिरीपक्षलाई आधार बनाएर बाह्य सङ्केन्द्रकआएको हुन्छ । यसमा आएको समाख्याताले आख्यानको सतही विषयलाई आफ्नो अनुभूतिका आधारमा प्रस्तुत गरेको हुन्छ ।

नेपाली समाजको वास्तविक विषयलाई प्रकट गरिएकोमीना (र.का.२०२०) कथामा प्रथम र तृतीय पुरुष पात्रका कार्यव्यवहारमा समाख्याता सङ्केन्द्रक भएर आएको देखिन्छ । कथाका सबै आयामहरूको उपयोग भएको यस कथामा समाख्याताको दृष्टिकोण तथा नायकको अतीतको घटना, कथात्मक विषय जस्ता पक्षलाई बाह्य सङ्केन्द्रकका आधारमा विश्लेषण गरिएको छ ।

> युवकको मन अलि खुम्चियो । ऊ जो चाहान्छ, मीना त्यसैबाट उछिट्टिई अलग भइदिन्छे । यद्यपि स्वाइँको प्रस्ट आह्वानले उसको मस्तिष्क खल्बलिई रहेको थियो, तैपनि यसपटक, उसले मीनाको जीउमा आफ्नो जीउ टाँस्सिइँदै भन्यो-मीना, तिमीलाई थाहै छैन, क्लबमा हेरेकै दिनदेखि तिम्रोप्रति म कत्तिको तानिइँदै गएको अनुभव गर्छु । साथै तिमीलाई केवल वासनाकै रूपमा म हेर्न चाहान्नँ । मलाई कष्ट हुन्छ । प्रेमशील तिमी हुँदै होइनौ भन्ने कुरा पत्याउन मन लाग्दैन । यता तिम्रो कुरा गराइ भने यस्तो छ ! यो उच्छृङ्खलता मात्रै हो कि मनै यस्तै हो ?(भिक्षु, २०२४, पृ. ३०) ।

प्रस्तुत कथांशमा आएको पात्रका दृष्टिकोण समाख्याताको विचारका रूपमा अभिव्यक्त भएको देखिन्छ । यहाँ पात्रको क्रियाशीलतामा समाख्याता सँगसँगै सङ्केन्द्रक भएर आएको देखिन्छ ।

कथाभित्र समाख्याता कतै प्रथम पुरुष म पात्रका रूपमा भोक्ता भएर आएको छ भने कतै तृतीय पुरुष (युवक, मीना) का रूपमा द्रष्टा भएर बाह्य सङ्केन्द्रकका रूपमा आएको देखिन्छ ।

कथाभित्र कथाका सबै आयमहरू (भूतकालिक क्रिया=थियो,थाम्यो,भन्यो । भविष्यत् कालिक क्रिया=भइदिनेछे । वर्तमानकालिक क्रिया=छैन,गर्छु,चाहान्नँ,लाग्दैन,हो) को प्रयोग भएको देखिन्छ । यहाँ समाख्याताले आफ्नो अतीतलाई सङ्केन्द्रित गरेको देखिन्छ भने नायक र समाख्याताको बाह्य प्रस्तुति बाह्य सङ्केन्द्रक भएर आएको देखिन्छ ।

कथामा म पात्र/युवकले मीनालाई पहिलो पटक देख्दैमा सम्मोहित भएको र मीनाप्रति एकोहोरो प्रेम अतीतको विषय बनेर बाह्य सङ्केन्द्रणका रूपमा आएको देखिन्छ । यसका अतिरिक्त कथाको नायक युवक/म पात्रको (यौवन कर्कलाको पानी जस्तै हो) यसकारण प्रेम सत्य हो भन्ने वैचारिक मान्यता पात्रकै मार्फतबाट आएकाले कथामा बाह्य सङ्केन्द्रक भएको देखिन्छ ।

कथामा पात्रको विचार र अनुभूति पात्रकै मार्फतबाट प्रस्तुत हुँने अवस्थालाई बाह्य सङ्केन्द्रण भनिन्छ । सामाजिक विषयमा लेखिएको व्यर्थता (र.का.१९९७) कथामा समाख्याता सङ्केन्द्रक भएर आएको देखिन्छ भने कथाकोसमाख्याता द्रष्टा, भोक्ता, सजहकर्ताका रूपमा बाह्य सङ्केन्द्रक भएर आएको अवस्था तलको साक्ष्यमा देख्न सकिन्छ :

> कप्तान कृष्णबहादुर छोरीलाई कतैबाट आमा नभएकी टुहुरी भन्ने दुःखले छुन नपाओस् भन्ने आफनो विचार सतर्कतामा एक दिन के देख्तछन् भने - यौवनलाई स्वागत गरिसकेकी करुणालाई त्यो अभ्यस्त सतर्कताको हातदेखि पर कतै टाढा अर्काको अज्ञात प्यार स्नेह वा उपेक्षाको हातमा सुम्पिदिनुपर्ने छ (भिक्षु, २०१७, पृ. ४६) ।

प्रस्तुत कथांशमा समाख्याताले कप्तान कृष्णबहादुरका मार्फतबाट कथाको मुख्य पात्र करुणाप्रतिको आफ्नो धारणा राखेको देखिन्छ । यहाँ कृष्णबहादुरले छोरीका मार्फतबाट जीवन र जगत्प्रतिको दृष्टिकोण प्रस्तुत गरेका छन् भने करुणाको विषयलाई सङ्केन्द्रीकृत गरी समाख्यानात्मक घटनालाई बाह्य सङ्केन्द्रणका रूपमा प्रस्तुत गरेको देखिन्छ ।

कथामा समाख्याता र पात्रको बाह्य प्रस्तुति समान अवस्थामा स्वयं सङ्केन्द्रक भएर आएको देखिन्छ ।यहाँ समाख्याता द्रष्टा, भोक्ता र चरित्र अभिनेताका रूपमाआएको छ । यस्तै कथाभित्र

घटितहुने सम्पूर्ण कथात्मक आयमहरूकोप्रयोग यहाँ भएको देखिन्छ ।यसकारण माथिका कथांशहरूमा बाह्य सङ्केन्द्रकको अवस्था घटितभएको छ ।

आख्यानमा सङ्केन्द्रकको विचार, प्रतिक्रिया, ज्ञानका साथसाथै उसको वास्तविक र काल्पनिक दृष्टिकोणसांस्कृतिक र वैचारिक अभिमुखीकरणको विषय प्रस्तुत गरिएको हुन्छ । यसमा समाख्याताका माध्यमबाट आएको विचार, कथात्मकसन्देश आदि विषय सङ्केन्द्रक हुन्छ ।यसर्थ सम्पूर्ण आख्यानमा चरित्र मुख्य विषय बनेर आएको हुन्छ भने उसले गर्ने व्यवहार सङ्केन्द्रक बनेर आख्यानात्मक घटना अघिबढेको हुन्छ ।

## ४.५. निष्कर्ष

शोधकार्यको यो परिच्छेदमा सङ्केन्द्रक (समाख्यातात्मक पाठको अभिकर्ता) र सङ्केन्द्रित ( आख्यानात्मक मुख्य विषय/पात्र) तथा आन्तरिक सङ्केन्द्रक र बाह्य सङ्केन्द्रकका आधारमा भिक्षुका निर्धारित कथाका अंशहरूलाई साक्ष्यका रूपमा उपयोग गरी अध्ययनमार्फत निष्कर्षमा पुगिएको छ ।

सङ्केन्द्रक र सङ्केन्द्रित बिचको आन्तरिक सम्बन्धमा पात्रहरूको कार्यव्यवहार सङ्केन्द्रण भएको पाइन्छ । यस सन्दर्भमा पात्रहरूको विचार, प्रतिक्रिया, वास्तविक र काल्पनिक दृष्टिकोण, साँस्कृतिक र वैचारिक मान्यता, एक पात्रको अभिनयात्मक प्रतिक्रियामा अन्य पात्रहरूको अनुरागको स्थिति आदिआधामा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको अवस्थालाईपहिचान गरिएको छ ।

आन्तरिक सङ्केन्द्रकमा आख्यानकर्ता सङ्केन्द्रक र चरित्र सङ्केन्द्रित भएर आएको हुन्छ । यसमा आख्यानात्मक घटनाभित्र आएका मुख्य पात्रहरू प्रवक्ताका रूपमा सङ्केन्द्रित भएका हुन्छन्भनेसमाख्याता बाह्य सङ्केन्द्रक भएको अवस्थामानायकको वास्तविक विचार, प्रस्तुति, भोक्ता र द्रष्टाका रूपमा आएको समाख्याता र पात्रको सार्वजनिन दृष्टिकोणसङ्केन्द्रण भएको पाइन्छ।

भिक्षुका 'रमा र वन्दना' कथाका समाख्याताले मुख्य पात्रका मार्फतबाट व्यक्त गरेको विचारआन्तरिक सङ्केन्द्रक भएर आएको छ ।यस्तै 'मीना र व्यर्थता' कथाका पात्रहरूको कार्यव्यवहार, प्रस्तुति, दृष्टिकोण जस्ता पक्ष बाह्य सङ्केन्द्रक भएर आएको अवस्थालाई पहिचान गरिएको छ । यसैगरीकतै द्रष्टा र कतै भोक्ता भएर आएको समाख्याताको कार्यव्यवहारलाई सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्धका आधारमा बाह्य सङ्केन्द्रकका रूपमा यहाँ पहिचान गरिएको छ ।

# पाँचौँ परिच्छेद

## सारांश तथा निष्कर्ष

### ५.१. विषयपरिचय

*भवानी भिक्षुका कथामा सङ्केन्द्रण*शीर्षकको प्रस्तुत शोधकार्य पाँच परिच्छेदमा विभाजन गरिएको छ । शोधकार्यको पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा सङ्केन्द्रणका पक्ष र आधार, तेस्रो परिच्छेदमासङ्केन्द्रणका तह र प्रकार, चौथो परिच्छेदमा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध र पाँचौ परिच्छेदमाशोधसार तथा निष्कर्षलाई समावेश गरिएको छ ।

### ५.२. परिच्छेदगत सारांश

प्रस्तुत शोधकार्यलाई व्यवस्थित परूपमा सम्पन्न गर्नका निम्ति पहिलो परिच्छेदमाशोधपरिचयलाई समावेश गरिएको छ । शोधपरिचयअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्व, शोधको सीमाङ्कन, शोधविधि, सामग्री सङ्कलनविधि, सामग्री विश्लेषणविधि र शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । शोधकार्यको शीर्षकलाई विषयपरिचयमा परिभाषित गरी शीर्षक र पूर्वकार्यको अध्ययनका आधारमा शोधसमस्याको निरूपण गरिएको छ र निरूपित समस्याका आधारमा शोध्यविषयको उद्देश्यनिर्माण गरी सीमाङ्कन ढाँचा र विधिको चयन गरिएको छ । पूर्वकार्यको अध्ययनबाट शोध्यसमस्याको महŒवलाई प्रस्तुत गरी सोही आधारमा शोधकार्यको औचित्य पनि स्थापित गरिएको छ ।

शोधकार्यको दोस्रो परिच्छेदमा भिक्षुका कथामा सङ्केन्द्रणको पक्ष र आधारको सैद्धान्तिक पर्याधार प्रस्तुत गरी अध्ययन विश्लेषण गरिएको छ । यसअन्तर्गत पक्ष र आधार सम्बन्धी छुट्टा छुट्टै शीर्षक र उपशीर्षकहरूमा शोध्य विषयलाई विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । पक्षअन्तर्गत मनोवैज्ञानिक पक्ष, वैचरिक पक्ष र अन्तर्दृष्टिमूलक पक्षका आधारमा अध्ययन गरिएको छ भने आधारअन्तर्गत विषयवस्तुको आधार, पात्रको भूमिकाको आधार, पात्रको वैचारिकताको आधार र संज्ञानको आधारमा निर्धारित कथाको अध्ययन गरिएको छ । सङ्केन्द्रणको पक्ष र आधारलाई छुट्टा छुट्टै शीर्षकमा विश्लेषण गरी निष्कर्ष समेत निकाल्ने कार्य यो परिच्छेदमा गरिएको छ ।

शोधप्रबन्धको तेस्रो परिच्छेदमा भिक्षुका कथामा सङ्केन्द्रणको तह र प्रकारको सैद्धान्तिक पर्याधार प्रस्तुत गरी दुबै पक्षको बेग्लाबेग्लै विश्लेषण गरिएको छ । यो परिच्छेदमा मूल शीर्षलाई विभिन्न चार उपशीर्षकहरूमा विभाजन गरिएको छ । यहाँ तहअन्तर्गत बाह्य र आन्तरिक तहका आधारमा अध्ययन गरिएको छ भने प्रकारअन्तर्गत आन्तरिक, बाह्य र शून्य सङ्केन्द्रणका आधारमा निर्धारित कथाहरूको अध्ययन गरी निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

शोधकार्यको चौथो परिच्छेदमा भिक्षुका कथामा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्धमा सैद्धान्तिक पर्याधार प्रस्तुत गरी यी दुई बिचको सम्बन्धलाई विश्लेषणमा प्रस्तुत गरिएको छ । यहाँ मूल शीर्षकलाई विभिन्न पाँच उपशीर्षकमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । यसभित्र सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्ध, आन्तरिक सङ्केन्द्रण, बाह्य सङ्केन्द्रण र शून्य सङ्केन्द्रणका आधारमा निर्धारित कथाहरूको विश्लेषण गरी निष्कर्ष समेत निकालिएको छ ।

शोधप्रबन्धको पाँचौं परिच्छेदमा शोधसार, परिच्छेदगत निष्कर्ष तथा समग्र शोधकार्यको निष्कर्षलाई व्यवस्थित रूपमा समावेश गरिएको छ ।

## ५.३. मुख्यनिष्कर्ष

भवानी भिक्षुका कथामा सङ्केन्द्रण शीर्षकको प्रस्तुत शोधप्रबन्धमा दोस्रो तेस्रो र चौथो परिच्छेदभित्र शोधसमस्यामा उल्लिखित तीन ओटा शोधप्रश्नहरूको विश्लेषण गरिएको छ । उक्त परिच्छेदहरूमा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई यस परिच्छेदभित्र निष्कर्षात्मक रूपमातल क्रमशः प्रस्तुत गरिएको छ :

(क) **भिक्षुका कथामा सङ्केन्द्रणको केकस्ता पक्ष र आधारहरू रहेका छन्** ?भन्ने शोधप्रश्नको अध्ययनमा भिक्षुका कथाहरूलाई सङ्केन्द्रणको पक्ष रआधारमा विभाजन गरी विश्लेषणमार्फत सङ्केन्द्रणको अवस्थापहिचान गर्ने कार्य यो परिच्छेदमा भएको छ ।पक्षअन्तर्गत मनोवैज्ञानिक पक्ष, वैचारिक पक्ष र अन्तर्दृष्टि मूलक पक्षका आधारमा निर्धारित कथाका पात्रहरूको कार्यव्यवहार सङ्केन्द्रण भएकोपाइन्छ । यस्तै आधारअन्तर्गत विषयप्रस्तुतिको आधार, पात्रको भूमिकाको आधार, पात्रको वैचारिकताको आधार र संज्ञानको आधारमा निर्धारित कथाका पात्रहरूले गरेको कार्यव्यवहार सङ्केन्द्रण भएर आएको छ ।

उत्तरात्मक अध्ययनमा सङ्केन्द्रणको पक्ष र आधारको अध्ययन यस परिच्छेदमा गरिएको छ ।मनोवैज्ञानिक पक्षभित्र पात्रको मनोविज्ञानले कथानकमा पारेको प्रभाव, संवेदना, ज्ञान, अनुमान,

धारणा, स्मृति, संज्ञान, आत्मिक विश्वास, आन्तरिक पक्ष,संवेग आदिका आधारमा निर्धारित कथाभित्र सङ्केन्द्रणको अवस्थापहिचान गरिएको छ । यस्तै वैचारिक पक्षभित्र पात्रले प्रवाह गरेको विचार, सक्रियता, सन्देश, धारणा, सर्वमान्य दृष्टिकोण, चेतना, संज्ञान आदि कार्यव्यवहारका आधारमा कथाभित्र आएकोसङ्केन्द्रणको अवस्थालाई निरूपण गरिएको छ ।अन्तर्दृष्टिमूलक पक्षभित्र पात्रको अन्तर्मनको दृष्टिकोण, संज्ञान, भोगाइ, मनोलोकको संवेदना, समय, स्थान, परिस्थिति, पात्रहरूका बिचको सहानुभूति जस्ता पक्षका आधारमा निर्धारित कथाभित्रउत्पन्न भएको सङ्केन्द्रणको अवस्थालाई पहिचान गरिएको छ ।

विषयप्रस्तुतिको आधारभित्र पात्रको भूमिका, वैचारिक पक्ष, संज्ञान, आदिका माध्यमबाट निर्धारित कथाभित्र सङ्केन्द्रणको अवस्था पहिचान गरिएको छ। यसभित्र पात्रले प्रस्तुत गरेको कार्यव्यवहार, भावना, उपस्थिति, चेतना आदिबाट कथाले लिएको विभिन्नमोडका आधारमा कथाभित्र आएको सङ्केन्द्रणको अवस्थापहिचान भएको छ। यस्तैपात्रको भूमिकाको आधारमा पात्र-पात्रका बिचको सम्बन्ध, हेराइ, मान्यता, कथात्मक संरचनामा पात्रले पाएको सहानुभूति, परिवार-समाजप्रतिको उत्तरदायित्व र जीवनभोगाइका आधारमा कथाभित्र निरूपण भएको सङ्केन्द्रणको अवस्थालाई पहिचान गरिएको छ। पात्रको वैचारिकताको आधारभित्र पात्रको बोली, व्यवहार, कार्यशैली, उसको हेराइ, सहायक र केन्द्रीय विषयको प्रस्तुति, संवाद र मानसिक स्थिति आदिका आधारमा कथाभित्र उत्पन्न भएको सङ्केन्द्रणको अवस्थालाई निरूपण गरिएको छ। यस्तै संज्ञानका आधारमा पात्रले गरेको संज्ञान, अनुमान, विश्वास, स्मृति, पात्रहरूका बिचको सह सम्बन्ध, व्यवहार, विचर, संवेग, मनोभाव, उत्प्रेरणा जस्ता विविध पक्षका आधारमा निर्धारित कथाभित्र सङ्केन्द्रणको अवस्थालाई पहिचान गरिएको छ।

**(ख) भिक्षुका कथामा सङ्केन्द्रणको तह र प्रकार केकसरी प्रस्तुत गरिएको छ ?** भन्ने शोधप्रश्नको अध्ययनमा भिक्षुका कथाहरूलाई सङ्केन्द्रणको तह र प्रकारभित्र वर्गीकरण गरी विश्लेषण गरिएको छ । अध्ययनका निम्ति बाह्य र आन्तरिक गरी दुईतह तथा आन्तरिक, बाह्य र शून्य गरी तीन प्रकारका आधारमा निर्धारित कथाहरूको विश्लेषण गरी नतिजामा पुगिएको छ।

उत्तरात्मक अध्ययनमा सङ्केन्द्रणको तह र प्रकारको विश्लेषण यस परिच्छेदमा गरिएको छ। तहहरूको अध्ययन गर्ने क्रममा बाह्य तहअन्तर्गत स्रोता, वक्ता र द्रष्टाको अनुभूति तथा बुझाइका

आधारमा निर्माण भएको कथानक संरचना (फेबुल्ला) का आधारमा सङ्केन्द्रणको अवस्था निरूपण गरिएको छ ।यस्तै आन्तरिक तहभित्र पात्रको भूमिका, पात्र, पाठक र लेखकले गरेको संज्ञान आदिका आधारमा कथाभित्र उत्पन्न भएको सङ्केन्द्रणको अवस्थालाई अध्ययनमार्फत प्रस्तुत गरिएको छ ।

सङ्केन्द्रणका प्रकारहरूको अध्ययनअन्तर्गत आन्तरिक प्रकारभित्र पात्रको धारणा ( दृश्य,श्रवण,गन्ध)आन्तरिक जीवनभोगाइ, पात्रको गुण-दोष आदिका आधारमा निर्धारित कथाभित्र सङ्केन्द्रणको अवस्था पहिचान गरिएको छ । बाह्य प्रकारअन्तर्गत पात्रको बाह्य प्रस्तुति, आख्यानको बाह्य संरचना, पात्रहरूका बिचको आपसी विनिमय र व्यवहार, तटस्थ समाख्याताआदिका आधारमा निर्धारित कथाभित्र सङ्केन्द्रणको अवस्थालाई पहिचान गरिएको छ । यस्तै शून्य सङ्केन्द्रणमा अप्रतिबन्धित सर्वज्ञाता समाख्याताले पात्रहरूका बिच स्थापित गरेको तुल्य तुल्य भूमिकाभित्र अस्थिर समाख्याताको उपस्थितिका आधारमा  कथाभित्रआएको सङ्केन्द्रणको अवस्था पहिचना गरिएको छ ।

**(ग) भिक्षुका कथामा सङ्केन्द्रक र सङ्केन्द्रित बिच केकस्तो सम्बन्ध रहेको छ** ? भन्ने शोधप्रश्नको अध्ययनमा भिक्षुका कथाहरूलाई सङ्केन्द्रक (समाख्यातात्मक पाठको अभिकर्ता) र सङ्केन्द्रित ( आख्यानात्मक मुख्य विषय, पात्र) तथा आन्तरिक सङ्केन्द्रक र बाह्य सङ्केन्द्रकका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

उत्तरात्मक अध्ययनमा सङ्केन्द्रक र सङ्केन्द्रित बिचको आन्तरिक सम्बन्धको अध्ययन यस परिच्छेदमा गरिएको छ । यी दुई बिचको सम्बन्ध, विचार, प्रतिक्रिया, वास्तविक र काल्पनिक दृष्टिकोण, साँस्कृतिक र वैचारिक मान्यता, एक पात्रको अभिनयात्मक प्रतिक्रियामा अन्य पात्रहरूको अनुरागको स्थिति आदिका आधारमा कथाभित्र सङ्केन्द्रणको अवस्था पहिचान गरिएको छ । आन्तरिक सङ्केन्द्रकभित्र आख्यानकर्ता सङ्केन्द्रक र चरित्र सङ्केन्द्रित बिचको स्थिति, आख्यानात्मक घटनामा मुख्य पात्रहरू प्रवक्ता भएरआएको अवस्था आदिका आधारमा निर्धारित कथाका पात्रहरूले गरेको कार्यव्यवहारलाई सङ्केन्द्रणका आधारमा पहिचान गरिएको छ ।

बाह्य सङ्केन्द्रकको अध्ययनमा समाख्याता सङ्केन्द्रक भएको अवस्था, नायकको वास्तविक विचारको प्रस्तुति, भोक्ता र द्रष्टाका रूपमाआएको समाख्याता, पात्रको सार्वजनिन दृष्टिकोण आदिका आधारमा निर्धारित कथाभित्रका पात्रहरूले गरेको कार्यव्यवहार  सङ्केन्द्रण भएको पाइन्छ ।

समाख्यानशा भित्रको सङ्केन्द्रण विश्लेषका निम्ति विविध पक्षहरूलाई आधार बनाएको पाइन्छ । यसका लागि आख्यानात्मक घटनामा पात्रको सक्रियता, उपस्थिति, संज्ञान, आख्यानात्मक

घटनाक्रम, मनोवैज्ञानिक पक्ष, वैचारिक पक्ष, अन्तर्दृष्टिमूलक पक्ष, पात्र सङ्केन्द्रण, समाख्याता सङ्केन्द्रण, आन्तरिक सङ्केन्द्रण, बाह्य सङ्केन्द्रण, शून्य सङ्केन्द्रण, सङ्केन्द्रक र सङ्केन्द्रित बिचको सम्बन्धलाई संज्ञान प्रस्तुति, विचार, दृष्टिकोण आदि विषय क्षेत्रका आधारमा अध्ययन गरिन्छ ।

## सन्दर्भग्रन्थसामग्री


अर्याल, अम्बिका (२०७५क),गीताकेशरीका उपन्यासमा नारीसङ्केन्द्रण, अप्रकाशित अनुसन्धान प्रतिवेदन, शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर ।

....(२०७५ख),नारीस्रष्टाका उपन्यासमा नारीविभेद र अस्तित्वको सचेतना,अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय, त्रि.वि. कीर्तिपुर।

.... (२०७६), शारदा शर्माको ताप उपन्यासमा सङ्केन्द्रीकृत नारीवाद, वाङ्मय, (वर्ष १५, पूर्णाङ्क १५), पृ. १-१७ ।

....(२०७९),सङ्केन्द्रीकरणको सैद्धान्तिक पक्ष र कृतिविश्लेषणका आयामहरू, काठमाडौं : रत्न बृहत् समालोचना, पृ. २२४-२३९ ।

अर्याल, लक्ष्मी (२०७०), भवानी भिक्षुका कथामा नारीपात्र,अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

कँडेल, घनश्याम (२०४९),'गुनकेसरी : नारीचरित्रका विविध पक्षको अभिव्यक्ति' उन्नयन(अङ्क १०, साउन-असौज) पृ. २८२-२८६) ।

कोइराला, श्रीकृष्णप्रसाद (२०७३),भवानी भिक्षुका कथामा सीमान्तीयता (सवार्ल्टन),अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपालीकेन्द्रीय विभाग, त्रि.वि.,कीर्तिपुर ।

गौतम, देवीप्रसाद (२०७१),आख्यानमा समाख्याता,वाङ्मय, (वर्ष १५, अङ्क १५) पृ.१-१७ ।

घर्ती, दुर्गाबहादुर (२०६७),भवानी भिक्षुको टाइपिष्ट कथामा मनोविश्लेषण, समकालीन साहित्य, (वर्ष २, अङ्क ६०) पृ. ११९-१२८ ।

ज्ञवाली, ध्रुवराज (२०५४),गुनकेसरी कथासङ्ग्रहभित्रका कथाको अध्ययन विश्लेषण र मूल्याङ्कन,अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

त्रिपाठी, सुधा, (२०४९),कथाकार भवानी भिक्षु र उनका नारी पात्र,उन्नयन, भिक्षु विशेषाङ्क, (अङ्क १०,साउन-असोज) पृ. १३८-१५० ।

पोखरेल, गुरुप्रसाद (२०७५),भवानी भिक्षुका कथाको संरचनात्मक विश्लेषण,अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चूडामणि(२०५२),अनुसन्धान तथा प्रतिवेदन लेखन,काठमाडौँः रत्नपुस्तक भण्डार ।

भट्टराई, पवित्रा (२०६९),भवानी भिक्षुको मैयाँसाहेब कथासङ्ग्रहमा नारीपात्र,अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, गोपालप्रसाद (२०५१),भवानी भिक्षुका कथामा मनोविज्ञान,अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि. वि., कीर्तिपुर।

भिक्षु, भवानी (२०१७क),गुनकेसरी, ललितपुर : साझा प्रकाशन।

....(२०१७ख),मैयाँसाहेब, ललितपुर : साझा प्रकाशन ।

....(२०२४),आवर्त, ललितपुर : साझा प्रकाशन।

....(२०३४),अवान्तर, ललितपुर : साझा प्रकाशन ।

महर्जन, सानुमाया (२०६८), मैयाँसाहेब कथासङ्ग्रहमा पात्रविधान,अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर ।

सुवेदी, कोभा (२०६९),गुनकेसरी कथासङ्ग्रहको पात्रविधान,अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग,त्रि.वि.कीर्तिपुर ।

Bal, Mieke(1985). Narratology Introduction of the Theory of narrative. London: university of Toronto Press.

Genette, Gerard(1983). Narrative Discourse. Trans. Jane E. Lewin. Oxford : Blackwell.

Kenan,Rimmon, Shlomith(1971).Narrative Fiction: Contemporary Poetics, London: Methuen.